



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



**नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।**

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



आइतबार, भदौ २५, २०७४ | Sunday, September 10, 2017 | www.newsofnepal.com | नेसं ११३७ ञला गा: ४ | वर्ष २३, अंक २४३ | पृष्ठ १२ | मूल्य रू. १०/-








## फनपार्कमा मिलेमतो

# राज्य बेखबर

**सुरेश तामाङ, काठमाडौं**

समाज कल्याण परिषद्को नाममा रहेको भृकुटीमण्डपको जग्गा तथा घरटहरा काठमाडौं फन पार्कलाई कौडीको भाउमा भाडामा दिएको वर्षौं बित्दासमेत सम्बन्धित निकाय तैं चुप मै चुपको अवस्थामा रहेका छन्।

फन पार्कलाई कौडीको मोलमा जग्गा तथा घरटहरा भाडामा दिएको १४ वर्ष बित्दासमेत सदस्य सचिव, परिषद्का बोर्डसम्मका पदाधिकारीहरू तैं चुप मै चुप गरी बसिरहेका छन्।

राज्य मन्त्रीसमेत भइसकेका कांग्रेसका सांसद टेकबहादुर गुरुङका परिवारका सदस्यहरू पाल्देन गुरुङ र रवीन्द्र गुरुङलाई पालैपालो १४ वर्षदेखि परिषद्का बोर्ड र कार्य समितिका सदस्यसँगको मिलेमतोमा विधि र प्रक्रियामा नगई सो जग्गा कौडीको मोलमा भाडामा दिएर परिषद्लाई करोडौं रुपियाँ नोक्सान हुँदा सबै मौन बसेका छन्।

फन पार्कले भृकुटीमण्डपको ६४ रोपनी जग्गा २०५७ मा मासिक ४ लाख ७५ हजार रुपियाँ बुझाउने सर्तमा चार वर्षका लागि सम्झौता गरेको थियो। त्यसपछि फन पार्कले २०६१ मा ५ वर्षका लागि मासिक २ लाख २ हजार ४ सय रुपियाँमा र २०६९ मा १५ वर्षसम्मका लागि मासिक ५ लाख ५५ हजार रुपियाँमा सम्झौता गरेको थियो।

२०५७ पछि ५ वर्षका लागि जग्गा भाडामा दिँदा २ लाख ७२ हजार ६ सय रुपियाँ कम दाममा जग्गा भाडामा दिइयो। भने तेस्रो पटक सम्झौता गर्दा १५ वर्षका लागि ३ लाख ५२ हजार ६ सय रुपियाँ बढाएर ५ लाख ५५ हजार रुपियाँ गरिएको थियो।

जबकि भृकुटीमण्डप सञ्चालन कार्यालयलाई ३ रोपनीमा फैलिएको तरकारी बजारले मासिक ९ लाख ९० हजार रुपियाँ बुझाउँछ भने ३० रोपनी क्षेत्रफलमा फैलिएको निम्न व्यापार संघद्वारा सञ्चालित खुला बजारलेसमेत मासिक ७ लाख रुपियाँ भाडा बुझाउने गरेको छ।

कौडीको भाउमा सो जग्गा वर्षौंदेखि भाडामा दिइरहँदासमेत परिषद्का बोर्ड र कार्य समितिले कुनै चासो नदेखाएको भन्दै परिषद्कै उच्च कर्मचारीहरूले तीव्र आलोचना गरेका छन्।

फनपार्कसँगको सम्झौतामा समयानुकूल भाडा दर कायम नभएको भन्दै यस विषयमा के गर्ने भनेर बोर्ड बैठकमा व्यापक छलफल भएको परिषद् बोर्डका उपाध्यक्ष नीलमणि बरालले *नेपाल समाचारपत्र*लाई बताउनुभयो।

फन पार्कलाई जग्गा भाडामा दिएर परिषद्लाई वर्षौंदेखि नोक्सान पुगेको कारण बोर्डले सम्झौता रद्द गर्न भन्दा पनि समायानुकूल भाडादर कायम गरेर यसैलाई कायम गर्ने परिषद् बोर्डका उपाध्यक्ष बरालले बताउनुभयो।

'त्यो बेला प्रक्रिया पुर्‍याएर निर्णय गर्नुपर्थ्यो। अब बिनाकारण त्यो सम्झौता उल्टाउने अधिकार हामीसँग छैन।'

(क्रमश: पृष्ठ ९ मा)

## भारतीय सेनाध्यक्ष नेपाल आउँदै



काठमाडौं। भारतीय स्थल सेनाध्यक्ष विपीन रावत नेपालको औपचारिक भ्रमणका लागि नेपाल आउने भएका छन्।

यही भदौ ३० गते भारतीय स्थल सेनाध्यक्ष रावत नेपाल आउन लाग्नुभएको हो। नेपाल र भारतीय सेनाको संयुक्त सैनिक अभ्यास भइरहेको र सोही संयुक्त सैन्य अभ्यासको समापनमा उहाँ प्रमुख अतिथिका रुपमा भाग लिन नेपाल आउन लाग्नुभएको हो।

रुपन्देहीको सालझण्डीमा सञ्चालित उक्त सैन्य अभ्यासमा भारतीय सेनाका ३ सय अधिकृत तथा जवान र नेपाली सेनाका ३ सय अधिकृत तथा जवानले संयुक्त रुपमा सैन्य अभ्यास गरिरहेका छन्।

भदौ ३१ गते सालझण्डीमा हुने समापन समहारोमा भारतीय सेनाध्यक्षले सहभागिता जनाउने हुनुभएको सैनिक मुख्यालयले जनाएको छ।

नेपाल भ्रमणका क्रममा उहाँले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा, रक्षा मन्त्री भीमसेनदास प्रधान, प्रधानसेनापति राजेन्द्र क्षत्री र उच्च सैन्य अधिकारीसँग भेट गर्ने कार्यक्रम रहेको बताइएको छ।

सालझण्डीमा सञ्चालन भइरहेको एक्स सूर्य किरण भीआईआई नेपाल भारतीय सेनाको १०औं संस्करण हो। अब हुने नेपाल-भारत संयुक्त सैन्य अभ्यास भारतको उत्तराञ्चलमा रहेको पिथौरागढमा सञ्चालन हुने भएको छ।

## छुट्टाछुट्टै दुर्घटनामा १० को मृत्यु



काठमाडौं, (नेस)

शनिबार भएका छुट्टाछुट्टै दुर्घटनामा परी ९ जनाको मृत्यु भएको छ भने ३ दर्जनभन्दा बढी घाइते भएका छन्।

पूर्वी चितवनको राप्ती नगरपालिका-१, पिप्लेमा दुई बस एक आपसमा ठक्कर खाँदा ३ जनाको मृत्यु भएको छ। उक्त दुर्घटनामा २४ जना घाइते भएका छन्।

नारायणगढबाट वीरगन्जतर्फ जाँदै गरेको ना५ख ८७०६ नम्बरको बस र विपरीत दिशाबाट आइरहेको ना६ख ९१२५ नम्बरको बस एक आपसमा ठोक्किएको हो। दुर्घटनामा मृत्यु भएकाहरूको सनाखत हुन सकेको छैन।

मृत्यु हुनेमा दुई पुरुष र एक महिला रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय, चितवनका प्रमुख सन्तोष पन्तले जानकारी दिनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

## फोहोर आजबाट उठ्ने

काठमाडौं, (नेस)। काठमाडौं उपत्यकामा थुप्रिएर रहेको फोहोर आजबाट उठ्ने भएको छ। उपत्यकाको फोहोर फालिँदै आएको ओखरपौवाका बासिन्दाले अवरोध गरेका कारण गत सातादेखि उपत्यकाको फोहोर उठ्न नसकेको हो। शनिबार काठमाडौं महानगरपालिका र स्थानीय बासिन्दाबीच नयाँ समझदारी भएपछि फोहोर उठ्ने भएको महानगरपालिकले जनकारी दिएको छ।

ओखरपौवाका बासिन्दाले प्रभावित क्षेत्रका आवासलाई दिँदै आएको मुआब्जाको दूरी सीमा घटाएको विरोधमा उनीहरूले फोहोर फाल्न अवरोध सृजना गरेका थिए। महानगरपालिकाले आवास प्रभावितलाई प्रतिस्क्वायर मिटर वार्षिक ५० रुपियाँ दिँदै आएकामा नयाँ आर्थिक वर्षदेखि उक्त रकम घटाएको कारण स्थानीयले विरोधस्वरुप फोहोर फाल्न अवरोध गरेको जनाइएको छ।




## कर्मचारी व्यवस्थापन गर्न सक्दैनौं : महानगरपालिका

**ईश्वरराज ढकाल, काठमाडौं**

उपत्यकाका दुई महानगर र एक नगरपालिकाले तत्काल कर्मचारी व्यवस्थापन गर्न नसक्ने भन्दै मन्त्रालयलाई पत्र पठाएका छ। काठमाडौं र ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिकाले यही अवस्थामा कार्यालय कोठा, फर्निचर, सवारीसाधन, उपकरण र कार्यालय व्यवस्थापन गर्ने स्रोतसाधन नभएको कारण स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्न नसकिने जनाउँदै मन्त्रालयमा पत्र पठाएका छन्।

काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृतले आफ्नो मातहतमा काठमाडौंका जिल्ला शिक्षा कार्यालय आइसकेको अवस्थामा कामपामा खटिई आएका शिक्षाका उपसचिव जिशिकामै बसेर कार्यालय सञ्चालन गर्नुपर्ने आशयको पत्र मन्त्रालयमा पठाएका थिए।

काठमाडौं जिल्ला शिक्षा कार्यालय १० वटा स्थानीय निकायभित्र परेको छ। मन्त्रालयले करिब एक महिनाअघि स्थानीय तहमा खटाएका कर्मचारीलाई हालसम्म काम दिन सकेको छैन। 'न त कार्यालय छ, न काम गर्ने वातावरण नै।' -जिल्ला शिक्षा कार्यालय, काठमाडौंका शिक्षा हेर्ने उपसचिव प्रल्हाद अर्यालले बताउनुभयो।

पटकपटक मेयर र उपमेयरसँग कुराकानी गर्दा पनि समस्या समाधान हुन नसकेको उहाँको गुनासो थियो। 'हामीले कति पटक व्यवस्थापन गर्न अनुरोध गर्‍यौं तर हालसम्म कार्यान्वयन हुनसकेको छैन। काठमाडौं महानगरपालिकाले शिक्षाका उपसचिवसँग कुनै काम लिन सकेको छैन। 'बस्ने ठाउँ त छैन कामको के कुरा?' -अर्यालले व्यङ्ग्य गर्दै भन्नुभयो। उहाँले दुई निकायबीच समन्वय हुन नसक्दा समस्या बढेको बताउनुभयो।

ललितपुर महानगरका शिक्षाका उपसचिव हरि अर्यालले ललितपुर महानगरपालिकाले समस्या देखाउँदै व्यवस्थापन नगरेको गुनासो गर्नुभयो। उहाँले शिक्षाको मात्रै नभई अन्य स्थानीय तहमा समायोजन हुन आएका कार्यालयको पनि समस्या त्यतिकै रहेको बताउँदै व्यवस्थापन गर्न केही दिन लाग्न सक्ने जानकारी दिनुभयो।

ललितपुर महानगरपालिकाका कार्यकारी अधिकृत हरिप्रसाद दाहालले धेरै निकाय स्थानीय तहमा आएको कारण समस्या परेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'केही समयका लागि समस्या भएको छ, विस्तारै समाधान हुन्छ।'

सो महानगरपालिकाले जिल्ला शिक्षा कार्यालयमा बसेर काम गर्न उपसचिवलाई आग्रह गरेको थियो। उपसचिवले भने जिल्ला शिक्षा कार्यालयमा बसेर काम गर्नुभन्दा फिर्ता पठाइदिन आग्रह दिएपछि कार्यकारी अधिकृतले महानगर परिसरमै व्यवस्थापन गर्न लागेका छन्।

मन्त्रालयले कर्मचारी खटाउँदा पनि व्यवस्थापन गर्न नसक्नु स्थानीय निकायको गल्ती भएको बताउँदै शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले केही स्थानीय तहले कार्यालय अभावका कारण कर्मचारी व्यवस्थापन गर्न नसक्ने जानकारीसहितको पत्र पठाएको बताउनुभयो। उहाँले भन्नुभयो- 'कर्मचारीलाई कसरी व्यवस्थापन गर्ने उहाँहरूको जिम्मेवारी हो, यदि राख्न सकिँदैन भने मन्त्रालयमै पठाइदिनुस्, हामी व्यवस्थापन गर्छौं।'

उता भक्तपुर नगरपालिकाले कुनै पनि औपचारिक निर्णय भइनसकेको कारण मन्त्रालयबाट पठाएको कर्मचारी व्यवस्थापन गर्न नसक्ने पत्र पठाएको छ।

(क्रमश: पृष्ठ ९ मा)

# महानगर



त्यसभित्र कुनै नियत राखेर विकास निर्माणको काम हुन नदिने, आफ्नो निश्चित स्वार्थ पूरा गर्न केही झुन्डहरु लाग्ने, गुन्डागर्दी गर्ने, काम गर्ने निकायलाई काम गर्न नदिने यस्ता प्रकारका कुनै व्यक्ति वा समूह सक्रिय छ भन्ने जानकारी वा सूचना आयो भने गृह मन्त्रालय कुनै पनि बेला केही समयमा नै नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाउँछ।

# 'प्रहरीलाई प्रत्येक घरमा पुऱ्याउँछौं'



श्यामकुमार श्रेष्ठ
मन्त्री, गृहराज्य

आगामी असोज २ गते प्रदेश नम्बर २ मा स्थानीय तहको निर्वाचन हुँदै छ। राजनीतिक दलहरु उम्मेदवारी दर्ता गराएर निर्वाचनको अभियानमा जुटेका छन्। स्थानीय तहको निर्वाचनमा जनताको निकै ठूलो उत्साह देखिएको छ। संविधानप्रति असन्तुष्टि जनाउँदै यसअघि ६ वटा प्रदेशमा सम्पन्न भएको निर्वाचनमा भाग नलिएको राष्ट्रिय जनता पार्टीले पनि प्रदेश नम्बर २ मा स्थानीय तहको निर्वाचनमा भाग लिएको छ। आगामी माघ ७ गतेभित्र तीनवटै तहको निर्वाचन सम्पन्न गराइसक्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार सरकारले निर्वाचनको मिति पनि घोषणा गरिसकेको छ। सरकारले मंसिर १० र २१ गतेको लागि प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन गर्ने मिति घोषणा गरेर तयारीमा जुटेको छ। संविधान जारी भएसँगै भएको राज्यको पुनर्संरचनाअनुसार सरकारले प्रहरी प्रशासनलाई पनि संघीय ढाँचामा लैजाने गृहकार्य अगाडि बढाएको छ। परिवर्तित सन्दर्भमा प्रहरीको भूमिका, नागरिक र प्रहरीबीचको सम्बन्ध कस्तो बनाउने ? विपद् व्यवस्थापन विधेयक, प्रदेश नम्बर २ मा असोज २ गते हुने स्थानीय तहको निर्वाचनमा शान्ति सुरक्षाको अवस्थालगायतको विषयमा गृहराज्यमन्त्री श्यामकुमार श्रेष्ठसँग नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी**ले गरेको कुराकानी :-

**असोज २ गते प्रदेश नम्बर २ मा हुने स्थानीय तहको निर्वाचनका लागि शान्ति सुरक्षाको तयारी कस्तो छ ?**

असोज २ गतेको स्थानीय तहको निर्वाचन सम्पन्न गराउने सरकारको दायित्वभित्र छ। संवैधानिक व्यवस्थाअनुसार निर्वाचन सम्पन्न गराउनका लागि सरकार लागेको छ। प्रदेश नम्बर २ मा हुने स्थानीय तहको निर्वाचनमा मनोनय दर्ताको महोल हेर्दा जनतामा एउटा पर्वका रूपमा निर्वाचनलाई लिएको देखिन्छ। जनताले निर्वाचनलाई निकै चासो र उत्साहका साथ लिएका छन्। यो निर्वाचनलाई मानिसहरूले बीस वर्ष भन्छन्। त्यो होइन। यो निर्वाचन इतिहासमा नै पहिलोपटक भएको छ। राजनीतिक परिवर्तनसँगै संविधानसभाबाट जारी भएको संविधानअनुसार गरिएको राज्यको पुनर्संरचनाले नै निकै ठूलो परिवर्तन ल्याएको छ। असोज २ गते आवश्यकता पर्ने सबै तयारी गृह मन्त्रालयले गरिसकेको छ। भयरहित वातावरणमा, निर्भिकतापूर्वक, स्वच्छ र लोकतान्त्रिक प्रतिस्पर्धात्मक ढंगबाट निर्वाचन सम्पन्न गराउँछौं। स्थानीय तहको निर्वाचन जनताको व्यापक सहभागितामा पूर्ण रूपमा सम्पन्न हुन्छ। सुरक्षालाई प्रभावकारी बनाउन आवश्यक निर्देशन पनि दिइएको छ।

**प्रदेश नम्बर २ लाई सुरक्षाको दृष्टिकोणले संवेदशील रूपमा हेरिँदै आएको छ नि ?**

यसबारेमा गृह मन्त्रालयले सघन छलफल गरेको छ। विभिन्न चरणमा गोष्ठी गरेका छौं। सुरक्षाको अवस्थाको बारेमा सूचना लिएर सुरक्षा व्यवस्थालाई व्यवस्थित बनाइसकिएको छ। सर्वपक्षीय रूपमा अन्तरक्रिया गरेर सल्लाह सुझाव लिने काम पनि भएको छ। क्रियाशील राजनीतिक दलहरूसँग पनि परामर्श भएको छ। दुई नम्बर प्रदेशमा हुने निर्वाचनमा सुरक्षाका बारेमा कुनै पनि आशंका नगर्न आग्रह गर्दछु। हो नेपाल-भारतसँगको बीचमा खुला सिमाना छ। त्यो भएको हुनाले अलि समस्या हुन्छ कि भन्ने विषयलाई बढी शंकाको दृष्टिकोणले हेरिँदै आएको छ। म प्रस्ट पार्न चाहन्छु, नेपालमा २ नम्बर प्रदेशमा स्थानीय तहअन्तर्गतको निर्वाचन हो। संविधानसभाबाट संविधान जारी भएपछि सिमाना खुला भएको होइन। नेपाल-भारतको बीचमा युगौंदेखि नै खुला सिमाना छ। प्रकृति र स्वरूपमा भिन्न भए पनि निर्वाचन विगतमा पनि भएकै हो। स्थानीय तहको निर्वाचनमा कुनै पनि शंका पाल्न जरुरी छैन। खुला सीमालाई कसरी सिल गरिएको छ भन्ने आन्तरिक विषय हामीले मिलाएका छौं। कुनै पनि अप्रिय घटना, कुनै पनि अराजक गतिविधि हुन नदिनेबारेमा गृह मन्त्रालयले सबै व्यवस्था गरिसकेको छ। निर्वाचनलाई बिथोल्ने त्यस्ता तत्त्वलाई नियन्त्रण गर्ने, निगरानी गर्ने कार्य हाम्रो योजना छ। हामीले केही दिनअघि मात्र जनकपुरमा सुरक्षा गोष्ठी सम्पन्न गरेका छौं।

**भनेपछि निर्वाचनमा जनताले ढुक्क भएर मतदात गर्ने वातावरण बनेको छ ?**

प्रदेश नम्बर २ का जनताले निर्धक्क भएर मतदात गर्न पाउने व्यवस्था सरकारले गरेको छ। कुनै पनि शंका गर्नुपर्ने काम छैन। आफ्नो मतको प्रयोग गर्ने वातावरण निर्माण गरेका छौं। सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन गृह मन्त्रालयले कुनै पनि कसरत बाँकी राखेको छैन।

**स्थानीय तहको निर्वाचनलगत्तै सरकारले प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनको मिति पनि घोषणा गरिसकेको छ त्यसको तयारी कुन रूपमा अगाडि बढेको छ ?**

स्थानीय तहको निर्वाचन भनेको प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनसँग अभिन्न रूपमा गाँसिएको छ। प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन तोकिएकै मितिमा सम्पन्न गर्नका लागि सरकार प्रतिबद्ध छ। सरकारको तर्फबाट मंसिर १० र २१ गतेको निर्वाचनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

**अझै निर्वाचनको मिति सर्ने हो कि भन्ने आशंका छ नि ?**

अब निर्वाचनको मिति कुनै पनि बहानामा सर्दैन। कुनै पनि शंका नगर्न आग्रह गर्दछु। किनकि निर्वाचनको कार्यक्रम बनिसक्यो। संवैधानिक व्यवस्थाअनुसार सरकार अहिलेको परिवर्तनलाई संस्थागत गर्ने उद्देश्यका साथ अगाडि बढेको छ। आगामी माघ ७ गतेभित्र तीन तहकै निर्वाचन सम्पन्न गर्नुपर्ने बाध्यकारी संवैधानिक व्यवस्था छ।

**नेपाललाई केन्द्र बनाएर अवैध कारोबार बढ्यो भन्ने कुरा आइरहेको छ। केही दिनअघि मात्र राजधानीमा ८८ किलो सुन प्रहरीले पक्राउ गऱ्यो, तस्करीको घटना नियन्त्रण गर्न गृह मन्त्रालयले के काम गरिरहेको छ ?**

बदलिएको परिस्थितिमा बदलिएको राज्य सत्ता संस्थागत गर्ने चरणमा हामी छौं। नेपालाई सुशासनसहितको गृह प्रशासन जनताको घरघरमा पुऱ्याउने उद्देश्यले हामी अगाडि बढिरहेका छौं। गलत नियतले नेपालमा अवैधानिक रूपमा तस्करी गरेर यहाँबाट धेरै ठूलो फाइदा लिन सकिन्छ भन्ने कसैले सोचेका छन भने त्यो गलत बुझाइ हो। कसैलाई पनि नेपालभित्र गलत काम गर्ने छुट छैन। नेपाललाई हामीले समृद्धशाली र सुन्दर नेपाल, शान्त नेपाल, आधुनिक नेपाल र नागरिकलाई सुरक्षाको प्रत्याभुत हुने नेपाल बनाउन लागिपरेका छौं। तस्कर र गुण्डागर्दीबाट मुक्त नेपाल बनाउने अभियानमा छौं।

- कसैलाई पनि नेपालभित्र गलत काम गर्ने छुट छैन
- विपद् व्यवस्थापन ऐनले ठूलो सहयोग पुऱ्याउँछ
- समाजमा गतल काम गर्नेहरुलाई एक्सन लिन्छौं
- जनतालाई सहज रूपमा सेवासुविधा प्रदान गर्न गृह मन्त्रालयको भूमिका हुनेछ
- सामाजिक सञ्जालमा देखिएको विकृति नियन्त्रण गर्न मन्त्रालय प्रतिबद्ध छ

केही व्यक्तिले निहित स्वार्थ बोकेर केही गर्न सोच्छ भने त्यो पूर्ण रूपमा असफल हुन्छ।

**ठूलाठूला तस्करीमा सेटिङ हुन्छ भन्ने कुरा बारम्बार आइरहन्छ नि ?**

अहिलेको सन्दर्भमा कहीँ कतै कसैले महत्त्वाकांक्षाप्रति प्रेरित भएर गलत बाटो अपनाउँछ भने कानुनी कठघरामा सरकारले ल्याउँछ। कानुन र नियमसंगत ढंगले कारबाहीको दायरामा ल्याइन्छ। कसैलाई छुट हुने छैन।

**निकै महत्त्वपूर्ण मानिएको विपद् व्यवस्थापन विधेयक कहाँ पुग्यो ?**

विपद् व्यवस्थापन विधेयक पारित गराउने काममा हामी जुटेका छौं। कानुन मन्त्रालयबाट सहमति भएर आएको छ। विधेयकलाई छिटोभन्दा छिटो संसद्मा पेस गरेर अब ऐनका रूपमा आउँदै छ। विपद् व्यवस्थापन ऐन किन चाहियो ? नेपाल भनेको हिमाल, पहाड र तराई भौगोलिक विशिष्टतासहितको देश हो। प्राकृतिक र गैरप्राकृतिक प्रकोप जुनसकै भए पनि त्यस प्रकोपलाई सामना गर्ने कानुनको अभाव थियो। त्यो कानुनी अभाव रिक्तताका कारण प्राकृतिक प्रकोपपछि विपद्मा परेका नागरिकहरूले छिटोभन्दा छिटो उद्धार, राहत, पुनर्निर्माण र नवनिर्माण गर्नतिर युद्धस्तरमा जान सक्ने स्थिति थिएन। अब विपद् व्यवस्थापन विधेयक ऐनका रूपमा पारित गरेपछि अन्योलता रहँदैन। कानुनको अभावमा विपद्मा परेका नागरिकहरूले जुन खालको सास्ती झेल्नुपरेको छ। त्यो सास्ती बेहोर्नुपर्दैन। विपद्पछिको उद्धार राहत र पुन:स्थापनको काम गर्न विपद् व्यवस्थापन ऐनले ठूलो सहयोग पुऱ्याउँछ।

**गृह मन्त्रालयले जनताले प्रत्यक्ष रूपमा महसुस गर्ने गरी कस्तो कार्यक्रम अगाडि सारेको छ ?**

नागरिकको समस्याप्रति गृह मन्त्रालय गम्भीर छ। कुनै पनि ठाउँमा घटना घट्यो भने त्यसबारेमा मन्त्रालयले हटलाइन नम्बर पनि सञ्चालन गरेको छ। कसैले मौखिक निवेदनका आधारमा पनि आवश्यक प्रक्रिया अगाडि बढाइन्छ। सुशासनसहितको स्थानीय प्रशासनलाई आत्मसात् गरिएको छ। आधुनिक नेपाललाई नयाँ गोरेटोमा लैजाने प्रहरी हो। समाजमा गतल काम गर्नेहरूलाई एक्सन लिन्छौं। समाजमा गलत काम गर्नेको बारेमा यथेष्ठ प्रमाणसहित आएको अवस्थामा त्यस्ता कुराहरूमा गृह प्रशासनले लिनुपर्ने निर्णय लिन्छ। मन्त्रालयले प्रहरी प्रशासन सुधारको मार्गचित्र पनि प्रस्तुत गरेको छ। सुशासनसहितको आधुनिक नेपालको प्रहरी प्रशासन अभियान अगाडि बढाउने तयारीमा मन्त्रालय लागेको छ। कुनै घटना घट्नु अघि पनि पूर्वसूचनाले दुर्घटना हुनबाट जोगाउँछ। प्रहरीसँग जनता भन्ने अभियान चलाइँदै छ। केही दिनभित्र नै यो अभियानको शुरुआत हुन्छ। प्रहरीलाई प्रत्येक घरघरमा पुऱ्याउँछौं। प्रत्येक नागरिकलाई अप्ठ्यारो पर्दा हटलाइनको नम्बर दिने गरी यो अभियान सञ्चालन हुन्छ। सुरक्षा जनताको मौलिक अधिकार हो। सुरक्षित नेपाल र सुरक्षित नेपालीको भन्ने अभियान अगाडि बढाएका छौं।

**मन्त्रालयले गृह प्रशासन सुधारका लागि कार्यक्रम पनि ल्याएको छ। संविधानअनुसार प्रहरी संगठनलाई पनि संघीयतामा लैजाने काम के भइरहेको छ ?**

गृह प्रशासनलाई २१औं शताब्दीको गृह प्रशासन, आधुनिक गृह प्रशासन, सुशासनसहितको गृह प्रशासन, परिवर्तिन संरचनाअनुसार संघीय ढाँचाको गृह प्रशासन, संघीय ढाँचाको नीतिगत र संरचनागतसहितको गृह प्रशासन, संगठनात्मक रूपमा पनि पुनर्संरचनासहितको गृह प्रशासन, कानुनी रूपमा पनि संघीय प्रहरी ऐन, स्थानीय प्रशासन ऐनलगायतका ऐन तर्जुमा हुँदै छन्। अहिले मस्यौदाको क्रममा छ। हामीले ड्राफ्ट गरिरहेका छौं। छिटोभन्दा छिटो पास गर्नतिर लिएर जान्छौं। गृह प्रशासन भनेको यस्तो प्रशासन हो। जहाँ हरेक जनतासँग जोडिन्छ। प्रहरीलाई जनतासँग अन्योन्याश्रित रूपमा जोड्नुपर्छ भन्ने पक्षमा हामी गएका छौं। गृह प्रशासन सुधार मार्गचित्रको ८४ बुँदाको मूल स्प्रिट सुशासनसहितको गृह प्रशासन हो। दैनिक प्रशासन सञ्चालनका क्रममा जनताका समस्यालाई निराकरण गर्ने छिटोभन्दा छिटो प्रशासन क्षेत्रको सेवा सुविधा सहज रूपमा जनतालाई प्रदान गर्न गृह मन्त्रालयको भूमिका हुनेछ।

**सुशासनसहितको गृह प्रशासन भन्नुभयो। तर कतिपय परिस्थितिमा प्रहरीले समयमा नै मुद्दा दर्ता नगर्दा अपराधी उम्किने गरेका छन् नि ? त्यस्ता प्रहरीलाई के कारबाही हुन्छ ?**

कुनै पनि अपराधीलाई उन्मुक्ति दिने कार्यशैली कुनै पनि तहको भएको कुरा यथार्यमा आयो भने त्यस प्रकारका तहका कसैलाई पनि छुट हुने छैन। गृह प्रशासनलाई सुधार गर्नका लागि टोलटोलमा जनताको घरदैलोमा प्रहरीलाई पुऱ्याउने योजनाअन्तर्गत काम भइरहेको छ। त्यसअनुसार योजना बनाउँदै छौं। सामुदायिक प्रहरी एकाइका रूपमा पनि अगाडि बढाउने योजना बनाएका छौं। जनतामा जनचेतनाको जागरण ल्याउने, सुरक्षाको अनुभूति दिलाउने प्रहरी भनेपछि जनताको सेवक हो भन्ने कार्ययोजना अगाडि बढाएका छौं। जनताको घरदैलोमा मात्र होइन मनमस्तिष्कमा पनि पुऱ्याउने छौं।

**सरकारी निकायले गर्ने ठेक्कापट्टामा गुन्डागर्दी प्रवृत्ति बढ्दै जाँदा विकास निर्माणको काममा नै प्रभाव पाऱ्यो भन्ने गरिन्छ नि ?**

ठेक्कापट्टाको बारेमा सरकारको आफ्नै खालको कानुनी व्यवस्था छ। त्यही कानुनी व्यवस्था टेन्डर भएर अगाडि बढछ्। त्यसभित्र कुनै नियत राखेर विकास निर्माणको काम हुन नदिने, आफ्नो निश्चित स्वार्थ पूरा गर्न केही झुन्ड लाग्ने, गुन्डागर्दी गर्ने, काम गर्ने निकायलई काम गर्न नदिने यस्ता प्रकारका कुनै व्यक्ति वा समूह सक्रिय छ भन्ने जानकारी वा सूचना आयो भने गृह मन्त्रालय कुनै पनि बेला केही समयमा नै नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाउँछ। नीतिगत व्यवस्थालाई कहीं कतैबाट कुनै पनि नागरिकले राज्यलाई चुनौती दिन्छ भने त्यो सह्य हुँदैन।

**तपाईं मन्त्री भएलगत्तै अवैध गाडी चढेको भनेर समाचार आयो, वास्तविकता के हो ?**

मन्त्रीलाई गाडीको व्यवस्थापन गर्ने काम भनेको मन्त्रालयको हो। समाचारमा जे प्रकाशित भएको यो दु:खद कुरा हो। यसमा कुनै पनि सत्यता थिएन। मलाई गृह मन्त्रालयले उपलब्ध गराएको गाडी चढिरहेको छु। मलाई जोडेर जुन गाडीको फोटो सञ्चारमाध्यममा आयो त्यो कपोलकल्पित भ्रामक, तथ्यहीन, नियतवश बदनाम गराउने प्रायोजित रूपमा प्रकाशित गरिएको हो। यस प्रकारको गलत समाचार सम्प्रेण हुन राम्रो कुरा होइन। नागरिकहरूको सूचनाको हकलाई ख्याल गर्नुपर्छ। कुनै पनि समाचार प्रकाशन वा प्रसारण गर्नुपूर्व व्यक्ति वा संस्थालाई अनुमतिविना त्यसरी समाचार प्रकाशित गर्ने कानुनी व्यवस्था छैन। अबदेखि सत्यतथ्य बुझेर मात्र समाचार प्रकाशन गर्न आग्रह गर्दछु। मसँग जोडिएर आएको अवैध भनिएको गाडी मैले आजसम्म देखेको छैन।

**सामाजिक सञ्जालले पछिल्लो समयमा निकै ठूलो विकृति ल्याएको छ। यसलाई नियन्त्रण गर्न गृह मन्त्रालयले के काम गर्छ ?**

सामाजिक सञ्जाल, ट्वीटर, फेसबुक, युट्युब विभिन्न खालका एप्सहरू इलेक्टोनिक अनलाइनहरू छन्। त्यसलाई सकारात्मक सोचका साथ प्रस्तुत गर्दा ज्ञानको आयतन बढ्ने हो। नकारात्मक सोच राखेर सम्प्रेण गर्दा समाजमा सामाजिक जीवनलाई नै अस्तव्यस्त बनाउँछ। साइबर क्राइमका रूपमा हुने घटना निरुत्साहित र नियन्त्रण गर्नका लागि आवश्यक पहल गृह मन्त्रालयले लिएको छ। कार्ययोजना पनि बनाएका छौं। कुनै पनि नागरिकले विभिन्न चरित्र हत्या गरिरहेको कुरा आएको छ। त्यसको कारण घरपरिवार भाँडिएको छ। यो कुरालाई रोक्नका लागि सामाजिक सञ्जालमा जुन खालको विकृति आएको छ त्यसलाई रोकन सरकार प्रतिबद्ध भएर लाग्नेछ। अहिलेको सामाजिक सञ्जालमा देखिएको विकृति नियन्त्रण गर्न प्रभावकारी काम हुने विश्वास दिलाउन चाहन्छु।

**महिला तथा बालबालिप्रति हुने हिंसाको घटना न्यूनीकरण गर्नका लागि मन्त्रालयले के योजना बनाएको छ ?**

महिला हिंसाको कुरा, लागूऔषधको कुरा, बालबालिको कुरा, वृद्धवृद्धाको कुरा सामाजिक न्यायसँग जोडिएको विषय हो। महिला हिंसा, बालबालिकामाथि हुने बालशोषणको घटना, अवैध धन्दा सञ्चालन गर्ने सबैलाई कानुनी दायरामा ल्याइन्छ। यसलाई न्यूनीकरण गर्न गृह मन्त्रालय कडा कारबाही अगाडि बढाउँछ। कुनै पनि हिंसा सह्य हुन सक्दैन।

**अन्त्यमा नागरिकहरूलाई के भन्न चाहनुहुन्छ ?**

गृह मन्त्रालयको काम नागरिकको जीउ-धनको रक्षा गर्ने, समाजमा शान्ति सुव्यवस्था अमनचयन कायम गराउने मन्त्रालय हो। शान्ति सुरक्षा अमनचयनका साथै हामीलाई अहिले सुशासन पनि चाहिएको छ। सुशासन त्यति बेला मात्र हुनेछ। जति खेर आम नागरिकहरू सुशासनको बारेमा सबैले बुझ्ने बुझाउने सहयोग गर्ने र सुसूचित गर्ने काम हुन्छ। कुनै व्यक्ति वा संस्थाको भूमिकाले मात्र सम्भव छैन। आम नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउन सचेत बनाउने सुशासनसहितको प्रशासन हो। यही सुशासनसहितको प्रशासन बनाउने कार्यमा भूमिका खेल्न सबैलाई अपिल पनि गर्छु।

# नानीको जूनकिरी रुप

रंगकर्मी नानी थापा फेरि एकल नाटकसहित मञ्चमा देखिएकी छिन्। उनी आफ्नै लेखन र निर्देशनमा एकल अभिनय गर्दै *जूनकिरी* नामक नाटकमा देखिएकी हुन्।

हेटौंडास्थित मानव सेवा आश्रमको सहयोगार्थ नानीको एकल लेखन, निर्देशन र अभिनयमा *जूनकिरी* नामक नाटक बिहीबार हेटौंडाको ओम्याक्स सिनेमा हलमा पुनः मञ्चन गरिएको हो। गत वर्ष भाद्र ११ गते मञ्चन गरिएको नाटक हेटौंडाको मानव सेवा आश्रमको आह्वान र संयोजनमा पुनः मञ्चन गरिएको लेखक निर्देशक तथा प्रस्तुतकर्ता थापाले बताइन्। नानीका अनुसार उनले यो नाटक आफ्ना रंगकर्म गुरु अशेष मल्लप्रति दक्षिणास्वरूप अगाडि ल्याएको पनि खुलाइन्।



१३ वर्षको उमेरदेखि नै नाटक खेल्न शुरु गरेकी नानीको पहिलो एकल नाटक *पुतली* थियो। *विद्रोह, बेचिएकी चेली* र *अ ब्युटिफुल वुमन*पछि *जूनकिरी* उनको पाँचौ *नाटक* हो भने छैटौं एकल नाटकको रूपमा *जिन्दगी जिन्दावाद* लिएर आउने थपाले बताइन्। अशक्त, अनाथ, अपाङ, असाहय एंव मनोरोगी भई सडकका पेटी एंव सार्वजनिक स्थलहरूमा कष्टकर जीवनयापन गर्न विवश विभिन्न उमेर समूहका सहयोगापेक्षी मानवहरूको उद्धार, औषधोपचार, पारिवारिक पुर्नमिलनको सेवामा जुट्दै आइरहेकी उनले मानवसेवा आश्रमको सेवा कार्यमा टेवा पुयाऱ्उने उद्देश्यले यो नाटक मञ्चन गरिएको बताइन्। नाटक कमल कोइरालाले संयोजन गरेका छन् भने लाइटमा सुमित डंगोल, ध्वनिमा पवन जन्वालले साथ दिएका छन्। 'जूनकिरी त्यो नाटक हो, जसलाई हरेक तप्का र तहका हरेकवर्गले एकपटक हेर्नै पर्दछ' -उनले भनिन्।

नाटक हेर्न हेटौंडाका उच्च अधिकारीहरुको साथमा समाजसेवी, विद्यार्थी, महिला र सर्वसाधारण गरी करिब ६ सय दर्शक सहभागी भएको नानीले बताइन्। सामाजिक यथार्थपरक नाटक *जूनकिरी*मा यसको पात्र स्वयम् जूनकिरी र आकाशकी जून, जो दुबै सूर्यको उज्यालोमा भन्दा पनि अन्धकार रातमा बढी चम्किन्छन्। अस्तित्व प्राप्त गर्दछन्। उनीहरुबीचको यहीं समानता र केही भिन्नतालाई बिम्बका रूपमा प्रस्तुत गर्दै एउटी सामान्य गाउँकी युवती कसरी व्यवसायिक हाइ प्रोफाइल कल गर्ल हुन पुग्छे भन्ने कथा नाटकले बोलेको छ। एक दशक जीवनकालको यात्रामा उसंग जोडिएका र छुट्टिएका केही पात्रहरुको कथा पनि संगसंगै बुन्दै लैजान्छे जूनकिरीले। एक आँटिली र बिद्रोही स्वभावकी जूनकिरीले नाटकभित्र महिला सशक्तिकरणको एउटा दरिलो संदेश बोकेर समाज, कानुन, राज्य व्यवस्था र विश्व समुदायलाई नै कडा व्यंग्य गर्छे। ऊ नाटकबाट चुनौती दिन पनि पछि हटेकी छैन भने कथाभित्र आमाबाबा र आफूले प्रेम गरेको युवकका लागि अत्यन्तै उदार प्रेम र समर्पणको भाव नाटकभित्र छताछुल्ल पोख्ने कोसिस पनि गर्छे।





साहित्यमा रुचि भएकी जूनकिरीले नाटकभित्र गीत, नृत्य, कबितालगायत हास्य, करुणा, शृङ्गार, वीर, रौद्र, विभत्स, भयानकलगायत लगभग अभिनयका नौवटै रसबाट पात्रको मनावैज्ञानिक विचलनलाई प्रस्तुत गर्छे। जूनकिरीले समाजमा भइरहेका, दैनिक जीवनमा देखिइरहेका, सुनिरहेका, भोगिरहेका र अनुभवलाई ती घटनाका पात्रहरुको प्रतिनिधि भएर जीवन्त रुपमा मञ्चन गर्ने भरपुर प्रयत्न गर्दछे।

'आधुनिक युवापुस्ताहरुको सोच र अनेकन भ्रमहरुलाई चिर्दै किशोर अवस्थामा देखिन सक्ने विभिन्न समस्यालाई उनीहरु स्वयं, परिवार र समाजले सही ढङ्गले समाधान र सम्बोधन गर्नुपर्नेलगायत सामाजिक विभेद तथा बेथितिको बिरुद्धमा जूनकिरीले ज्योति छर्दै नाटक मञ्चन गरिएको हो' -नानीले भनिन्।

आर्थिक सहयोग जुटाउने सामाजिक सोचले हेटौंडामा पुनः मञ्चन गरिएको नाटक सिन्धुपाल्चोकको माझी बस्ती पुनर्निर्माणको सहयोगार्थ भोलि सोमबारदेखि असोज ५ गतेसम्म राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा हरेक दिन दुई सो मञ्चन गरिने नानीले बताइन्।

## कंगनाको अर्को खुलासा
# ऋतिकसँग बिहेको कुरा भएको थियो

चर्चामा आउनका लागि सधैं केही न केही बाहना रच्ने बलिउड नायिका कंगना रनावत एकपटक फेरि यस्तै हरकत गरेर चर्चामा आएकी छिन्।

भाइभतिजावादको मुद्दामा करण जोहरको *कफी विद करण* नामक टिभी सोमा पहिलोपटक बोलेर बलिउडमा नातावादको मुद्दा उठाउने उनी त्यसपश्चात् लगातार चर्चामा रहँदै आएकी छिन्। उनले उठाएको मुद्दाप्रति विभिन्न कलाकरले आ-आफ्नो धारणा प्रस्तुत गरेपछि त उनको चर्चा बलिउडमा झनै चुलिएको छ।

एक बलिउड अनलाइनले जनाएअनुसार निजी टिभीसँगको अर्न्तवार्तामा बलिउड अभिनेता ऋतिक रोशनका साथ आफ्नो सम्बन्ध रहेको बताएर उनी फेरि चर्चामा आएकी छन्। उनले अर्न्तवार्तामा भनेकी छिन् 'म ऋतिकसँग विहे गर्न चाहन्थे र हामीबीच विवाहको कुरा पनि भएको थियो।'

समाचारमा जनाइएअनुसार कगंनाले दावी गरेकी छिन् कि ऋतिकले आफ्नी पन्तीसँग सम्बन्धविच्छेद गरेपछि उनीसँग विहे गर्ने बाचा गरेका थिए। तर पछि चिन्न पनि छोडीदिए।

कंगना र ऋतिकबीचको विवाद नयाँ भने होइन। फिल्म *काइट्स* र *कृष ३* मा सँगै काम गरसिकेका उनीहरुले एक अर्कालाई कानुनी नोटिस पनि पठाइसकेका छन्। ऋतिकले भने कंगनासंगको प्रेम सम्बन्धलाई नकार्दै आएका छन्। यस विवादमा ऋतिकका पिता राकेश रोशन पनि अगाडि आएका थिए। उनले भनेका थिए- 'यदि ऋतिकले साँचो कुरा बतायो भने दुनियाँ अचम्ममा पर्नेछ।'



# पूर्वाञ्चलका सुन्दरी रक्तदाता खोज्दै सडकमा

शनिबार बिहानैदेखि धरानको भानुचौकस्थित घन्टाघर गेटबाहिर हरियो टिसर्ट लगाएका युवतीहरु बाटोमा हिंडिरहेका मानिसलाई भेटी रक्तदान गर्नका लागि अनुरोध गर्दै थिए।

धरानमा आयोजना भइरहेको *मिस पूर्वाञ्चल* २०१७ का सहभागी युवतीहरु शनिबारको रक्तदान कार्यक्रममा सहभागी हुँदै रक्तदान गर्न अनुरोध गर्दै थिए। आठ वर्षदेखि आयोजना हुँदै आइरहेको *मिस पूर्वाञ्चलले* शुरुआतदेखि नै रक्तदान कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। रक्तदान जीवनदान भन्ने मन्त्रलाई जनचेतना जगाउने अभिप्रायले मिस पूर्वाञ्चलको कार्यक्रममा समावेश गर्दै आएको आयोजक सिल्भर इन्टरटेनमेन्टका प्रबन्ध निर्देशक सौरभ श्रेष्ठले बताए। कार्यकर्ममा एनआईसी एसिया बैंकका कर्मचारीले पनि रक्तदान गरेका थिए।

रक्तदाता खोज्नमा सक्रिय देखिने *मिस पूवाञ्चल* कि एक प्रतियोगी एजिना सिटौला यस्तो सामाजिक कार्यमा खटिन पाउँदा औधी खुसी लागेको बताइन्। २ घन्टा चलेको रक्तदान मा १६ पिन्ट रगत संकलन गरिएको थियो भने सोही समय अकस्मात बीपीके आईएचएसमा चाहिएको बी पोजिटिभ रगतका रक्तदाता तथा सिजी ग्रुपका सेल्स मेनेजर खेम कुइंकेलबाट २ पिन्ट रगत संकलन गरी पठाइएको थियो।





# विचार

मूर्खलाई ज्ञान दिन खोज्ने ऊ स्वयम् मूर्ख हो। किनभने मूर्खले आफ्नो अहंकारको कारणले आफूलाई ज्ञानी नै ठानिरहन्छ।

– तिरुवल्लुवर

मानिसको गौरव कहिल्यै नलड्नुमा होइन, जति पटक लडे पनि उठ्नुमा हुन्छ।

– लियो टाल्सटाय

## सम्पादकीय

नेपाल समाचारपत्र

## फोहोर व्यवस्थापनमा दीर्घकालीन पहल जरुरी

केही सातायता काठमाडौं उपत्यकाका व्यस्त चोक, सडक र गल्लीमा जथाभावी फालिएको फोहोरमैलाले उपत्यका प्रदूषित र दुर्गन्धित बनेको छ। बढ्दो ट्राफिक जामले अस्तव्यस्त बनेका सडक आसपासमा फोहोर थुप्रिन थालेपछि सडकको आवागमनसमेत प्रभावित बन्न थालेको छ। निकै चहल–पहल हुने सुकिला र व्यस्त बजारसमेत फोहोर मैलाले दुर्गन्धित बनेका छन्। काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन हुँदै आएको नुवाकोटको सिसडोल ल्यान्डफिल साइट आसपासका स्थानीयले विभिन्न माग राखेर फोहोर ओसार्न अवरोध गरेपछि उपत्यकामा फोहोर थुप्रिएको हो। भक्तपुरबाहेक काठमाडौं र ललितपुरका १८ वटा स्थानीय निकायको दैनिक करिब ८ सय टन फोहोर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ।

सिसडोलबासीले विभिन्न माग अघि सार्दै फोहोर व्यवस्थापन कार्यमा अवरोध पुर्‍याएपछि अहिले समस्या थपिएको हो। स्थानीयले लामो समयदेखि रोकिएको जग्गाको मुअब्जा वितरण गर्नुपर्ने, ल्यान्डफिल साइटमा पुर्‍याइएको पुर्नुपर्ने, फोहोरबाट निस्किएको तरल पदार्थ ‘लिचेड’लाई व्यवस्थित गर्नुपर्ने माग अघि सारेका छन्। त्यसै गरी ल्यान्डफिल साइटका लागि उपयोग हुने जग्गाको क्षेत्र ९ सय मिटरसम्म अधिग्रहण गर्नुपर्ने, रोग संक्रमण फैलन नदिन आसपासका क्षेत्रमा औषधि छर्किनुपर्ने, स्वास्थ्य सेवा र सडकको स्तरोन्नति, प्रभावित स्थानीयलाई घरभाडा दिनुपर्नेलगायतका माग अघि सारेपछि फोहोर व्यवस्थापनमा समस्या आएको हो। ल्यान्डफिल साइट सञ्चालनमा आउनुअघि भएका सम्झौता कार्यान्वयन नभएकाले अहिले बाध्य भएर फोहोर व्यवस्थापनमा अवरोध गर्नुपरेको स्थानीय बासिन्दाको तर्क छ।

सो क्षेत्रमा २०६२ देखि फोहोर व्यवस्थापन हुँदै आएको छ। ३ वर्षे सम्झौताका साथ त्यहाँ फोहोर व्यवस्थापन शुरु गरिएको थियो। तर पटक–पटक सम्झौता अवधि बढाउँदै त्यही फोहोर ओसार्ने गरिएकाले स्थानीय बासिन्दासँग भएका सम्झौता कार्यान्वयन नभएको बताइन्छ। सोही कारणले पटक–पटक काठमाडौंमा फोहोर मैलाको समस्या दोहोरिने गरेको छ। पछिल्लो पटक त्यहाँ फोहोर व्यवस्थापन कार्य जटिल बन्दै गएपछि काठमाडौं र ललितपुर महानगरपालिकाका उपमेयरद्वय हरिप्रभा खड्की र गीता सत्यालसहित केही वडाका प्रतिनिधि र नगरका कर्मचारीको टोली शुक्रबार साँझ सिसडोल पुगेको थियो। निकै लामो छलफलपछि स्थानीय बासिन्दाले अघि सारेका माग क्रमशः सुधार्न दुवै महानगरका पदाधिकारी र स्थानीय शनिबार बिहान सहमत भएपछि अवरुद्ध बनेको फोहोर व्यवस्थापन कार्य सुचारु भएको छ।

तर यो पहल पक्कै पनि स्थायी समाधान भने होइन। त्यसो त उपत्यकाको फोहोर व्यवस्थापनका लागि २०६६ सालमा सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडल अघि सारियो। तर सो विषय अझै टुङ्गोमा पुग्न सकेको छैन। यससँगै फोहोरबाट ‘मोहोर’ बनाउने विविध अवधारणासहित फोहोरबाट इन्धन निकाल्ने चर्चासमेत अघि सारियो। यस्ता अवधारणा कार्यान्वयन भए पनि फोहोर व्यवस्थापनमा दीर्घकालीन समाधान हुनेमा आशंका छ। सिसडोलको विकल्पका रुपमा नुवाकोटकै बञ्चरेडाँडामा अर्को ल्यान्डफिल साइट प्रस्ताव गरिएको छ। तर ल्यान्डफिल साइटको पूर्वाधार कार्य अघि नबढाइँदा राजधानीको फोहोर व्यवस्थापन अझै वर्षौंसम्म जटिल बन्ने निश्चित छ। ल्यान्डफिल साइट निर्माणका लागि त्यहाँ जग्गासमेत छुट्याइएको भए पनि सरकारले सो विषयलाई प्राथमिकतामा नराखेको सरोकारवालाहरु बताउँछन्। बञ्चरेडाँडामा कम्तीमा ३० वर्ष फोहोर व्यवस्थापन गर्न सकिने विज्ञहरुको तर्क छ। तर यो परियोजनालाई सरकारले प्राथमिकतामा नराखेसम्म कार्यान्वयन नहुने निश्चित छ। त्यसैले फोहोर व्यवस्थापनमा राज्यले दीर्घकालीन समाधानको पहल अघि बढाउनै पर्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# चुनावका चरण र देशको भविष्य



दामोदर पौडेल

संविधान संशोधन नगरी चुनाव नै हुनु हुँदैन र संविधान संशोधन आवश्यक छैन भन्दाभन्दै दुई चरणका चुनाव भए। तेस्रो चरणमा चुनावमा भाग नलिने भनिरहेका दलहरु पनि समाहित भएकोले चुनाव अझै समावेशी र सजिलो भएको छ। संविधान संशोधन असफल भयो तर संशोधनको पक्षमा ६० प्रतिशतभन्दा बढी मत देखियो। यसले सबै विवादहरुलाई पुनःमत र निर्वाचनको माध्यमबाटै समाधान गर्न सकिन्छ र हामी पनि त्यसको लागि सबै तयार छौं भन्ने देखिएको हो। अब चुनावको विरुद्धमा क्रियाकलाप हुने सम्भावना अत्यन्त न्यून भएको छ। चुनावमा जित्नको लागि विवाद हुने तथा बुथ कब्जाका प्रयासहरु हुन सक्नेतर्फ भने सरकार र निर्वाचन आयोग अहिले पनि सजग हुनुपर्ने हुन्छ। चुनावमा हुने झगडाले जनताका छोराछोरी मारिने अवस्थाबाट मुक्ति पाउनुपर्दछ। यसको लागि जनता र सरकारको भूमिका महत्वपूर्ण रहनेछ।

चुनावको परिणामले आफैं कुनै प्रत्यक्ष फाइदा देखिएको छ वा देखिन्छ भन्ने हुँदैन। केवल अनुहारहरु जनतालाई मूर्ख बनाउने बाटो मात्र भएको थियो भन्ने विगतले देखाएको हो। यसै सन्दर्भमा लोकतन्त्रमा हुने चुनाव भनेको लोकतन्त्रको विरुद्धमा जनमत छैन भन्ने विश्वासको द्योतक पनि हो। जनतामा कुनै पटक गल्ती भए पनि अर्को पटक राम्रोसँग मतको सदुपयोग गर्ने अधिकार आफूलाई भएको अनुभूति गर्न सक्ने माध्यम पनि हो। जनताले चुनावमा एकलाई भन्दा अर्कोलाई बढी मत दिँदा अर्थात् जिताउँदा जित्नेले गल्ती गरेमा गल्ती भएछ अर्को पटक त हरेक किसिमले इमानदार रहेको उम्मेदवारलाई मत दिनुपर्दछ भन्ने भावना लिन सकेमा पनि लोकतन्त्रको सफलतामा कोसेढुंगा हुनेछ।

तर केही गलत अभ्यास पनि भएका छन्। एमालेका नेता तथा कार्यकर्ता मधेसका कतिपय स्थानमा चुनावको प्रचारमा जाँदा अभद्र व्यवहार भएको छ। एमालेलाई मधसविरोधीको आरोप लगाइँदै त्यस्ता व्यवहार भएका छन्। यसले लोकतन्त्रको दुरुपयोगलाई संकेत गर्दछ। एमालेले मधेसको विरुद्धमा काम गरेको भए त्यहाँका जनताले मतको माध्यमबाटै निर्णय गर्नेछन्। बरु जनतामा गएर एमालेले मधेस र जनताको विरुद्धमा काम गरेकोले मत नदिनु भन्न सकिन्थ्यो। तर जनतालाई भएको मतको अधिकारलाई अग्रिम रुपमा नै कुण्ठित गर्ने कार्य हुनु हुँदैन। यसमा सबैपक्ष सचेत र सजग हुनुपर्दछ। सरकार र निर्वाचन आयोगले उचित समयमा उचित निर्णय लिनै पर्दछ। यो अवस्था जारी रहेमा यसको दोष गल्ती गर्ने दलका नेता, कार्यकर्ता, सरकार र निर्वाचन आयोग सबैलाई जानेछ। सबै दलहरुले स्वतन्त्र रुपमा जनतामा जाने वातावरण नभए चुनावको औचित्य हुँदैन।

लोकतन्त्र नै यस्तो व्यवस्था हो, जुनमा जनतालाई बोलीले सजग गर्न सकिन्छ र जनताले मतले देशलाई समृद्ध बनाउन अग्रगामी निकासको ढोका खोल्न सक्छन्। यस अवस्थामा कुनै पनि विचारको असहिष्णुता पनि मतकै माध्यमबाट प्रकट गर्न सकिन्छ तथा जनतालाई सचेत पार्न सकिन्छ। तर अरु विषयमा पनि जनता सचेत रहनै पर्ने अवस्था आएको छ। लोकतन्त्रको नाममा लोकतन्त्रलाई तानाशाही व्यवस्थामा जस्तो भद्दा बनाइँदै छ। देशमा ७५ वटा जिल्लालाई बढाएर ७७ बनाइँदै छ। यसको न कुनै तुक छ, न तर्क छ। रुकुम र नवलवपरासी जिल्लालाई नै हटाएर पूर्वी नवलपरासीलाई चितवन जिल्लामा र पश्चिमी नवलपरासीलाई पश्चिमतर्फको जिल्लामा मिसाइदिएको भए हुन्थ्यो र रुकुममा पनि त्यसै गर्न सकिन्थ्यो। त्यस्तै देशका केही जिल्लाहरु नै घटाउन सकिने थियो। नेपाल जत्रै तर करिब २० करोड जनसंख्या भएको बंगलादेशमा जम्मा ६५ जिल्ला छन्। जति कम जिल्ला बनायो त्यति नै प्रशासनिक खर्च कम हुन्छ र त्यो पैसा विकासमा लगाउन सकिन्छ।

त्यस्तै केन्द्रीय चुनावमा एक जिल्ला एक चुनाव क्षेत्र बनाइनु केही तर्कसंगत हुन सक्ला तर प्रान्तीय चुनावमा समेत केन्द्रीयको एक चुनाव क्षेत्रलाई दोब्बर बनाउने व्यवस्था भएको जानकारी आएको छ। जबकि यो काम औचित्यहीन हुनेछ। कतिपय चुनाव क्षेत्रबाट हजारभन्दा कम मत ल्याउने उम्मेदवारले पनि चुनाव जित्ने र त्यसै क्षेत्रमा अर्को निर्वाचन क्षेत्रबाट २० हजार मत ल्याउनुपर्ने अवस्था आउन सक्छ। प्रान्तीय चुनावमा पनि एक जिल्लामा कम्तिमा एक चुनाव क्षेत्रको मान्यता लागु गर्नुपर्ने थियो। यसले जनसंख्याको अनुपात केही मिल्थ्यो।

हाम्रो रोजाइ लोकतन्त्र र बहुलवादलाई बलियो बनाउने, समानता र विकासलाई व्यवस्थित गर्ने हो भने चुनावलाई पनि त्यही रुपमा हेर्नुपर्ने हुन्छ। जनताले जुनै विचारलाई पनि शान्तिपूर्ण रुपमा सुन्ने र पारख गर्ने तथा वैचारिक रुपमा नै समर्थन वा प्रतिकार गर्ने भावना लिन सक्नुपर्दछ र अवसर पाउनुपर्दछ। यो भएन भने सारमा लोकतन्त्रको मात्रा कम हुन जान्छ।

तत्काल विरोध नहोस् भन्नको लागि जुनसुकै निर्णय पनि गर्ने र जनतालाई दीर्घकालीन फाइदा हुने कामै नगर्ने हो भने जनताले लोकतन्त्रलाई राम्रो मान्दैनन्। यद्यपि लोकतन्त्रलाई राम्रो बनाउनु जनताको पनि कर्तव्य हो। किनभने लोकतन्त्र भनेकै जनताको जित हुने व्यवस्था हो। एउटा पश्चिमी देश जसले हामीलाई ऋण र सहयोग दिन्छ, त्यसका प्रधानमन्त्रीको निवास जम्मा एक फ्ल्याट र त्यो पनि तलामाथि छ भन्ने सञ्चारमाध्यममा आयो। तर हाम्रा प्रधानमन्त्री होइन, एउटा संस्थाका हाकिमहरुको बस्ने क्वाटर त्यहाँका प्रधानमन्त्रीको भन्दा राम्रो छ। यसैबाट हामीले प्रजातन्त्र जनताको लागि होइन, हुनेखाने र ठूलाको लागि बनाएका छौं भन्ने देखिन्छ। यो पनि ध्यान दिनुपर्ने विषय हो।

दलभन्दा माथि नउठ्ने हो भने लोकतन्त्रलाई सुन्दर बनाउन सकिंदैन। मैले बारम्बार लेखेकै छु कि अमेरिकामा राष्ट्रपति निक्सनलाई महाभियोग लगाउने वाटरगेटकान्डको पटाक्षेप उनैका दलका कार्यकर्ताले गरेका थिए। हामी पनि आफ्ना दलका नेताका कमजोरी र गल्तीलाई निर्ममताका साथ बाहिर ल्याउँ। हामी त यो दलका नेताहरु राम्रा भनेर यो दलमा लागेका हौं। गलतलाई पनि ढाकछोप गर्ने होइन भन्ने सन्देश दिऊँ, त्यति बेला यो देश सुध्रन थाल्नेछ। तर हामी आफ्नो दलका सबै नेताका गल्ती छोप्ने गर्दछौं। के हामी अमेरिकीहरुभन्दा पनि चलाख हौं कि जनता र देशका बारेमा नसोच्ने ब्रेन वास भएका जत्था हौं ?

स्थानीय निकाय सकेसम्म जनतालाई पायक पर्ने तथ्यलाई ध्यान दिंदै कम बनाएर प्रशासनिक खर्च कम गर्न आवश्यक थियो। त्यो केही हदसम्म पूरा भएको छ। जिल्लामा र केही स्थानीय निकायमा त्यो हुन सकेन। अब पनि विकास र निर्माण कार्यमा विकेन्द्रित रुपमा एकरुपता ल्याउन आवश्यक छ। जनतालाई कागजी अधिकार होइन, व्यवहारमा नै प्रशासनिक खर्च कम गरेर बजेटलाई विकासमा लगाउनुपर्दछ।

विकासको पूर्वाधार, विकास, जनता र देशमा आर्थिक आत्मनिर्भरताले मात्र हामीलाई आर्थिक रुपमा सबल बनाउँछ। तर हाम्रो कुरा अग्रगामी र काम जनविरोधी हुनुभएन। वास्तवमा हामीलाई अहिले जनताको विकास र प्रगतिसँग भन्दा मतसंग मात्र सरोकार छ जस्तो देखिएको छ। देश र जनताभन्दा भोटको लागि जात, धर्म, भाषा आदिका कुरा महत्वूर्ण भइदिएका छन्। जनताको हितको लागि त्यो भएको भए पनि हुने थियो, तर फगत मतको लागि भएको छ। समानता, विकास, समावेशिता र समानुपापतिक प्रतिनिधित्व सबैको साझा एजेन्डा बनाउने र अरु विषयमा मात्र बहस हुनु समाजका आवश्यकता हुन्। नेपालजस्तो बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देशमा मिलेर रहेको विविधतापूर्ण समाजका सदस्यमा जातीय र भाषिक आधारमा विभिन्नता मात्र खोजिनुभन्दा समानता र समान आवश्यकता पनि खोज्नुपर्ने हो। देशले चाहेको अबको दिशा भनेको शान्तिपूर्ण रुपमा विवादको समाधान र जनताको सुख-शान्ति तथा प्रगति हो। यी विषयमा ध्यान दिएर चुनावलाई मात्र होइन, संविधानलाई पनि यी केवल राम्रो गर्ने माध्यम हुन् र गर्ने हामीले नै हो भन्ने भावना लिएर अगाडि बढौं। त्यसबाट नै हाम्रो भविष्य सुनिश्चित हुन्छ।

नेपालको संविधानको धारा १७ ले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता र राजनीतिक दल खोल्ने स्वतन्त्रता दिएको छ। त्यस्तै बिनाहातहतियार शान्तिपूर्ण रुपमा भेला हुने अधिकार पनि संविधानको सोही धाराले प्रत्याभूति गरेको छ। यी अधिकारहरुलाई सम्मान गर्ने र पालन गर्ने तथा गराउने हामी सबै नेपालीको अधिकार र कर्तव्य पनि हो। यो दायित्व सरकार र जनता दुवैको हो। अन्यथा लोकतन्त्रको वास्तविक अनुभूति हुन सक्दैन। त्यसैले चुनावमा शान्तिपूर्ण अभिव्यक्ति, प्रचारप्रसारलाई रोक्नु र अशान्तिको सृजना गर्नु लोकतान्त्रिक संविधानको मर्म विपरीत हुनेछ।

> “देशले चाहेको अबको दिशा भनेको शान्तिपूर्णरुपमा विवादको समाधान र जनताको सुख-शान्ति तथा प्रगति हो। यी विषयमा ध्यान दिएर चुनावलाई मात्र होइन, संविधानलाई पनि यी केवल राम्रो गर्ने माध्यम हुन् र गर्ने हामीले नै हो भन्ने भावना लिएर अगाडि बढौं। त्यसबाट नै हाम्रो भविष्य सुनिश्चित हुन्छ।”

## पाठक पत्र

### कामनपाको गाडी लिलाम प्रकरण : खै त कारबाही ?

करोडौं मूल्यका गाडी कवाडीमा बेच्नेलाई कारबाही नहुने हो त ? काठमाडौं महानगरपालिकाले करोडौं मूल्यबराबरको गाडी कवाडीमा लिलामी गर्‍यो। वर्षौंदेखि थन्किएका ५० थान गाडी लिलामी गरिए। यो विषयमा निकै चर्चा पनि भयो। मैले यही विषयमा नेपाल समाचारपत्रमा पाठकपत्र पनि छापें। निकै विरोध पनि भयो।

लिलामीको लागि महानगरले २०७३ माघ १९ गरे सार्वजनिक सूचना प्रकाशित गरेको थियो। महानगरले ४२ लाख ९२ हजार १ सय ६९ रुपियाँ न्यूनतम मूल्य तोकेकोमा राज एन्ड रिवाज सप्लायर्सले ४३ लाख ४३ हजारमा सो सवारी साधनहरु खरिद गरेको खबर बाहिर आयो। महानगरले लिलामी गरेकोमध्ये धेरै गाडीहरु वर्षौंदेखि काम नलाग्ने अवस्थामा खिया लागेर थन्किएका थिए। ती गाडी लिलामी भयो। कमीसनको खेल भयो तर त्यस्ता भ्रष्टलाई कारबाही भएन। लिलामी भएका गाडीहरु २०३८ सालदेखि २०६० सालसम्म दर्ता भएका हुन्। २० वर्ष पुराना र काम नलाग्ने गाडी लिलामी गरेको भने पनि यो लिलामीमा १४ वर्षअगाडि मात्र दर्ता भएका ४ वटा गाडी पनि समावेश भएको देखियो। यसमा ३ वटा ब्याक ह्वइ लोडर, एउटा स्किड र स्टिर लोडर पनि लिलामीमा परेका हुन्।

लिलामीमा बिक्री भएका यी गाडीहरु नामसारी गर्न पाइँदैन। यी गाडीहरु कसैको नाममा नामसारी गर्न नपाइने प्रावधान छ। यी गाडी कवाडीमै जाने हो। १४ वर्षअगाडिका गाडी कमिसनको भरमा लिलामी गरिएको छ। पटक-पटक कुरा उठाउँदा पनि कानमा तेल हालेर बसेको महानगरले यो विषयमा अब सोच्नै पर्छ।

*- रविन श्रेष्ठ, काठमाडौं*

### नाफामा हुँदा त मूल्य घटाउनु नि

बाहिरको अवस्था हेर्दा र अहिलेको बजारभाउ हेर्दा पेट्रोलियम पदार्थको मूल्य घट्नुपर्ने हो। तर सरकारले यो विषयमा केही गरेको छैन। सरकारी स्वामित्वमा सञ्चालित नेपाल आयल निगमले उपभोक्ताबाट महँगो मूल्य असुल गरेर नाफा कमाउँदै आएको छ। अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य घटे पनि निगमले सोहीअनुसार स्थानीय बजारमा मूल्य समायोजन गरेको छैन। अहिले निगमलाई सबै पेट्रोलियम पदार्थमा नाफा छ, तर उपभोक्ता मूल्य घटेको छैन।

निगमले उपभोक्तालाई व्यापक शोषण गरेर बोनस खानका लागि नाफा कमाएको देखिन्छ। निगम नाफामा हुँदा र अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दासमेत यहाँ एकदमै कम घटाएजस्तो मात्रै गर्ने प्रवृत्ति ठीक भएन। यस विषयमा ध्यान दिने की ? तत्काल यो विषयमा सोच्न जरुरी छ। नेपाल सरकारले जनताको पीरमर्का सुन्नुपर्छ।

*- सम्झना केसी, सुर्खेत*

### अनुशासनहीन पैदलयात्रीलाई सजाय होस्

ट्राफिकले जरिवाना गरेबाट हामीमध्ये केही पैदलयात्री अनुशासित भए। तर कोहीचाहिँ जहाँबाट मन लाग्यो त्यहींबाट बाटो काट्ने, नजिकै जेब्राक्रसिङ भए पनि त्यसको वास्ता नगर्ने, ट्राफिक प्रहरी वा अन्य कसैले सम्झाउँदा पनि उल्टै गालीगलौज गरी नटेर्ने, ओभरहेड ब्रिजबाट नहिँडी सवारीसाधनको चाप भएको स्थानबाटै जबरजस्ती सडक पार गर्ने गरेको देखिन्छ।

ट्राफिकले २ सय रुपियाँ जरिवाना लगाएपछि केही पैदलयात्री अनुशासित भएको भने पक्कै हो। यहाँ नजानेर भन्दा पनि जानी-जानी बुझेर बुझ पचाउनेले भने नियम उल्लंघन गरेका छन्। प्रहरीले पनि टार्गेट गरेर पैसा उठाउन नहुने कुरा हो। यसमा प्रहरी सजग हुनु जरुरी छ। फेरि जरिवानाको व्यवस्था गरेर ट्राफिक व्यवस्थापन गर्न सरकारसँग अपिल गर्न चाहन्छु। मनपरी गर्ने अनुशासनहीन पैदलयात्रीलाई अनुशासनपूर्वक सडक पार गर्न सिकाउने एकमात्र विकल्पका रूपमा २ सय रुपियाँ जरिवाना वा ती अटेरी पैदलयात्रीलाई जनचेतना जगाउन र सिकाउन केही समय ट्राफिक प्रहरीको कक्षामा राखी छाड्ने व्यवस्था फेरि गर्न जरुरी छ। प्रहरीले पनि नीतिगत रुपमै कारबाहीको कुरा अगाडि बढाएमा पछि समस्या पर्दैन। यो विषयमा सम्बन्धित निकायको ध्यान जान जरुरी छ।

*- श्रीधर गाउँले, ललितपुर*

### लोकसेवाको विज्ञापन नरोकिनु राम्रो

देशमा बेरोजगारीको समस्या र त्यसमा पनि शैक्षिक बेरोजगारहरुको संख्या बढ्दो अवस्थामा छ। यस्तो स्थितिमा निजामती सेवाप्रति चौतर्फी रुपमा आकर्षण देखिन्छ। लोकसेवा परीक्षाको तयारी गरिरहेका विद्यार्थी लोकसेवाको विज्ञापन नरोकी समाचारले खुसी भएका छन्। नेपालमा भनसुनबिना आफ्नै मिहिनेतको बलमा जागिर खान पाउने एक मात्र माध्यम लोकसेवा आयोगको परीक्षा हो। तर, पछिल्लो समय लोकसेवाले केही वर्ष विज्ञापन नखुलाउने कुरा आइरहँदा कुनै पहुँच र चिनजानका मान्छे नभएका हामीजस्ता युवाले अब आफ्नै देशमा जागिर खान नपाउने होकी भन्ने चिन्ता थियो। त्यो दूर भएको छ।

नेपालबाट बर्सेनि करिब ५ लाख युवा बाहिर श्रम बजारमा प्रवेश गरिरहेका छन्। सरकारले ८३ हजार कर्मचारीलाई समायोजन र व्यवस्थापन गर्न सक्छ भने एक वर्षमा भर्ना हुने लगभग ६ हजार कर्मचारीलाई समायोजन गर्न सकिन्छ। यदि सक्दैन भने अहिले सञ्चालन भइरहेका लोकसेवाका परीक्षाहरु उत्तीर्ण गरेर आउनेलाई कहाँ पठाउने ? यो समस्या हुन सक्छ। १०-१२ वर्षसम्म लगातार लोकसेवा आयोगको परीक्षा दिँदै बसेका साथीहरु धेरै हुनुहुन्छ। लोकसेवा आयोगको परीक्षा दिँदादिँदै ३३-३४ वर्ष पुगेका पुरुषहरु र ३८-३९ वर्ष उमेर पुगेका महिला विद्यार्थी साथीहरु पनि उत्तिकै हुनुहुन्छ। अब १ वर्ष अथवा २ वर्ष लोकसेवाको विज्ञापन भएन भने उनीहरुको भविष्य अन्धकार हुने थियो। यसमा विज्ञापन नरोक्ने समाचारले साह्रै खुसी बनाएको छ। दसौं वर्ष लाखौं पैसा खर्च गरेर परीक्षाको तयारी गर्नेहरुले अब सरकारलाई सत्ते सराप गर्न पर्दैन।

*- विमलराज कार्की, खोटाङ*

## सामाजिक सञ्जाल



नेताहरूलाई पैसा र देश दुवैको उत्तिकै माया लाग्छ। तर पैसा छोडेर देश विकासमा लागुम्, परिवारलाई के जवाफ दिने ? पैसालाई हेरूम्, जनतालाई के जवाफ दिने ?

**Bimal Gharti Magar**
**@KhatiwadaAdon**



भाग्यलाई दोष दिएर पन्छिन खोज्नेहरू एकाएक श्रमदेखि घृणा गर्ने गर्छन्।

**नेपाल टिबिएन**
**@chhetri_tbn**



असली लेखक त्यही हो
जसले शब्दमा जीवन भर्न सक्छ
शब्दलाई माध्यम
बनाइ जसले
पाठकको मनमा राज गर्न सक्छ

**कविता पाठक**
**@pathak_kabita**

सम्पत्ति विवरण सार्वजनिक गर्दै मन्त्री पोखरेलले आफ्नो व्यक्तिगत नाममा कुनै पनि अचल सम्पत्ति नरहेको उल्लेख गर्नुभयो। उहाँले सम्पत्ति भनेकै आम सर्वसाधारण जनता भएको बताउनुभएको छ।

# नयाँ शक्ति र विप्लव समूह माओवादी केन्द्रमा विलय

**नेपाल समाचारपत्र**

भक्तपुर

नेकपा माओवादी (केन्द्र) का केन्द्रीय सदस्य एवं संगठन विभाग इन्चार्ज रामबहादुर थापा (बादल) ले आगामी असोज २ गते हुने प्रदेश नम्बर २ को निर्वाचनमा माओवादी (केन्द्र) पहिलो पार्टी हुने दाबी गर्नुभएको छ।

शनिबार माओवादी केन्द्र भक्तपुरले आयोजना गरेको 'बृहत राजनीतिक वैचारिक ध्रुबिकरण अभियान'मा बोल्दै उहाँले यस्तो बताउनुभएको हो। अझै पनि प्रतिगामी, जमिन्दारी र पूँजीपतिवर्गकै हातमा राज्यसत्ता रहेको भन्दै उहाँले जनताको हातमा राज्यसत्ता अझै नआएको जिकिर गर्नुभयो।

नेपालको नयाँ संविधान अझै अपूरो नै रहेको बताउँदै उहाँले संविधान पनि पूँजीपतिवर्गकै हितमा रहेको उहाँको आरोप थियो। माओवादी क्रान्ति अझै पनि अधूरो रहेको जिकिर गर्दै उहाँले क्रान्तिलाई पूरा गर्न देशव्यापी रूपमा पार्टी एकीकरण अभियान शुरु गरेको बताउनुभयो।

पार्टीको केन्द्रीय सचिवालय बैठकले जनयुद्धका पूरा हुन बाँकी रहेको मुद्दालाई फेरि उठाउने निर्णय गरेको बताउँदै नेता बादलले जनवादी क्रान्तिको मुद्दा, राष्ट्रिय स्वाधिनताको मुद्दालाई माओवादीले चुनावी एजेन्डाका रूपमा लैजाने बताउनुभयो।

राजनीतिक स्थिरता नभएसम्म र स्थिर सरकार नभएसम्म देशको विकास नहुने चर्चा गर्दै उहाँले राष्ट्रिय एकताबिना देशको राष्ट्रिय स्वाधीनता स्थापना हुनै नसक्नेमा जोड दिनुभयो। प्रत्यक्ष निर्वाचित राष्ट्रपति तथा प्रधानमन्त्रीको व्यवस्था हुनुपर्ने मागलाई पार्टीले सडक, सदन र सरकारबाट उठाउने बताउँनुभयो।

नेता बादलले निर्वाचन प्रणालीमा समेत आमूल परिवर्तन आवश्यक रहेको औंल्याउदै भन्नुभयो- 'पञ्चायती व्यवस्था कै निर्वाचन प्रणालीका कारण निर्वाचनमा अस्थिरता आएको छ, भोट किनबेच भएको छ, पैसा भएका धनाढ्य र पूजिपति मात्रै सरकारमा पुगेका छन्, पैसाबिना चुनावमा जानै नसक्ने अवस्थालाई हटाएर पूर्णसमानुपातिक निर्वाचन प्रणाली जानुपर्छ।' स्थानीय निर्वाचनमा समेत माओवादी केन्द्रका नेता कार्यकर्ता पैसामा बिकेर भोट किनबेचमा परेको बारे पार्टीले छानिबिन गरिरहेको उहाँको भनाइ थियो।

त्यसअवसरमा माओवादी केन्द्रका सचिवालय सदस्य पासाङ शेर्पाले माओवादीबाट छुटेर गएका नेता कार्यकर्ता यही अभियानअन्तर्गत माओवादी केन्द्रमा विलय हुनुको विकल्प नभएको बताउनुभयो।

माओवादी केन्द्र भक्तपुरका इन्चार्ज देवेन्द्र श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा नयाँ शक्ति पार्टीका भक्तपुर जिल्ला इन्चार्ज एवं केन्द्रीय सदस्य ओम वाग्लेको नेतृत्वमा सिंगो भक्तपुर जिल्ला कमिटीसहित केन्द्रीय तथा जिल्लाका ६५ जना र नेकपा माओवादी (विप्लव) समूहका मजदूर नेता युवराज आचार्यको नेतृत्वमा ७२ जना माओवादी केन्द्रमा विलय भएका छन्।

# स्वास्थ्यमन्त्री पोखरेलको नाममा छैन अचल सम्पत्ति

काठमाडौं, (नेस)

स्वास्थ्य मन्त्री गिरीराजमणि पोखरेलले आफ्नो नाममा कुनै पनि अचल सम्पत्ति नरहेको प्रष्ट पार्नुभएको छ। केही बैंक मौजाद तथा सञ्चार सामाग्री र सामान्य अत्यावश्यक फर्निचरहरू मात्रै रहेको मन्त्री पोखरेलले जानकारी दिनुभयो। सम्पत्ति विवरण सार्वजनिक गर्दै मन्त्री पोखरेलले आफ्नो व्यक्तिगत नाममा कुनै पनि अचल सम्पत्ति नरहेको उल्लेख गर्नुभयो। उहाँले सम्पत्ति भनेकै आम सर्वसाधारण जनता भएको बताउनुभएको छ।

मन्त्री पोखरेलले आफ्नो सम्पत्ति विवरण प्रधानमन्त्री कार्यालयमा बुझाउनु भएको छ।

स्वास्थ्य मन्त्री पोखरेलले सार्वजनिक गर्नुभएको सम्पत्ति विवरणअनुसार आफ्नो नाममा एभरेस्ट बैंक लिमिटेड पुल्चोक शाखामा ८ लाख १५ हजार २ सय ६७ रुपियाँ ७१ पैसा र नेपाल बंगलादेश बैंक कमलादी शाखामा १३ हजार ९ सय ९३ रुपियाँ ८० पैसा बैंक मौज्दात रहेको उल्लेख गरिएको छ।

उक्त रकम प्राप्तिको स्रोत संविधानसभा सदस्य, मन्त्री तथा व्यववस्थापिकाको प्रमुख सचेतकका रूपमा रहँदा प्राप्त पारिश्रमिक हो। मन्त्री पोखरेलको बुबाको नाममा खोटाङ जिल्ला लामीडाँडा गाउँपालिका-२ मा २३ रोपनी जग्गा रहेको छ। जुन सम्पत्ति पैत्रिक सम्पत्तिका रूपमा रहेको छ। उक्त जग्गामध्ये मन्त्री पोखरेलको अंशमा पर्ने जग्गा कनककुमारी स्मृति प्रतिष्ठानलाई प्रदान गरिएको छ।

यस्तै स्वास्थ्य मन्त्री पोखरेलले खोटाङस्थित रुपाकोट सामुदायिक रेडियोमा ५ हजार रुपियाँ शेयर रहेको सम्पत्ति विवरणमा उल्लेख गर्नुभएको छ। मन्त्री पोखरेलसँग दुईवटा ल्यापटप, डिजिटल क्यामरा, कम्प्युटर प्रिन्टर, डेस्कअप कम्प्युटर, भिडियो क्यामरा र केही फर्निचरका समानहरू रहेका छन्। उक्त सामाग्री संविधानसभाको सदस्य रहँदा र मन्त्री हुदाँ प्राप्त पारिश्रमिकबाट खरिद गरिएको मन्त्री पोखरेलले बताउनुभएको छ।

# कांग्रेसभित्र रहेको गुटबन्दी अन्त्य हुनुपर्छ : नेता महत

**नेपाल समाचारपत्र**

भक्तपुर

पूर्वअर्थमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य रामशरण महतले नेपाली कांग्रेसभित्र रहेको गुटबन्दीलाई अन्त्य गरेर जानुपर्ने बताउनुभएको छ। शनिबार नेपाली कांग्रेस मध्यपुर थिमि नगर कार्यसमितिले कौशलटारमा आयोजना गरेको बीपी कोइरालाको १०४औं जन्मजयन्तीको अवसरमा आयोजित वर्तमान राजनीतिक परिप्रेक्ष्यमा बीपीको विचारको सान्दर्भिकता विषयक विचार गोष्ठीमा उहाँले यस्तो बताउनुभएको हो। उहाँले स्वार्थी प्रवृत्तिले पार्टी माथि जान नसक्ने जिकिर गर्दै पार्टीलाई सर्वोपरी माथि राखेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

बीपी र गणेशमानले सत्ता र पदलाई त्यागेर पार्टीलाई शिरोपर गरेजस्तै कांग्रेसको मूल्य र मान्यतालाई स्मरण गर्दै नेता, कार्यकर्ता अगाडि बढ्नुपर्ने चर्चा गर्नुभयो। युगअनुसार बीपीको विचारलाई स्थापित गर्दै लैजानुपर्नेमा उहाँले जोड दिँदै महतले बीपी कोइरालाको विचारलाई आत्मसात् गरेर अघि बढे मात्रै देश अघि बढ्ने बताउनुभयो। बीपीको विचारलाई अबलम्वन गर्नुभन्दा पनि पैसा, पद, प्रतिष्ठा र सत्तामा बढी ध्यान दिँदा नेपाली कांग्रेस पछाडि परेको बताउनुभयो।

पार्टीका नेता तथा कार्यकर्ताहरू पद र प्रतिष्ठाका लागि मात्रै दौडधुप गर्ने प्रवृत्ति हाबी भएको बताउँदै उहाँले भन्नुभयो- 'अहिले सत्ता, पैसा र पदमै हारालुछ हुन थालेको छ, ६-६ महिनामा सत्ता परिवर्तन भइरहेपछि यस्तै हुन्छ।' यस्तैगरी देश अगाडि बढे आगामी दिन सजिलो नहुने बताउँदै उहाँले सत्ता, पद, पैसा र प्रतिष्ठाका लागि मरिमेट्ने प्रवृत्ति त्याग्नुपर्ने औंल्याउनुभयो। नेता महतले स्थानीय निकायको पदाधिकारीले भत्ता, सेवा र सुविधामा मात्रै ध्यान दिने गरेको पाइएको बताउँदै उहाँले विकास बजेटसमेत त्यसैमा सिद्धिनेमा चिन्ता व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका महासमिति सदस्य एवं नेपाल तरुण दलका पूर्वअध्यक्ष विनोद कायस्थले पार्टीभित्रको अन्तर कलहलाई अन्त्य गरेर स्थानीय तहको समीक्षा गर्दै चुनावमा गए फेरि पनि नेपाली कांग्रेस आगामी निर्वाचनमा पहिलो पार्टी हुने दाबी गर्नुभयो।

त्यसअवसरमा नेपाली कांग्रेसका जिल्ला सभापति दूर्लभ थापा, नेपाल महिला संघ भक्तपुरकी अध्यक्ष सरु बानीयाँ, क्षेत्र नं १ का अध्यक्ष जीवन खत्री, क्षेत्र नं २ का अध्यक्ष नारायण खायमली, मध्यपुरथिमि नगरपालिकाका पूर्व नगरप्रमुख मदनकृष्ण श्रेष्ठ, नेपाली कांग्रेस मध्यपुर नगरसमितिका अध्यक्ष सुरेन्द्र श्रेष्ठलगायतले आगामी मंसिरमा हुने प्रदेश र संसद्को निर्वाचनमा भक्तपुरमा कांग्रेस पहिलो पार्टी बनाउन आवश्यक रणनीति तय गरेर अगाडि जाने बताउनुभयो।

# सामुदायिक प्रहरी सेवा केन्द्रको वार्षिकोत्सव मनाइयो

काठमाडौं, (नेस)

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र नागार्जुन-२ इचङगुनारायणको १०औं वार्षिक साधारणसभा शनिबार आयोजित एक कार्यक्रमबीच सम्पन्न भएको छ। उक्त कार्यक्रममा विशेष अन्तरक्रिया गरिनुको साथै विजयादशमीको शुभकामना आदानप्रदान एवम् विभिन्न व्यक्तिहरुलाई सम्मानसमेत गरियो।

उक्त अवसरमा समारोहका प्रमुख अतिथि महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रहरी आयुक्त प्रहरी अतिरिक्त महानिरीक्षक जयबहादुर चन्दले सामुदायिक सेवा केन्द्रलाई सहयोग गर्ने २ जना, उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारी २ जना र सकृयतापूर्वक कार्य गर्ने केन्द्रका पदाधिकारी ४ जना गरी जम्मा ८ जनालाई दोसल्ला ओढाइ सम्मान गर्नुका साथै सम्मानपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभयो ।

सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक चन्दले दशैंको शुभकामना व्यक्त गर्दै प्रहरी, सामुदायिक सेवा केन्द्र र स्थानीयबासीको सहयोग, समन्वय र सद्भावबाट नै स्वच्छ समाज निर्माण गर्न सकिने बताउनुभयो। उक्त अवसरमा केन्द्रका महासचिव प्रेम लो लामाले सांगठनिक प्रतिवेदन तथा केन्द्रका कोषाध्यक्ष अच्युतराम नेपालले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने केन्द्रका आजीवन सदस्य विजय गुरुङले सम्मानित हुनेहरुको तर्फबाट मन्तव्य व्यक्त गर्नुभएको थियो।

# जेष्ठ नागरिक समाजको साधारणसभा सम्पन्न

**नेपाल समाचारपत्र**

काठमाडौं



जेष्ठ नागरिक समाज नेपाल केन्द्रीय समिति काठमाडौंले १०औं साधारणसभा तथा ११औं वार्षिकोत्सव कार्यक्रम कलंकीस्थित पिनाकल स्कलर्स एकेडमीको प्रांगणमा सम्पन्न गरेको छ। समाजका अध्यक्ष श्री श्यामप्रसाद श्रेष्ठको सभापतित्व र कामनपा-१४ की वडा अध्यक्ष शोभा सापकोटाको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा समाजका कोषाध्यक्ष चित्रबहादुर अधिकारीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। जसमा आव २०७४ मसान्तसम्मको जम्मा आय ७ लाख ३६ हजार ९ सय ५५ रुपियाँ र ब्यय २ लाख ९९ हजार १ सय ३७ रुपियाँ गरी संस्थामा बाँकी रकम ४ लाख ३७ हजार ८ सय २८ रुपियाँ रहेको उहाँले बताउनुभयो। यसै गरी वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष श्यामप्रसाद श्रेष्ठले सम्पूर्ण जेष्ठ नागरिकहरू आफूले सकुन्जेल सन्ततिका लागि काम गर्ने गरेको तर आफूलाई सहयोग आवश्यक हुँदा परिवारबाटै अपहेलित हुनुपर्ने र आफ्नै घरमा स्याहारसुसार नपाएर वृद्धाश्रममा जानुपर्ने बाध्यतासमेत भएकाले यस्तो अवस्था आउन नदिन संस्थाले संघर्ष गरिरहेको बताउनुभयो।

संस्थाले जेष्ठ नागरिक ऐन कार्यान्वयनमा जोड दिएको, स्थानीय बटुवालाई घामपानीबाट बच्न प्रतीक्षालय निर्माण गरेको, सार्वजनिक शौचालय निर्माण, कलंकीमाई मन्दिरमा दैनिक प्रकाशित पत्रिकाहरू पढ्ने व्यवस्था मिलाएको, नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरेको र जेष्ठ नागरिक मन्त्रालय स्थापनाका लागि सरकारलाई दबाब दिइरहेको बताउँदै आगामी दिनमा जेष्ठ नागरिकलाई मनोरञ्नका लागि धार्मिक पुस्तकहरूका साथै टिभीबाट भजनकिर्तन हेर्ने व्यवस्था मिलाइने जानकारी दिनुभयो। साधारणसभाले चिरञ्जीवी कँडेलको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

उक्त अवसरमा ९८ वर्षीय जेष्ठ नागरिक नुन्छेलाल तन्दुलकार र ८७ वर्षीय जेष्ठ नागरिक बुद्धिप्रसाद अधिकारीलगायत संस्थाका संस्थापक पदाधिकारीलाई सम्मान गरिएको थियो। सम्मानित हुने पदाधिकारीमा निवर्तमान अध्यक्ष डिल्लीबहादुर कार्की, वर्तमान अध्यक्ष श्यामप्रसाद श्रेष्ठ, संस्थापक कोषाध्यक्ष टााकाराम उप्रेती, संस्थापक सहसचिव रामप्रसाद घिमिरे, छन्दबहादुर खत्री संस्थापक सदस्य रामशरण उप्रेती संस्थापक सदस्य र कार्यसमितिका जेष्ठ सदस्य गिरीराज गौतम थिए।

कार्यक्रममा नेपाल महिला उत्थान चौतारी, लान्यन्स क्लब अफ काठमाडौं भिजन, लियो क्लब अफ काठमाडौं भिजनले स्वयंसेवकका रुपमा सहयोग गरेका थिए भने मिसन पोलिक्लिनिक कलंकीले नि:शुल्क आँखा जाँच, सुगर तथा ब्लडप्रेसर जाँच गरेको थियो।

# बीपीको राजनीतिक र साहित्यिक दुबै व्यक्तित्व उत्तिकै सफल

भक्तपुर, (नेस)

बीपी कोइरालाको राजनीतिक र साहित्यिक दुबै व्यक्तित्व उत्तिकै सफल र गरिमापूर्ण भएकोमा भक्तपुरमा आयोजित एक कार्यक्रमका वक्ताहरूले जोड दिएका छन्। नेपाली कांग्रेस जिल्ला कार्य समिति भक्तपुरले १०४औं जन्मजयन्तीको अवसरमा आज दुधपाटीमा आयोजना गरेको बीपी कोइराला एक बहुआयामिक व्यक्तित्व अनेक अन्तरक्रिया कार्यक्रममा बोल्दै कांग्रेस नेताहरूले यस्तो धारणा व्यक्त गरेका हुन्।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेका केन्द्रीय सदस्य तथा सांसद बद्री पाण्डेले बीपीको प्रजातान्त्रिक समाजवाद र मेलमिलाप नीति अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताउनुभयो। राजनीतिक स्वतन्त्रताको लडाइँमा बीपीको भूमिका कहिल्यै भूल्न नसकिने बताउँदै बीपीको सिद्धान्तको व्यावहारिक प्रयोगमा जोड दिनुभयो।

कांग्रेस नेतृत्वले बीपीको विचार आत्मसाथ गर्नुपर्नेमा जोड दिँदै बीपीको राजनीतिक इतिहास गरिमापूर्ण रहेको बताउनुभयो। बीपी कोइरालाले प्रतिपादन गरेको प्रजातान्त्रिक समाजवादको सिद्धान्तलाई आत्मसाथ गरी अघि बढ्नुपर्ने उहाँले जोड दिनुभयो। उहाँले बीपीको साहित्यिक व्यक्तित्वको चर्चा गर्दै उहाँ साहित्यमा पनि उत्तिकै सफल रहेको बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेस जिल्ला कार्य समिति भक्तपुरका सभापति दुर्लभ थापा, सचिव उद्धव सिलवाल, क्षेत्र नं १ का अध्यक्ष जीवन खत्री, क्षेत्र नं २ का अध्यक्ष नारायण खायमली, मध्यपुरथिमि नगरपालिकाका पूर्वनगरप्रमुख मदनकृष्ण श्रेष्ठ, नेपाल महिला संघ भक्तपुरकी अध्यक्ष सरु बानियाँलगायतले बीपीको राजनीतिक, साहित्यिक र प्रखर व्यक्तित्वका बारेमा बोल्दै उहाँको विचारलाई आत्मसाथ गर्नुपर्नेमा जोड दिनुभयो।

## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कोसेली, पुरस्कार आदि प्राप्ति, भाग्योदय, कार्य सफल, धनलाभ।
**वृष** : नोक्सानी, दुर्घटनाको भय, निरर्थक खर्च, विवादमा फसिएला।
**मिथुन** : पैसा लाभ, विविध सेवा वा वस्तुको प्राप्ति, मिष्ठान्न भोजन।
**कर्कट** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**सिंह** : राजनीतिमा असफलता, राज्य भय, प्रतिष्ठामा ह्रास, चिन्ता।
**कन्या** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**तुला** : धनलाभ, मान-सम्मान, परीक्षामा सफलता, समस्या समाधान।
**वृश्चिक** : द्रव्यलाभ, शत्रु विजय, खेलकुद-परीक्षामा सफलता।
**धनु** : वायुजन्य रोगको भय, काममा असफलता, शोक-सन्ताप।
**मकर** : झाडापखाला, ग्यास्ट्रिकको सम्भावना, विवाद, निरर्थक घुमफिर।
**कुम्भ** : आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापारमा सफलता।
**मीन** : धनहानि, व्यर्थको खर्च, मानसिक चञ्चलता, नेत्ररोग।

# नेपाल

सरकारी निकायले शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, मानवीय विकासका अन्य सूचांक पनि हचुवाका भरमा पर्वतको बढी देखाएकाले पनि परियोजनाले कम सूचांक भएका जिल्लामा जाने गरेको पनि पाइएको तिमिल्सिनाले बताए।

## स्वास्थ्य संस्थामा सुत्केरी गराउने बढे




विनोदसिंह विष्ट, बैतडी

घरमै सुत्केरी हुने पुरानो परम्परालाई छोड्दै बैतडीको ग्रामीण भेगका महिला पनि सुत्केरी हुन स्वास्थ्य संस्थामा जान थालेका छन्। जिल्ला स्वास्थ्य कार्यालयले बैतडीलाई पूर्ण संस्थागत सुत्केरी जिल्ला घोषणा गर्ने लक्ष्य लिएपछि स्वास्थ्य संस्थामा आएर सुत्केरी हुनेको संख्या बढ्दै गएको हो।

विगत ३ वर्षको तथ्यांकलाई हेर्दा स्वास्थ्य संस्थामा गएर सुत्केरी हुने महिलाको संख्या बढ्दै गएको छ। जिल्ला स्वास्थ्य कार्यालय बैतडीका पब्लिक हेल्थ नर्स ममता जोशीका अनुसार आर्थिक वर्ष २०७१/७२ बैतडीमा कुल गर्भवती महिलाको ५७ प्रतिशत महिला स्वास्थ्य संस्थामा सुत्केरी भएका छन् भने आर्थिक वर्ष २०७२/७३ मा बढेर ६६ प्रतिशत पुगेको छ।

यस्तै आर्थिक वर्ष २०७३/७४ मा भने केही घटेर ६४ प्रतिशतमा झरेको छ। आर्थिक वर्ष २०७३/७४ मा स्वास्थ्य संस्थामा गएर सुत्केरी हुने महिलाको संख्या घट्नुको मुख्य कारण दोहोरो बसाइ रहेको पब्लिक हेल्थ नर्स जोशीले बताउनुभयो। 'बैतडीका अधिकांश मानिसको बसाइ तराई अर्थात् कैलाली कञ्चनपुरमा छ', उहाँले भन्नुभयो- 'दोहोरो बसाइ तथा सुविधा सम्पन्न अस्पतालमा सुत्केरी गराउन बाहिर लैजाने गरेका छन्।'

आर्थिक वर्ष २०७१/७२ बैतडीमा ५ हजार १०२ जना गर्भवती चेकजाँचका लागि स्वास्थ्य संस्थामा आएकोमा ३ हजार ६ सय १८ स्वास्थ्य संस्थामा सुत्केरी भएका छन् भने आर्थिक वर्ष २०७२/७३ मा गर्भवतीको संख्या ५ हजार ५० रहेकोमा ३ हजार ९ सय ६८ स्वास्थ्य संस्थामा सुत्केरी भएका जिल्ला स्वास्थ्य कार्यालय बैतडीले जनाएको छ। आर्थिक वर्ष २०७३/७४ मा ५ हजार ४ सय ८४ गर्भवतीले स्वास्थ्य संस्थामा आएर स्वास्थ्य परीक्षण गराएकोमा ३ हजार ९ सय मात्रै बैतडीका स्वास्थ्य संस्थामा सुत्केरी भएको तथ्यांक रहेको छ।

स्वास्थ्य चेतना बढ्दै गएकाले ग्रामीण भेगका महिला सुत्केरी हुन जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलगायतका स्वास्थ्य संस्थामा जाने गरेको जिल्ला स्वास्थ्य कार्यालय बैतडीका प्रमुख डाक्टर गुणराज अवस्थीले बताउनुभयो। उहाँले भन्नुभयो- 'घरमा सुत्केरी हुँदा हुने जोखिम र स्वास्थ्य संस्थामा हुने फाइदा जानेपछि महिला स्वास्थ्य संस्था जाने गरेका हुन्।'

यसका साथै बैतडीका १ सय २६ ठाउँमा सुरक्षित प्रसूति केन्द्र सञ्चालनमा रहेका छन्। जिल्लाभरि १ सय ६० सुरक्षित प्रसूति केन्द्र सञ्चालन गरी हरेक गर्भवती महिलाले स्वास्थ्य संस्था अर्थात् सुरक्षित प्रसूति केन्द्रमा सुत्केरी भएपछि बैतडीलाई पूर्ण संस्थागत सुत्केरी घोषणा गरिने भएको छ।

### किन दिँदैन दातृ निकायले परियोजना

## गैसस परियोजनाविहीन बन्दै

दुर्गाप्रसाद शर्मा, पर्वत

विकास निर्माण र सामाजिक सचेतीकरणका लागि पर्वतमा अन्तर्राष्ट्रिय दातृ निकायले स्थानीय गैरसरकारी संस्थालाई परियोजना दिन छाडेका छन्।

स्थानीय गैरसरकारी संस्थाहरूका बीचमा अस्वस्थ प्रतिस्पर्धा र आरोपप्रत्यारोप चलन थालेपछि पर्वतमा पछिल्लो समयमा दातृ निकायले परियोजना दिन छाडेका हुन्। दातृ निकायले परियोजना दिन छाडेपछि यहाँका गैससको कार्यक्षेत्र साँघुरिँदै गएको छ भने गैससकर्मी वैकल्पिक बाटो खोज्न थालेका छन्।

केही वर्षयता परियोजना छनोटका क्रममा आफूलाई नपरेपछि अख्तियारदेखि समाजकल्याण परिषद्सम्म उजुरी गर्ने प्रवृत्ति बढेपछि दातृ निकायले पर्वतलाई प्राथमिकता दिन छाडेको भन्दै नागरिक समाज र गैसस अभियान्ताले चिन्ता व्यक्त गरे। 'पर्वतका लागि परियोजनाको कार्यक्षेत्र पार्न भनेपछि दातृ निकायले १० पटक सोच्ने अवस्था आयो', गैसस महासंघका पश्चिमाञ्चल इन्चार्ज देवीप्रसाद तिमिल्सिनाले भने- 'आफूलाई परियोजना परेन भने अख्तियारदेखि सतर्कता केन्द्रसम्म पुग्ने परिपाटी अन्त्य नभएसम्म यही अवस्था रहन्छ।' अर्कोतर्फ सरकारी निकायले शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, मानवीय विकासका अन्य सूचांक पनि हचुवाका भरमा पर्वतको बढी देखाएकाले पनि परियोजनाले कम सूचांक भएका जिल्लामा जाने गरेको पनि पाइएको तिमिल्सिनाले बताए। 'पर्वतको वास्तविकभन्दा सरकारी निकाय र कतिपय दातृनिकायका स्थानीय प्रमुखहरूले आफ्नो काम देखाउन पनि बढी आँकडा राखेर पठाउँदा पनि समस्या भएको छ', उनले भने- 'वास्तविकता एकातिर र आँकडा अर्कोतिर भएकाले पनि यस्ता संशोधन गर्न आवश्यक देखिएको छ।'

एक वर्षपहिले गुड नेवर्स इन्टरनेसनले पर्वतमा परियोजना छनोट गरेपछि समाजकल्याण स्रोत विकास केन्द्र र नवचेतना सामुदायिक विकास केन्द्रलाई परियोजना परेपछि असफल भएका गैससले उजुरी गरेका थिए। छनोट प्रक्रियामा असहमति राख्दै जिल्ला प्रशासन, जिल्ला समन्वय समिति र अख्तियारसम्म उजुरी परेपछि समाजकल्याण परिषद्ले अहिले अनुगमनसमेत गरेर फर्केको छ। स्थानीय गैससकर्मीले पूर्वाग्रह राखेर गलत उजुरी गर्दा छानविनको कामसमेत थालेको भन्दै गैससकर्मीले काम गर्ने वातावरण नै बिग्रेको बताए। पर्वतमा प्लान इन्टरनेसनल, हेफर इन्टरनेसनल, नार्डेपलगायतका दातृनिकायका सहयोगमा परियोजना सञ्चालित छन्। यी परियोजना छनोटमा विवाद हुने गरेको छ। गैससकै विवाद र परियोजना जिम्मा लिएको गैससले आर्थिक अनियमितता गरेपछि सुआहारालगायतका परियोजना जिल्लाबाट बाहिरिएका छन् भने काम गरेका परियोजनाले पनि थप कार्यक्रम विस्तार नगर्ने मनस्थितिमा पुगेको गैससकर्मीको चिन्ता रहेको छ।

'केही गैससकर्मीको काम परियोजना लिनेभन्दा पनि उजुरी हाल्ने मात्रै भएको छ', गैसस महासंघ पर्वतका अध्यक्ष शिवप्रसाद शर्माले भने- 'दु:ख दिने र गलत नियतले उजुरी संस्कार बढाउँदा गैससको भविष्य नै अन्योलमा परेको छ।'

समाजकल्याण स्रोत विकास केन्द्र (सोर्डेक नेपाल) पर्वतले सञ्चालन गरेको पर्वत सामुदायिक विकास परियोजनामा एक रुपियाँ पनि दुरुपयोग नभएको दाबी गरेको छ।

केन्द्रले आफ्नो खर्च विवरण र कार्यप्रगति सार्वजनिक गर्दै अहिलेसम्म कुनै पनि काममा जानीजानी एक रुपियाँ पनि खर्च नभएको दाबी गरेको हो। संस्थाका कार्यक्रम व्यवस्थापक देवीप्रसाद तिमिल्सिनाले शिक्षामा काम गर्दा सबै विद्यालयको माग, व्यवस्थापन समितिको निर्णय, जिल्ला शिक्षा कार्यालयको सिफारिसका आधारमा विद्यालयको खातामा सोझै रकम दिएर काम गरिएको बताए। आयआर्जनका काम गर्दा डिभिजन सहकारीमा दर्ता भएका सहकारी संस्थालाई नै अनुदान दिएर त्यसका आधारमा काम भइरहेको जानकारी दिए। तालिमहरू सञ्चालन गर्दा पनि होटलबाट कोटेसन लिने र कम दाबी गर्ने होटलमा कार्यक्रम सञ्चालन गर्दै आएको बताए।

गुड नेवर्स इन्टरनेसनल पर्वतका जिल्ला संयोजक खड्ग बोहराले आफ्ना कर्मचारी र साझेदार संस्थाका कुनै कर्मचारीले पनि धर्म परिवर्तनको काम गरेको पाए तत्काल सबै कार्यक्रम र कर्मचारी फिर्ता गरेर जाने बताए। उनले हचुवाका भरमा आरोप लगाउने काम भएको दाबी पनि गरे।

केही सञ्चारमाध्यममा परियोजनामा अनियमितता भएको र धर्म परिवर्तनको काम गरेको भन्दै समाजकल्याण परिषद्ले छानविन गरेको समाचार सार्वजनिक भएको थियो।

## हेलिप्याड नहुँदा बिरामीलाई समस्या

रविन भट्टराई, ताप्लेजुङ

ताप्लेजुङ सदरमुकाम फुङ्लिङमा हेलिकोप्टर उडान तथा अवतरणका लागि हेलिप्याड नहुँदा समस्या हुने गरेको छ। जिल्लामा विभिन्न प्रयोजनले आउने हेलिकोप्टर अवतरणका लागि उपयुक्त स्थान नहुँदा समस्या हुने गरेको हो।

सदरमुकाममा नेपाली सेनाले आफ्नो प्रयोजनका लागि मात्रै निर्माण गरेको हेलिप्याड र भानुजन माविको खेल मैदानलाई सार्वजनिक रूपमै प्रयोग गरिँदै आएको छ। तर सेनाको हेलिप्याड प्रयोग गर्न प्रक्रिया झन्झटिलो हुने तथा निरन्तरको उडानले विद्यालयको पनि आसपासका भौतिक संरचनामा क्षतिसमेत पुऱ्याउने हुँदा हेलिकोप्टर राख्न दिन समस्या हुने भानुजन माविका प्रधानाध्यापक किशोर राई बताउनुहुन्छ।



यता आफ्नो आन्तरिक प्रयोजनका लागि मात्रै निर्माण भएको हेलिप्याडमा निजी तथा व्यावसायिक हेलिकोप्टरहरू अवतरण गर्न दिन नमिल्ने नयाँ रणभीम गुल्मले बताएको छ। जसका कारण बिरामी र पर्यटकका लागि आकस्मिक रूपमा झिकाइएका हेलिकोप्टर विद्यालयका खेलमैदान र सुकेटारमा रहेको विमानस्थलमा समेत राख्नुपर्ने बाध्यता रहेको हेलिकोप्टर व्यवसायी ईश्वरी पौडेलको भनाइ छ।

हेलिकोप्टरसमेत अवतरण गर्न सक्ने उचित स्थान नहुँदा यात्रु तथा पर्यटकले सास्ती बेहोर्नु परिरहेको छ। जिल्लामा विभिन्न समयमा जिल्ला बाहिरबाट हेलिकोप्टर नै चार्टर गरेर आन्तरिक तथा बाह्य पर्यटक घुम्न आउने, बिरामी लिन तथा पुऱ्याउन र अन्य प्रयोजनका लागि मानिसहरू आउने गर्दछन्।

सदरमुकाममा अत्यावश्यक प्रयोजनका लागि हेलिप्याड आवश्यक भए पनि नगरपालिकाले हेलिप्याड निर्माणका लागि कुनै चासो नदिएको स्थानीयको गुनासो रहेको छ।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरू धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

काठमाडौं: गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर: हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोनः ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर: सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७४ भदौ
आइतबार
२५

घर आँगनमै सिंचाइ र खानेपानी पुग्दा बाँफिकोटबासीले विगतमा भोग्दै आइरहेको समस्या अन्त्य भएको छ। यसअघि बिहान-बेलुका मात्र एक घन्टा आउने गरेको पानी भर्नकै लागि घन्टौंसम्म पालो कुनुपर्ने अवस्था थियो।

# नेपाल

# कोटगाउँमा खानेपानी र सिँचाइ पुग्यो

**धनवीर दाहाल, रुकुम**

बाँफिकोट गाउँपालिका-४ कोटगाउँकी सरिता विक १ हप्ताअघि मात्र पानी बोक्न आफ्नो घरबाट ज्यार्म भन्ने ठाउँमा ओरालो झर्थिन्। जाँदा ओरालो र पानी बोक्दा उकालो चढ्नुपर्ने उनी मात्र होइन कोट गाउँका बासिन्दाको पीडा थियो। जानेबित्तिकै पानी पाइने त कुरै छोडौं कति घन्टा कुर्नुपर्ने कुनै ठेगान थिएन। सरिता त एउटा प्रतिनिधि पात्र हुन्।

पश्चिम रुकुमको बाँफिकोट गाउँपालिका-४ साविकको बाँफिकोट गाविस-१ कोट, नेटापोखरा, तलिगाउँलगायतका करिब २ सय ५० घरधुरीले सिँचाइ त कहाँ हो कहाँ खानेपानीको चरम समस्या व्यहोर्दै आएका थिए। तर धेरै प्रयासपछि सिँचाइ र खानेपानी सञ्चालनमा आएपछि स्थानीयमा खुसीको सीमा छैन। खानेपानी सञ्चालनमा आएसँगै पानीका लागि हरेक दिन बिहान-बेलुका घन्टौंसम्म पालो कुर्नुपर्ने समस्या अन्त्य भएको छ। एकाएक घरआँगनमै सिँचाइ र खानेपानी पुगेपछि हाल बाँफिकोटबासी खुसी भएका हुन्। वर्षौंपछिको लामो कसरतमा करिब २ सय ५० भन्दा बढी घरधुरीलाई धान्ने गरी बाँफिकोट डाँडामा सिँचाइ र खानेपानी पुगेसँगै यहाँका स्थानीय दंग परेका छन्।

घर आँगनमै सिँचाइ र खानेपानी पुग्दा बाँफिकोटबासीले विगतमा भोग्दै आइरहेको समस्या अन्त्य भएको छ। यसअघि बिहान-बेलुका मात्र एक घन्टा आउने गरेको पानी भर्नकै लागि घन्टौंसम्म पालो कुनुपर्ने अवस्था थियो।

तर आजभोलि भने २४ सै घन्टा पर्याप्त मात्रामा सबैलाई पुग्ने गरी घरआँगनमै पानी आउँदा स्थानीयबासी र यहाँका कार्यालयलाई समेत सजिलो भएको वडा नं ४ का वडा सचिव ज्ञानबहादुर खड्काले बताए। उनले भने- 'बाँफिकोटको खानेपानीको समस्या अब समाधान भएको छ।' साढे ५ करोड लागतमा काला खोला दोमई सिँचाइ जल उपभोक्ता संस्थाले गत कात्तिकबाट काम शुरू गरेर बाँफिकोट डाँडामा केही दिनअघि मात्र पानी पुर्‍याएको हो। खानेपानीको हाहाकार मानिएको सो गाँउमा साढे ६ किलोमिटर दूरी टाढाको मुहानबाट सिँचाइका लागि समेत पुग्ने गरी पानी पुर्‍याइएको समितिका अध्यक्ष विनोद शाहले बताए।

उनले करिब ६ वर्ष पहिलादेखिको प्रयास र गत कात्तिकदेखिको कामले पानी पिउन र अब सिँचाइ गर्न पाइएको बताए। वर्षौंदेखि नै खानेपानीको चरम अभाव झेलिरहेका बाँफिकोटबासीको घर आँगनमा पर्याप्त मात्रामा सिँचाइ गर्ने र खानेपानी पुगेपछि निकै खुसी छाएको छ। बाँफिकोटको कोटमा कहिले पानी पुग्ला भनेर कल्पनासमेत नगरिएको अवस्थामा पानी पुर्‍याइएको छ। २ वर्षअघि स्यार्पुतालको पानी लिप्टबाट ल्याउन सकिन्छ कि भन्ने पनि बहस चलेको अध्यक्ष शाहले बताए। तर सिँचाइ कार्यालय रुकुमको सक्रियताले सिँचाइको साथै खानेपानीसमेत ल्याउन सफल भएको उनको भनाइ छ। पानीको मुहान भएको ठाउँमा कुनै मानवबस्ती नभएकाले पानी अत्यन्तै शुद्ध भएको पनि शाहले बताए।


## हार्दिक समवेदना



जन्म मिति
१९९५।१२।१८

स्वर्गारोहण मिति
२०७४।५।१४

**स्व. सानुकाजी महर्जन**

यस ललितपुर उद्योग वाणिज्य संघका पूर्व कोषाध्यक्ष श्री सन्देश महर्जनज्यूको पूज्यनिय बुबा श्री **सानुकाजी महर्जनज्यूको** मिति २०७४।५।१४ गते बुधबारका दिन स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्य तिथिमा स्वर्गिय आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्ने शक्ति श्री परमेश्वरले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सविन श्रेष्ठ
अध्यक्ष
तथा
ललितपुर उद्योग वाणिज्य संघ,
परिवार


## विद्यालय र मन्दिरलाई बिजुली

पोखरा, (नेस)

सिँचाइका लागि प्रयोग गर्दै आएका नहरबाट अब बिजुली निकालिनेछ। नहरबाट निकालिएको बिजुलीलाई मन्दिर र ३ विद्यालयमा उपयोग गरिनेछ। बिजुली निकाल्न जापानिज संस्था जाइका, इबासेई नामक कम्पनीका प्रतिनिधि र पोखरा लेखनाथ महानगरपालिकाबीच सम्झौतापत्रमा शुक्रबार हस्ताक्षर भएकोछ।

फेवाताल पावरहाउस तथा बिरौटा फाँटलाई सिँचाइ सुविधाका लागि निर्मित फेवा नहरबाट बिजुली निकालिनेछ। निकालिएको स्थानीय राममन्दिर व्यवस्थापन समितिमार्फत् उपयोग गरिनेछ। त्यसै गरी पुरुन्चौर र मौजाको नहरबाट बिजुली निकालिनेछ। जापानिज संस्था बिजुली निकाल्न सहजीकरण भने पोखरा उद्योग वाणिज्य संघले गरेको हो।

जाइकाको आर्थिक सहयोग, जापानी इबासेई कम्पनीले बगिरहेको पानीबाट बिजुली निकाल्नेछ। कम्पनी प्रतिनिधि पूर्ण ज्वारचन र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र नेपालकी प्रतिमा केसी, बाग्लुङबाट धौलागिरि रिसर्च एन्ड रिसोर्स सेन्टरका किशोरलाल राजभण्डारी, पोखरा लेखनाथ महानगरपालिका-१७ का अध्यक्ष तीर्थराज अधिकारी, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष लीलाभक्त आचार्यबीच सम्झौता भएको हो।


## ललितपुर उद्योग वाणिज्य संघको
## ३८ औं वार्षिक साधारण सभा एवं कार्यसमितिको निर्वाचन सम्बन्धी
## अत्यन्त जरूरी सूचना

यस संघको कार्यसमितिको मिति २०७४।५।१९ गतेको निर्णयानुसार ३८ औं वार्षिक साधारण सभा २०७४ आश्विन २७-२८ गते आयोजना गर्ने निर्णय भएको जानकारी गराउंदछौं । जस अनुसार ३८ औं वार्षिक साधारण सभाको समुद्घाटन र बन्द सत्र २०७४ आश्विन २७ गते अशोक पार्टी पालेस, वालिफलमा र कार्यसमितिको निर्वाचन कार्यक्रम आश्विन २८ गते नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) जावलाखेलमा हुने जानकारी गराउँदै सम्पूर्ण बहालवाला सदस्य महानुभावहरुलाई उक्त साधारण सभामा भाग लिनु हुन अनुरोध गर्दछौं ।

संघको विधान दफा ३.६ अनुसार निस्कृय भईरहेका सदस्यहरुले पनि नविकरण गर्न बांकी शुल्क तिरी वार्षिक साधारण सभामा भाग लिन सकिने हुंदा यस्ता सदस्यहरुले समेत यहि आश्विन ९ गते भित्र आ-आफ्नो सदस्यता नविकरण एवं रजिट्रेशन गर्न हुन अनुरोध गर्दछौं ।

विधानको दफा ४.२(क) को उपदफा ४(इ) अनुसार साधारण सभामा भाग लिने सदस्य व्यक्तिगत फर्म भए धनी आफै, साझेदारी फर्म भए साझेदार, कम्पनी वा अन्य भए संचालकले र एशोसियट सदस्यको हकमा संचालक वा कार्यकारी प्रमुख वा प्रवन्धक तहसम्मको व्यक्तिले मात्र भाग लिन पाउने भएकोले साझेदारी फर्मबाट भाग लिने प्रतिनिधिले मन्जुरीनामा र कम्पनीबाट भाग लिने भए वर्तमान संचालक समितिको नामावली र मुख्य व्यक्तिको नाम तथा साधारण सभामा भाग लिने संचालकको नाम र एशोसियटबाट भाग लिने भए वर्तमान संचालक समितिको नामावलि र मुख्य व्यक्तिको नाम तथा साधारण सभामा भाग लिने संचालक/कार्यकारी प्रमुख/प्रवन्धकको नाम कम्पनीको लेटरपायडमा छाप सहित प्रमाणित गरि २०७४ आश्विन ९ गते भित्र पठाउनु होला ।

विधानको दफा ४.२(क) को २(ई) र (ऊ) अनुसार सभामा विचारार्थ प्रस्ताव राख्न ईच्छुक सदस्यहरुलाई त्यस्ता प्रस्ताव २०७४ आश्विन ९ गते सोमवार कार्यालय समय भित्र संघको सचिवालयमा उपलव्ध गराई दिनु हुन पनि अनुरोध गर्दछौं ।

विधानको दफा ५.२(ख) अनुसार अध्यक्ष, पदाधिकारी तथा सदस्य पदको लागि खडा हुने उम्मेदवारले आफु साझेदारी भए साझेदारीको मन्जुरी, कम्पनी अन्य प्रतिष्ठान भए संचालक समितिको निर्णय तथा संस्थागत सदस्यको तर्फबाट भए मनोनयन पत्रका साथ कार्यसमितिको निर्णय पेश गर्नुपर्ने जानकारी गराउंदछौं ।

यस सम्बन्धी परिपत्र संघका सम्पूर्ण वहालवाला सदस्य महानुभावहरु समक्ष पठाई सकिएको छ । कथंकदाचित सो परिपत्र प्राप्त नभएमा यसैलाई सूचना मानी तोकिएको म्याद भित्र रजिष्ट्रेशन गरि साधारण सभामा भाग लिनु हुन अनुरोध गर्दछौं । साथै विस्तृत जानकारीको लागि संघमा सम्पर्क राख्नु हुन पनि अनुरोध गर्दछौं ।

**(भरत लाल जोशी)**
**महासचिव**
**ललितपुर उद्योग वाणिज्य संघ**
**फो.नं. ५५२१७४०, ५५३०६६३**


## इस्मामा सामुदायिक स्वास्थ्य क्लिनिक स्थापना

गुल्मी, (नेस)

इस्मा गाउँपालिकामा सामुदायिक स्वास्थ्य क्लिनिक सञ्चालनमा आएको छ। गाउँपालिकाको वडा नं २ छल्दी पनाहमा शुक्रबारबाट स्वास्थ्य एकाइ स्थापना तथा सञ्चालनमा आएको छ।

वडा विभाजन भइसकेपश्चात् आधारभूत स्वास्थ्य सेवा, नियमित स्वास्थ्य परीक्षण गर्न गर्भवती महिला, बालबालिकाको खोप लगाउन पनि सदरमुकाम धाउनुपर्ने बाध्यता थियो। वडा नं. २ मा स्वास्थ्य संस्था नभएको अवस्थामा अहिले अस्थायी रूपमा भए पनि तत्काल जनताको घरआँगनबाटै सेवा दिन शुरू गरिएको इस्मा गाउँपालिकाका कार्यकारी अधिकृत पोखरेलले जानकारी दिए।

यस भेगका जनतालाई नजिकै स्वास्थ्यचौकी तथा स्वास्थ्यसेवा लिने ठाउँ नहुँदा समान्य बिरामी पर्दा पनि सदरमुकाम तम्घास जानुपर्ने बाध्यता थियो। वडास्तरमै स्वास्थ्यचौकीको माग गर्दै स्वास्थ्य मन्त्रालयमा माग गरी पठाइएको गाउँपालिका कार्यकारी अधिकृत पोखरेलले जानकारी दिए।

सामुदायिक स्वास्थ्य एकाइको जिल्ला समन्वय समिति गुल्मीका प्रमुख लक्ष्मण पराजुलीले एक कार्यक्रमबीच उद्घाटन गरेका थिए। स्वास्थ्य एकाइको उद्घाटन गर्दै प्रमुख पराजुलीलले जनतालाई घरदैलोमै सर्वसुलभ तरिकाबाट स्वास्थ्य सेवा लिन मद्दत मिल्ने बताए। अब यस वडाका नागरिकलाई घरछेउमै स्वास्थ्य सेवा लिन पाउने पराजुलीले बताए। वडा विभाजनपश्चात् यस वडामा स्वास्थ्य सेवा लिनबाट वञ्चित जनतालाई यस क्षेत्रमा पायक पर्ने सबैले स्वास्थ्य एकाइबाट सेवा लिन पराजुलीले आग्रह गरे। उद्घाटन कार्यक्रममा गाउँपालिका अध्यक्ष लक्ष्मण विष्ट, जिल्ला जनस्वास्थ्य अधिकृत, गाउँपालिका कार्यकारी अधिकृत सरोज पोखरेल, वडा नं २ का वडा अध्यक्षलगायतको उपस्थिति रहेको थियो।

गाउँपालिकाले मेडिकल कलेज, विभिन्न परोपकारी संस्थासँग समन्वय गरी वर्षमा चारपटक विशेषज्ञ सेवासहितको स्वास्थ्य शिविर सञ्चालन गर्ने गाउँपालिका अध्यक्ष लक्ष्मण विष्टले जानकारी दिए। इस्मा स्वास्थ्यचौकीमा प्रयोगशाला सञ्चालन, साथै विशेषज्ञ डाक्टरसँग परामर्श गर्न टेलिमेडिसिन सेवाको शुरुआत गरिने कार्यक्रम गाउँपालिकाले अगाडि बढाएको छ।


## बर्जु गांउपालिका
## गांउ कार्यपालिकाको कार्यालय
**अमाहीवेल्हा, सुनसरी**

### 4WD जिप खरिद कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**ठेक्का न. ०२-७४।७५**

**प्रथम पटक प्रकाशित मिति २०७४/०५/२५ गते**

यस कार्यालयको आ.ब. ०७४/०७५ को बजेट अन्तर्गत तपसिलका 4WD जिप फुल अपसन थान १(एक) खरिद गर्ने कार्य बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त अधिकृत बिक्रेता तथा फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्रको माध्यम बाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत विक्रेता तथा फर्महरूवाट चालु आ.व.को लागि नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७३।७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र संलग्न गरी रू.१०।- को टिकट टांसी, बोलपत्र फारमको आवश्यक राजश्व दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयवाट प्राप्त गर्न सकिने छ ।
२. शिलबन्दी बोलपत्र साथ बर्जु गांउपालिका, अमाहीवेल्हाको नाममा राष्ट्रिय बाणिज्य बैंक, ईनरूवा शाखामा रहेका धरौटी खाता न. २२२०३०३००७१०६ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्रिय बैंक "क" वर्गको मान्यता प्राप्त बैंक बाट बर्जु गांउपालिका, अमाहीवेल्हाको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरूको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फारम अनुसारनै पेश भएको मात्र मान्य हुनेछ ।
३. बोलपत्र फाराममा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा वूझाउनू पर्नेछ ।
४. बोलपत्र खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा बोलपत्र खोलिने छ । बोपलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सो कार्य सो को भोलिपल्ट सोही समयमा हूनेछ ।
५. सवारी साधन कार्यालयको टेक्निकल स्पेशिफिकेशन वमोजिमको हून् पर्नेछ । सवारी साधनको टेक्निकल स्पेशिफिकेशन सहितको सक्कल क्याटलक बोलपत्र साथ समावेश गरी Servicing, Warranty आदि सम्वन्धमा समेत खूलाउनू पर्नेछ ।
६. यस कार्यालयबाट प्राप्त गरेको बोलपत्र फाराममा उल्लेखित सवारी साधनको प्रति इकाइ दरभाउ अंक र अक्षर दूवैमा स्पष्ट खूलाउनू पर्नेछ । अंक र अक्षरमा फरक दर भएको पाईएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ ।
७. म्याद नाघि आएको वा रित नपूगेको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्र उपर कूनै कारवाही हूने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ ।
८. एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।
९. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | विवरण | धरौटी रकम रू. | फाराम दस्तुर रू. |
|---|---|---|---|---|
| १. | २/०७४/७५ | 4WD जिप फुल अपसन (न्युनतम २००० सिसि) थान १ (एक) | १,५०,०००।०० | ३०००।०० |

कार्यकारी अधिकृत



नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## जिल्ला समन्वय समितिको कार्यालय

कपिलवस्तु, तौलिहवा

### शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७४/०५/२५

जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तुले स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ बमोजिम बिगतका बर्षदेखि नै लगाउदै आईरहेको तोकिएका नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम एकद्वार प्रणाली अन्तर्गत नदिजन्य पदार्थको जिससबाट तोकेको दररेट एंव स्थानबाट बिक्रि गर्नु पर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षणको स्वीकृत प्रतिवेदनमा उल्लेख भए बमोजिमका शर्तहरुको अधीनमा रही निम्नानुसारको न्युनतम ठेक अंकमा नघट्ने गरी आ.व. २०७४/०७५ को बांकी अवधि देखि २०७५ जेष्ठ मसान्तसम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुंदा इच्छुक दर्तावाला फर्म/व्यक्तिहरुबाट आफूले लिन चाहेको ठेक्काको बोलपत्र फारम दस्तुर फिर्ता नहुने गरी तपसिलमा उल्लेख भएको म्याद भित्र छुट्टाछुट्टै बोलपत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा नेपाली नागरिक भए आफुले कबुल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुने रकम र गैर नेपाली नागरीक भए आफूले कबुल गरेको ठेक्का अंकको १० प्रतिशतका दरले हुन आउने धरौटी रकम यस जिल्ला समन्वय समितिको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, तौलिहवा शाखामा रहेको ३११०३०३००७१०१ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर वा १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको विडवण्ड बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सही छाप गरी शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ । बोलपत्र बिक्रि तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोहि समयमा सोको भोलिपल्ट गरिनेछ । बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वंयम वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा नीजको प्रतिनिधि अनुपस्थित भएपनि जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस जि.स.स.मा सुरक्षित रहनेछ । स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन यस सूचनाको अभिन्न अंगको रुपमा रहनेछ । घाटगद्दि व्यवस्थापन सम्वन्धमा जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिबाट स्वीकृत कार्यविधि २०७२ बमोजिम हुनेछ । ठेक्का स्वीकृत भए पश्चात एकमुष्ठ रकम बुझाउन चाहेमा दश प्रतिशत सम्म छुट दिईनेछ । थप जानकारीका लागी जि.स.स.को सूचना पाटीमा हेर्न वा कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन जानकारी गराइन्छ । साथै शर्त तथा बन्देज सम्वन्धि विस्तृत विवरण बोलपत्र फारमसाथ संलग्न रहनेछ ।

१. आन्तरीक बिक्री तर्फ : (ढुंगा, गिट्टी, वालुवा र मिस्कट) निजि जग्गामा उत्पादित समेत ।

| क्र.स. | नदि र घाटको नाम | आ.व. ०७४/०७५ मा बिक्रिका लागि तोकिएको परिमाण - घन मिटरमा | आ.व. ०७४/०७५ को लागि तोकिएको न्यूनतम अंक - मु.अ.कर बाहेक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १ | बाणगंगा नदि अर्न्तगतः | | | |
| १.१ | बाणगंगा नाका - श्रृंगिघाट सिचाईको बांधको १ किलोमिटर तल देखि बाणगंगा पुलको ५०० मिटर माथिसम्म | ८८,६४५ | ९३,८२,०००।- | ३,०००।- |
| १.२ | भगलापुर सुठौली नाका - बाणगंगा सिंचाईको बांधको १००० मिटर दक्षिण देखि बाणगंगा नगरपालिकाको दक्षिणी सिमासम्म पर्ने नाकाहरु | ८१,१७१ | ८५,९१,०००।- | ३,०००।- |
| १.३ | निग्लिहवा नाका - कपिलवस्तु नगरपालिका अर्न्तगत पर्ने साविक निग्लिहवा गाविसभित्र पर्ने नाकाहरु | ८१,४१३ | ५७,४५,०००।- | ३,०००।- |
| १.४ | तिलौराकोट, रामघाट/बरगदीघाट नाका- क.व.न.पा. को वार्ड नं. ०६ को उत्तरी सिमा देखि दक्षिण नेपाल भारत सिमा रेखासम्म | ८३,६५७ | ६०,००,०००।- | ३,०००।- |
| २ | सुरही नाका - चुरे क्षेत्र बाहेक १ कि.मि दक्षिण देखी सुरही खोला अर्न्तगत पर्ने सबै नाकाहरु | १,३२,८६९ | १,४१,००,०००।- | ३,०००।- |
| ३ | चंघाट र कोन्द्रे खोला (चुरे क्षेत्र बाहेक) | १,१५,००० | १,२२,००,०००।- | ३,०००।- |
| ४ | अगिया खोला (चुरे क्षेत्र बाहेक) | ६६,६४२ | ७०,५३,०००।- | ३,०००।- |
| ५ | चिरई खोला (चुरे क्षेत्र बाहेक) | ५८,३७१ | ६२,००,०००।- | ३,०००।- |
| ६ | मैनारी र सुकबेल नाका (चुरे क्षेत्र बाहेक) | ५९,६०४ | ६३,००,०००।- | ३,०००।- |
| ७ | घिरी र कोइली खोला (चुरे क्षेत्र बाहेक) | ५८,३७१ | ६२,००,०००।- | ३,०००।- |
| ८ | झिंगा र कुच्चा खोला (चुरे क्षेत्र बाहेक) | ५९,१०२ | ६२,४६,०००।- | ३,०००।- |

शुल्क लिने दर रेट :

ढुंगा, गिट्टी, वालुवा र मिस्कट : सि.न. १.१,१.२,२,३,४,५,६,७ र ८ को हकमा प्रति क्यू. फिट रु. ३।- र सि.न. १,३ र १.४ को हकमा प्रति क्यू. फिट रु. २।-

बोलपत्र बिक्री तथा दर्ता हुने अन्तिम मिति र समय : क) सूचना प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र बिक्री र सो को भोलिपल्ट १२:०० सम्म दर्ता ।

बोलपत्र दर्ता गर्ने स्थान : जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तु

बोलपत्र खोलिने स्थान, मिति र समय : जि.स.स.को कार्यालय कपिलवस्तु, बोलपत्र दर्ता भएको दिनको ठीक २:०० बजे ।

स्थानीय विकास अधिकारी

# विश्व

**विनाश**

मेक्सिकोमा शुक्रबार आएको ८ दशमलव १ रिक्टर स्केलको भूकम्पमा ज्यान जानेको संख्या ६१ पुगेको छ।



**शिशुको दाँत**

भारतको गुजरातमा चिकित्सकहरूले श्वास फेर्ने समस्याबाट पीडित एकमहिने शिशुका ७ वटा दाँत निकालेका छन्। जन्मेको केही दिनमै उनको दाँत पलाएको थियो।



2017, SEP Sunday 10

## विश्व २ मिनेट

### इटाली
#### चिकुन्गुन्या देखियो

एन्जियो, (एजेन्सी)

इटालीको सञ्चारमाध्यमले रोमदेखि ५० किमि दक्षिणमा पर्ने एन्जियो शहरमा तीन जनामा लामखुटेको कारण लाग्ने डरलाग्दो ज्वरो चिकुन्गुन्या फेला परेको शनिबार जनाएको छ। यस भाइरल रोग लाग्दा ज्वरो आउने र जोर्नीहरू दुख्ने गर्छन्। यसको अहिलेसम्म उपचार पत्ता लागि नसके पनि यो प्राणघातक भने नभएको चिकित्सकहरूले बताएका छन्। यसको महामारी फैलिने डरले एन्जियोमा कसैलाई रक्तदान नगर्न सरकारी आदेश जारी गरिएको छ। केही दिनअधिमात्र उत्तरी इटालीमा औंलोको कारण एक बालिकाको मृत्यु भएको थियो।

### साउदी अरेबिया
#### वार्ताका लागि आग्रह

रियाद, (एजेन्सी)

कतार सरकारले शनिबार साउदी राजकुमारलाई दोहा र चारवटा अरब मुलुकबीच विद्यमान समस्याको समाधानका लागि छलफल अघि बढाउन आग्रह गरेको दुवै राष्ट्रका सञ्चारमाध्यमले जनाएका छन्। कतारका अमिर शेख तामिम विन हमाद अल थानीले आफू साउदी र अन्य तीन मुलुकले अघि सारेका मागमाथि छलफल गर्न आफू तयार रहेको बताएको साउदीको एसपीए समाचार निकायले जनाएको छ। आतंकवादलाई बढावा दिइरहेको भन्दै साउदी अरेबिया, बहराइन, इजिप्ट र युनायटेड अरब इमिरेट्सले ५ जुनमा कतारसँगको कूटनीतिक सम्बन्ध तोडेका थिए।

### कोलम्बिया
#### महिलालाई सम्मान

बोगोटा, (एजेन्सी)

कोलम्बियामा हालै ठूलो जनसमूहलाई सम्बोधन गर्ने क्रममा पोप फ्रान्सिसले महिलामाथि विश्वभरि हुँदै गरेको शाब्दिक र शारीरिक हिंसाको कडा आलोचना गर्दै तिनीहरलाई सम्मान गर्न आग्रह गरेका छन्। तीन दशकमा कोलम्बियाको भ्रमण गर्ने यी अर्जेन्टिनी पहिलो पोप हुन्। उनले बाइबलमा महिलालाई शक्तिशाली र प्रभावशालीरूपमा उल्लेख गरिएको पनि स्मरण गराएका थिए। कोलम्बियाको शान्ति प्रक्रियालाई समर्थन गर्ने उद्देश्यले पाँचदिने भ्रमणमा त्यहाँ पुगेका फ्रन्सिसले भिल्लाभिसेन्सियो शहरमा आयोजित जनभेलामा विश्वमा थुप्रै महिलाले अहिलेसम्म आफूमाथिको उत्पीडन चुपचाप सहँदै आएको बताएका छन्।

### बेलायत
#### सुपरम्यान मुक्का

लन्डन, (एजेन्सी)

शक्तिशाली मुक्का प्रहार गरी एक पोलिसको ज्यान लिने १६ वर्षीय किशोरलाई बेलायतको चेल्मसफोर्ड क्राउन अदलातले ३ वर्ष लामो कारबास सजाय सुनाएको छ। सन् २०१६ को २७ अगस्टमा इसेक्सको हार्लोमा भोडुका पिउँदै गरेका अर्कान्डिज जोजविक नामक ती ४० वर्षीय पोलिसलाई नाम नखुलाइएका तथा त्यति बेला १५ वर्षीय ती किशोरले टाउको पछाडि हानेको एक मात्र मुक्काको कारण उनको दुई दिनपछि अस्पतालमा मृत्यु भएको थियो। उनले अदालतमा मार्ने नै उद्देश्यले मुक्का प्रहार नगरेको बताएका थिए।

# ‘इर्मा’ आँधी भगाउन गोली हान्ने सुझाव भाइरल

वासिङ्टन, (एजेन्सी)

हाल इर्मा नामक डरलाग्दो सामुद्रिक आँधीबाट दुःख पाउँदै गरेको अमेरिकामा कुनै एक्सन हलिउड चलचित्रमा भयावह समस्याविरुद्ध एक हिरोले देखाउने काल्पनिक बहादुरी जस्तै घटना सार्वजनिक भएको छ।

फ्लोरिडाका एक पुरुषले तनाव र निकै नियास्रो लागेकै कारण तुफान इर्मालाई ताक्दै गोली हानेको घटनाप्रति अधिकांश व्यक्तिको ध्यानाकर्षण भएको छ। उनको कल्पनामा इर्मासँग भिड्न अचानक आएको यस कल्पनामा साथ दिन ४६ हजारभन्दा बढीले साथ दिने सहमति जनाइसकेका छन्। हिजोअर्थात शनिबार इर्मा फ्लोरिडा आइपुग्ने वैज्ञानिकहरूको भविष्यावाणीलाई ध्यानमा राख्दै खतराको क्षेत्रमा परेको ठूलो संख्यामा मानिसलाई सुरक्षित गन्तव्यतर्फ लगिँदै गरेको अमेरिकी अधिकारीहरूले बताएका छन्।




अमेरिकी इतिहासममै यति ठूलो संख्यामा मानिसलाई असुरक्षित क्षेत्रबाट खाली गरिएको बताइएको छ। २२ वर्षीय ग्योन एडवर्डसले उपन्यासे शैलीमा आँधीलाई गोली हानेर भगाउने जुक्ति शुक्रबार साँझ आफ्नो फेसबुक इभेन्टमा राखेका थिए। उक्त इभेन्टप्रति अहिलेसम्मा ४६ हजार व्यक्तिले आफ्नो समर्थन व्यक्त गरिसकेका छन्।

उनले बीबीसीलाई बताएका छन्- ‘भावी आँधीको खतराका कारण निरन्तर तनाव र नमज्जा लाग्न थालेपछि मैले त्यसै सो इभेन्ट शुरू गरेको थिएँ। तर, यतिका प्रतिक्रिया आउँछ भन्ने मैले सोचेकै थिइनँ। मैले मेरो यस काल्पनिक इभेन्ट यसरी भाइरल होला भनी सोचेकै थिइनँ। अब त यसलाई म आफैं पनि नियन्त्रण गर्न नसक्ने स्थितिमा पुगेको छु।’

उक्त दि ‘सुट एट इर्मा’ पेजमा यदि कोष मिलाइर आँधीतर्फ गोली हानिएको खण्डमा गोली आफूतिर नफर्किने ग्राफिक्ससहितको सुझाव पनि राखिएको छ। एडवर्डसको गुरूयोजनाको सिको गर्दै खोलिएका त्यस्तै अन्य फेसबुक पेजहरूमा आँधीतर्फ आगो फाल्ने सुझावसमेत दिइएको छ।

यसैबीच थुप्रै क्यारिवियन टापुलाई तहसनहस बनाइसकेको इर्मा भीषण हुरीबतास र वर्षासहित हिजो क्युबा आइपुगेको बताइएको छ। क्युबाको उत्तरपूर्वी समुद्रीतट क्यामागय क्षेत्रमा यसले असर पारिरहेको छ।

तर, इर्माले अचानक आफ्नो पथ परिवर्तन गरेकाले बहामासका विभिन्न भाग सुरक्षित हनपुगेको बताइएको छ। इर्माकै कारण क्यारिवियन क्षेत्रमा अहिलेसम्म कम्तीमा २० जनाको ज्यान गइसकेको छ। फ्लोरिडामा ५६ लाख मानिस बस्ने गरेका छन्।

# अमेरिकी कन्ट्री सिंगर विलियम्स रहेनन्

वासिङ्टन, (एजेन्सी)

अमेरिकी कन्ट्री म्युजिक सिंगर डन विलियम्सको ७८ वर्षको उमेरमा निधन भएका उनको पारिवारिक सूत्रले शनिबार जनाएको छ। आफ्नै मौलिक एवं सरल शैलीमा गीत गाउँदै सफलताको शिखरमा पुगेका तथा टेक्सास निवासी उनको छोटो समय बिरामी परेपछि निधन भएको हो।



सन् १९७१ मा एकल सांगीतिक यात्रा शुरू गरेका विलियम्सका १७ वटा गीत कन्ट्री हिट्समा परेका छन्। उनका चर्चित गीत, ‘जिप्सी ओमन र ‘टुल्सा टाइम’ एरिक क्लाप्टन र पिट टाउन्सेन्डलगायत अन्य थुप्रै गायकगायिकाले पनि गाएका छन्।

उनी कन्ट्री म्युजिक क्षेत्रका शालिन एवं पैतभिवान व्यक्तित्वको रूपमा स्थापित थिए। उनका अन्य ख्यातिप्राप्त गीतमा यु आर माइ बेस्ट फ्रेन्ड, आई बिलिभ इन यु एन्ड लर्ड, आय होप दिस डे इज गुडलगायत रहेका छन्। सन् २०१० मा उनलाई विशेष सम्मानस्वरूप कन्ट्री म्युजिक हल अफ फेम घोषित गरिएको थियो। यसै गरी अर्का अमेरिकी चर्चित कन्ट्री गायक ट्रोयको पनि हालै ५० वर्षको उमेरमा निधन भएको छ। उनको न्युजर्सीको मेडफोर्डमा भएको हेलिकाप्टर दुर्घटनामा मृत्यु भएको बताइएको छ।

# विस्थापित परिवारले क्षतिपूर्ति पाएनन्

नयाँदिल्ली, (एजेन्सी)

सन् २०१३ मा भारतको मुजफरनगरमा भएका दंगाका कारण विस्थापित १ सय ९० भन्दा बढी परिवारलाई अहिलेसम्म कुनै क्षतिपूर्ति नदिइएको अधिकारवादी पहरेदार एमनेस्टीले जनाएको छ। एमेनेस्टीको प्रतिवेदनमा स्थानीय निकायले विभिन्न बहानाबाजी गर्दै ती पीडित परिवारलाई क्षतिपूर्ति नदिएको कुरा उल्लेख गरिएको छ।



हिन्दू र मुस्लिम समुदायबीच भएको भिडन्तमा त्यसबेला ६० जनाभन्दा बढी व्यक्तिको ज्यान जानुका साथै अन्य ५० हजारभन्दा बढी विस्थापित हुन पुगेका थिए। तीमध्ये अधिकांश परिवार अहिलेसम्म विद्युत् र पानीको राम्रो प्रबन्ध नरहेका अस्थायी शिविरहरूमा बस्दै आएको बताइएको छ।

सन् २०१३ को सेप्टेम्बरमा भारतको उत्तरी राज्य उत्तर प्रदेशको मुजफरनगरमा भएको सो हिंसात्मक घटनाको कारण हजारौं व्यक्ति घर छाडेर भागेका थिए। एक युवतीलाई जिस्काएको निहुँमा तीन पुरुषको हत्या भएपछि सो दंगा शुरू भएको थियो।

नजिकका गाउँहरूमासमेत फैलिएको उक्त साम्प्रदायिक हिंसा दशककै राष्ट्रको सबैभन्दा नराम्रो घटना मानिएको थियो।

सन् २०१३ को अक्टोवरमा राज्य सरकारले सो घटनाबाट सबैभन्दा प्रभावित गाउँहरूका पीडित प्रत्येक परिवारलाई एकपटक जनही ५ लाख भारु क्षतिपूर्ति स्वरूप प्रदान गर्ने घोषणा गरेको थियो।

तर, सन् २०१६ को अगस्टदेखि २०१७ को अप्रिलसम्म अधिकारवादी समूहले १२ वटा पुनर्बास क्षेत्रको स्थलगत अध्ययन भ्रमण गर्दा ९ वटा गाउँका १ सय ९० विस्थापत परिवारले अझैसम्म क्षतिपूर्ति नपाएको फेला पारेको हो।

# मुसाले किशोरीलाई सयौं पटक टोक्यो

पेरिस, (एजेन्सी)

उत्तरी फ्रान्समा शरीरभरि मुसाको टोकाइका कारण एक शारीरिकरूपमा अशक्त किशोरी गम्भीर घाइते हुनपुगेकी प्रहरीले जनाएको छ।

रोवाइक्सस्थित भाडामा लिइएको भुइँतलाको कोठामा सुतिरहेका बेला पाराप्लेजिक रोगबाट ग्रस्त सामन्था नामकी ती १४ वर्षीया किशोरीलाई मुसाले आक्रमण गरेका थिए।

उपचारमा संलग्न एक चिकित्सकलाई उद्धित गर्दै फ्रान्स इन्फोले उनको अनुहारमा ४५, हातमा १ सय ५० र खुट्टामा ३० वटा घाउ भएको जनाएको छ।



ती किशोरीका पिताले घरबेटीसँग यस घटनाका लागि क्षतिपूर्तिको माग गरेका छन्।

स्थलगत अनुसन्धानबाट घटनास्थलनजिक फोहोरका बाकसहरू छरपस्टरूपमा भेटिएको छ। अर्को दुई सन्तान पनि रहेका ती पिताले गत शनिबार छोरीलाई पलंगमा रगताम्य अवस्थामा फेला पारेको बताएका छन्। रातिसम्म सबैकुरा ठीकठाक रहेको र आफु माथिल्लो तलामा सुतेको उनले बताएका छन्।

उनले स्थानीय अखबार कोरियरर पिकार्डलाई बताएका छन्- ‘सामन्थाका दुवै कानबाट रगत बग्दै गरेको देख्दा उनलाई मस्तिश्कश्राव भएको होला भन्ठानेर तर्सिए। मुसाले उनको हातका औंलाका टुप्पो पनि खाइदिएको छ। त्यसको उपचारै हुन सक्दैन, रे।’

अस्पतालमा तत्काल गरिएको परीक्षणबाट उनलाई रेबिज भने नलागेको पत्ता लागेको छ। प्रहरीले यस घटनामाथि गम्भीर अनुसन्धान गरिरहेको छ भने सामन्थाको परिवार अर्को घरमा सरेको छ। निकै भोकाएको बेला कहिलेकाहीं लास खानसमेत पछि नपर्ने मुसाले यसरी जीवित मानिसमाथि विरलै आक्रमण गर्ने विशेषज्ञहरू बताउँछन्।


## Invitation for Bids

**Government of Nepal (GoN)**
Ministry of Livestock Development
**Department of Livestock Service**
Directorate of Livestock Production (DoLP)
**National Livestock Breeding Centre, Pokhara**
Lamapatan, Pokhara
IFB No. NCB/G/2074-75/01
**Date of publication: 10 September 2017**

1. The National Livestock Breeding Centre (NLBC), Lampatan, Pokhara invites sealed bids or electronic bids from eligible bidders for the Supply and Delivery of following Goods under National Competitive Bidding procedures. The name and identification of the contract are as follows:

| Contract ID No. | Name of Procurement | Name of Office | Required Qty | Bid Security NRs. | Doc Fee NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| NCB/G/2074/75/01/P1 | Supply and Delivery of Liquid Nitrogen | NLBC, Pokhara | 1,50,000 litres | 3,00,000/- | 3,000/- | Hardcopy & e-Bid |
| NCB/G/2074/75/01/P2 | Supply and Delivery of Liquid Nitrogen | LBO, Nepalgunj | 50,000 litres | 1,00,000/- | 3,000/- | Hardcopy & e-Bid |
| NCB/G/2074/75/01/P3 | Supply and Delivery of Liquid Nitrogen | LBO, Lahan | 94,000 litres | 2,50,000/- | 3,000/- | Hardcopy & e-Bid |
| NCB/G/2074/75/02 | Supply and Delivery of Semen Filling Straw | NLBC, Pokhara | 10,00,000 pcs. | 1,00,000 | 3,000/- | Hardcopy Only |

2. Eligible bidders may obtain further information at the office of NLBC, Pokhara, Tel 061-622284, 061-432633 Fax: 061-432633and email nlbc.pokhara@gmail.com of office.
3. Bidding documents may be purchased from the office of NLBC, Pokhara by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee on or before 9 October 2017 during office hours. Or Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission from e-GP system http://www.bolpatra.gov.np.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Rastriya Banijya Bank **Account No.** 111-01
**Office Code no.** : 47327-03 **Revenue Code No.:** 14227
4. Sealed Bids must be submitted to the above office of NLBC, Lampatan, Pokhara on or before 12:00 Noon on 10 October 2017. Alternatively, bidders may submit their bids electronically through e-GP portal https://www.bolpatra.gov.np within the above deadline for bid submission. Documents received after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of bidder's representatives who choose to attend 2:00 PM on 10 October 2017 at the office of NLBC, Lampatan, Pokhara. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

> 'हामीलाई दिनकै टर्चर छ। हामीलाई न्याय चाहियो', याकुवले भन्नुभयो- 'अदालतले दोषी देखाए पनि हामी छुटेर आयौं भन्दै धम्क्याउँछन्।'

### जन्मकैद सुनाइएका व्यक्ति मुद्दा फिर्तापछि गाउँपालिका प्रमुख

# सर्वोच्च पुगेको मुद्दा फिर्ता लिन धम्की

**नेपाल समाचारपत्र**
बाँके

'मुद्दा फिर्ता लेऊ, नत्र राम्रो हुँदैन, दैनिकजसो कोही न कोही आएर धम्क्याइरहन्छन्। हामी त त्रासमा बाँचिरहेका छौं', बाँके डुडुवा-२, नौरीगौरीकी कल्सुन नाउले भन्नुभयो- 'केही आएर घर जग्गा नै हडप्छौंसमेत भन्छन्।'

कल्सुनका श्रीमान् गुलामहुसैन नाउ र काका मन्सव नाउको ज्यान गएको झडपका मुख्य अभियुक्त भनिएका नरेन्द्र चौधरी, मेघनाथ चौधरी र कैयुम खाँलगायत १५ जनाका समर्थकले नाउ परिवारलाई मुद्दा फिर्ता लिनका लागि धम्की दिइरहेको पीडित परिवारले बताए। मुख्य अभियुक्त भनिएका नरेन्द्र चौधरी अहिले डुडुवा गाउँपालिकाका अध्यक्ष रहेका छन्।

उपभोक्ता समिति गठनको विषयलाई लिएर २०६६ चैत्र ३० चौधरीसमर्थकले आक्रमण गर्दा दुई जनाको मृत्यु भएको थियो। घटना अदालत पुग्यो। जिल्ला अदालतले २०६९ असोज १६ गते नरेन्द्र, मेघनाथ र कैयुमलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनायो। न्यायाधीश शेखरप्रसाद पौडेलले यस्तो फैसला सुनाउनुभएको थियो।

अदालतको फैसलापछि नरेन्द्र, मेघनाथ र कैयुमलाई प्रहरीले पक्राउ गरेर जेल हाल्यो। कांग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्री हुँदा 'राजनीतिक' भन्दै चौधरीलगायत सबैको मुद्दा फिर्ता लिइयो। घटनालाई पहिले नै (मिति) राजनीतिक भनिसकेको आधार बनाएर कोइराला सरकारले मुद्दा फिर्ता लिएको थियो।

सरकारले मुद्दा फिर्ता लिएपछि नाउ परिवार सर्वोच्च पुगेको छ। यही २६ गते सर्वोच्चमा त्यस मुद्दाको पेसी रहेको छ। यसअघिका दुई पेसी विभिन्न बहाना बनाएर रोकिएको पीडित परिवारले बताए।

'स्थानीय जनतालाई धम्क्याएर चौधरी गाउँपालिकाका अध्यक्ष भएका छन्, उनी त अपराधी हुन्, सर्वोच्चमा मुद्दा चलिरहेको छ', गुलाम हुसैनका दाइ याकुव अहमद नाउले भन्नुभयो- 'सरकार हामीलाई न्याय चाहियो।'

नेपालगन्जमा शनिबार पत्रकार सम्मेलन गरेर नाउ परिवारले दोषीलाई कारबाहीको माग गरे। 'हामीलाई दिनकै टर्चर छ। हामीलाई न्याय चाहियो', याकुवले भन्नुभयो- 'अदालतले दोषी देखाए पनि हामी छुटेर आयौं भन्दै धम्क्याउँछन्।'

चौधरी र नाउ परिवारका बीचमा लामो मुद्दामामिला र रिसिइबी चलिरहँदा असार १४ गतेसम्म स्थानीय निकायको निर्वाचनमा नरेन्द्र चौधरी गाउँपालिकाको प्रमुख भएपछि अझ चुलिएको छ। 'हामीलाई लखेट्ने भन्छन्, घर बनाउन पनि दिएका छैनन्।' -याकुवले भन्नुभयो।

१५ लाख बजेटको सडक ग्राभेलका लागि उपभोक्ता समिति गठन गर्ने क्रममा चैत्र २८ गते त्यहाँ विवाद भएको थियो। त्यही विवाद बढेर हत्यासम्ममा पुगेको थियो। अदालतले सर्वस्वसहित जन्मकैद सुनाएका व्यक्तिलाई सरकारले रानजीतिक भन्दै मुद्दा फिर्ता लिएपछि नाउ परिवार अझ बढी टर्चर परेका छन्।

# ज्यापू समाजद्वारा प्रधानमन्त्री देउवालाई सम्मान

**नेपाल समाचारपत्र**
ललितपुर

ज्यापू समाज, यलले शनिबार प्रधानमन्त्री शेरबहादुर देउवालाई सम्मान गरेको छ। समाजको २४औं वार्षिक साधारणसभाको अवसरमा भोलढोकास्थित ज्यापू प्रज्ञा भवनमा आयोजित एक समारोहका बीच प्रधानमन्त्री देउवालाई सम्मान गरिएको हो। सो अवसरमा समाजका अध्यक्ष प्रेम महर्जनले प्रधानमन्त्री देउवाले फूलमाल सम्मान-पत्र प्रदान गर्नुभयो।

समारोहमा प्रधानमन्त्री देउवाले नेवार सभ्यता मुलुकको एक प्रमुख सभ्यता भएकाले उल्लेख गर्दै सो सभ्यता, संस्कृतिलाई बचाउन ज्यापू समाजले निर्वाह गरेको भूमिकाको सराहना गर्नुभयो। नेपाल एक बहुजातीय, बहुभाषिक मुलुक रहेको बताउँदै प्रधानमन्त्री देउवाले मुलुकको राष्ट्रियता, पहिचानमा नेवारी सभ्यताको चर्चा गर्दै त्यसको संरक्षणका लागि राज्यले पहल गर्ने पनि प्रतिबद्धता व्यक्त गर्नुभयो। निर्धारित समयभन्दा झन्डै दुई घण्टा ढिला पुग्नुभएका प्रधानमन्त्री देउवाले समारोहमा सहभागी हुनुअघि समाजमा निर्मित जातीय संग्रहालयको अवलोकन गर्नुभयो।

सो अवसरमा वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीले ज्यापू समाजले बिना सरकारी सहयोग वाग्मती सभ्यतासँग जोडिएको उपत्यकाको किसान सभ्यता, संस्कार, रीतिरिवाजसँग सम्बन्धित संग्रहालय खोलेर समग्र मुलुकका सांस्कृतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको धारणा राख्नुभयो।

सो समारोहमा समाजका अध्यक्ष प्रेम महर्जनले ललितपुरका परम्परागत ४० टोलका ज्यापू जातिको प्रतिनिधिमूलक संगठनका रूपमा रहेको समाजले नेवार समुदायको महत्त्वपूर्ण अंगका रुपमा नेपाल भाषा, संस्कृति, परम्पराको जर्गेना गर्दै हरेक राजनीतिक परिर्वतनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो। अध्यक्ष महर्जनले ज्यापू समाजले बनाइरहेको अत्याधुनिक सुविधासहितको वृद्धाश्रम निर्माणमा सरकारीस्तरमा सहयोग गर्न माग गर्नुभयो।

समाजका उपाध्यक्ष एवं ललितपुर क्षेत्र नम्बर २ का सांसद् चन्द्र महर्जनले राजधानीसँग जोडिएको ललितपुर जिल्लाको समग्र विकासलाई राज्यले उचित प्राथमिकतामा राख्नुपर्नेमा प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराउनुभयो।

नेपालको राष्ट्रिय गानसँगै नेवा: राष्ट्रिय गान बजाएर शुरुआत गरिएको सो समारोहमा ललितपुरको परम्परागत ४० टोलका सदस्यहरूमध्ये च्यासलका ९८ वर्षीय कान्छा व्यञ्जनकारलाई प्रधानमन्त्री देउवाले दोसल्ला र सम्मान-पत्र प्रदान गर्नुभयो।

Government of Nepal
Ministry of Irrigation
Department of Water Induced Disaster Management
**Water Induced Disaster Management Division Office No. 7**
Charikot, Dolkha

**Invitation for Bids (Notice No.01/074-075)**
(First Publication Date: 2074/ 05 /25)

1. The Government of Nepal (GoN), Ministry of Irrigation, Department of Water Induced Disaster Management (DWIDM) has allocated funds towards the cost of **River Training (Hill-High Hill),** Dolakha district and intends to apply part of the funds to cover eligible payments under the Contract given below. Bidding is open to all eligible Nepalese Bidders.
2. Bidders may bid for one or several contracts, as defined in the Bidding Document. Bidders wishing to offer discounts in case they are awarded more than one contract will be allowed to do so provided those discounts are included in the Letter of Bid.
3. Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha invites sealed bids from eligible bidders for the construction of following works related with river training either as a single entity or in joint venture. The maximum number of J/V partner(s) is limited to 3 (three) only.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at
   Department of Water Induced Disaster Management, Pulchowk, Lalitpur Telephone: 9860343686
   Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha
   Telephone: 049-421513 Facsimile: 049-421747
5. Complete set of Bidding Documents may be purchased from the **Department of Water Induced Disaster Management, Pulchowk, Lalitpur (Tender Shakha) or Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha** by eligible Bidders on the submission of a written application, along with the duly attested copy of firm registration certificate, Tax and VAT clearance certificate for **F.Y.2073/074** upon payment of a non-refundable fee mentioned below for each package/contract during office hours on or before **2074/06/23. A**lternatively, the bidder may choose to deposit cost of bidding document in the following revenue (Rajaswa) account of the office at **Nepal Bank Limited, Charikot, Dolakha**
   **Rajaswa Account No. Ka 1.1.04 (Office Code: 22-357-02, Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha), Rajaswa Shirshak No.14227**
6. Sealed Bids must be submitted to the **Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha** on or before 12.00 noon on **2074/06/24**. Bids received after this deadline will be rejected. The bidders shall seal the bid and other necessary documents in a single envelope addressing the Division Chief, Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha. Alternatively, interested eligible bidders may visit e-procurement section of PPMO's website **http://www.bolpatra.gov.np** for purchasing and submitting their bids electronically as instructed in e-GP portal of PPMO.
7. The bidders shall quote the item rates in the Bill of Quantities exclusive of VAT. The unit price furnish in words shall prevail in case of any discrepancy between figures and words.
8. Bidders are advised to ***visit the site*** and assess the actual site conditions before submitting the bids.
9. Bidders who submit the bids electronically should compulsorily submit hard copies (Original printed copy) of their e-bids within **7 days** from the date of bid opening. Hard copies of e-bids can be submitted to the **Department of Water Induced Disaster Management, Pulchowk, Lalitpur (Tender Shakha) or the Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha.**
10. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14.00 hrs. on **2074/06/24** at the **Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha** . Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of specified as below in the form of cash voucher deposited in **Dharauti A/C no. 1300200000000000033 District Treasury Comptroller Office (Office Code No: 22-305-01)** (Ko.Le.Ni.Ka.) of Nepal Bank Limited, Charikot, Dolakha or Bid Bond in the form of Bank Guarantee issued by the bank recognized by GoN as a "A" class commercial bank, which shall be valid for 30 days more beyond the validity period of the bid.
11. A pre-bid meeting shall be held on **2074/06/08** at 12:00 noon at **Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha.**
12. The intended completion date of the whole works shall be as specified in the bidding documents.
13. Any bidder may submit the bid either by himself or as a partner in joint venture (J/V) provided that each J/V partner has purchased Bid Documents separately. However, a single Bid document may be purchased by a joint venture of firms by submitting a J/V agreement along with the documents mentioned above for each of the partner firm.
14. All bidders must submit a written declaration according to Rule 40 (2)-e of PPR, 2064. The bidders failing to do so shall not be included in the evaluation process.
15. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. Any further information can be obtained from the office during office hours.
16. In case discrepancy or error in Tender notices, bid document and other document, Water Induced Disaster Management Division Office No. 7, Charikot, Dolakha reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the National daily newspaper/website **http://www.dwidp.gov.np, /www.bolpatra.gov.np** and the notice board of the Division office in Charikot, Dolakha.
17. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
18. Matters not covered by this notice shall be in accordance with Procurement Act 2063(with first amendments) and Procurement Regulation 2064 (with latest amendments).

**River Training Works (Hill-High Hill) at Singati river (Kalinchowk RM-3: Previously named Lamidanda-6 and Bigu RM-4: Previously named Laduk-8) of Dolakha District**

| S.N | Contract No. | Description and location of Program/Activity | Bid Security Amount (NRs.) | Price of Bid Documents Non-refundable Amount (NRs.) | Estimated cost ( Excl. VAT and Contingencies) NRs. |
|---|---|---|---|---|---|
| 1 | WIDM7/SKRTW/ 04/2074-075 | Construction of Concrete Blocks infront of existing RCC Counterfort Retaining Wall, Kalinchowk RM-3, Bigu RM-4, Singati, Dolakha | 4,02,000.00 | 3,000.00 | 1,23,66,388.47 |

**Division Chief**

# आयोगले माग्यो गच्छादारसँग स्पष्टीकरण

काठमाडौं, (नेस)

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भन्दै उपप्रधानमन्त्री एवम् संघीय मामिला तथा स्थानीय विकास मन्त्री विजयकुमार गच्छदार र राज्यमन्त्री अमरसिंह पुनलाई स्पष्टीकरण मागेको छ।

आयोगको शनिबार बसेको बेठकले स्पष्टीकरण सोध्ने निर्णय गरेको हो। उपप्रधानमन्त्री गच्छदार र उहाँ सम्बद्ध नेपाल लोकतान्त्रिक फोरमका नेता कार्यकर्ताहरूले पर्सा जिल्लाको वीरगन्ज महानगरपालिकामा २०-२५ वटा गाडीहरू र १ सय वटाभन्दा बढी मोटरसाइकलसमेतको ऱ्याली/जुलुस निकालेको थियो। सो कार्यले निर्वाचन आचारसंहिता, २०७२ को दफा ५ (१३) र स्थानीय तह निर्वाचन आचारसंहिता, २०७३ को दफा ४ (क) विपरीत रहेको आयोगले जनाएको छ।

आयोगले उपप्रधानमन्त्री गच्छदारलाई २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न पनि पत्राचार गरेको छ। यसैगरी सोही आचासंहिता उल्लंघन गरेको भन्दै वीरगन्ज महानगरपालिकाका नेपाल लोकतान्त्रिक फोरमका तर्फबाट उम्मेदवार विमलप्रसाद श्रीवास्तवलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (४) बमोजिम निजको उम्मेदवारी किन रद्द गर्न नपर्ने हो २४ घण्टाभित्र स्पष्टीकरण माग गरेको छ।

यसैगरी जलस्रोत राज्यमन्त्री अमरसिंह पुनले बाराको जितपुर सिमरा उपमहानगरपालिका ११ फत्तेपुरमा कांग्रेस कार्यकर्तालाई सरकारी गाडीमा राखेर निर्वाचन प्रचारप्रसार गर्दै हिँडेको भन्दै स्पष्टीकरण सोधेको छ।

# बेनी–जोमसोम सडकबाट खसेर बेपत्ता

म्याग्दी, (नेस)

हिमालपारीको जिल्ला मुस्ताङलाई जोड्ने राष्ट्रिय राजमार्ग बेनी-जोमसोम सडकखण्डबाट खसेर दुईजना बेपत्ता भएका छन्। बेनी-जोमसोम सडकखण्डअन्र्तगत म्याग्दीको दानास्थित काभ्रेभीर र भुरुङ-तातोपानीमा सडकबाट खसेर २ जना वेपत्ता भएको जिल्ला प्रहरी कार्यालय, म्याग्दीले जनाएको छ।

अन्नपूर्ण गाउँपालिका-३ दानाको काभ्रेभिरस्थित सडकबाट खसेर शनिबार दिउँसो एक भारतीय तीर्थयात्री र अन्नपूर्ण-२ भुरुङ-तातोपानीको भीरबाट मोटरसाइकलसहित खसेर अर्का एक नेपाली बेपत्ता भएको म्याग्दीका प्रहरी नायब उपरीक्षक वसुन्धरा खड्काले बताउनुभयो।

सडक बिस्तार भइरहेकाले गाडी रोखिएको अवस्थामा गाडीबाट झरी पैदल हिँडेका भारत विहारका ललन शर्मा सडकको डिलबाट खोचमा खसेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार शर्मा प्रसिद्ध मुक्तिनाथ मन्दिरको दर्शन गरी फर्कंदै थिए।

यसैगरी शुक्रबार साँझ भुरुङ-तातोपानीदेखि बेनीतर्फ आउँदै गरेको मोटरसाइकलसहित कालीगण्डकी नदीमा खसेर हेटौंडा उपमहानगरपालिका-१६ का बादल बम्जन बेपत्ता भएको प्रनाउ खड्काले बताउनुभयो।

ग१२प ५३४ नम्बरको मोटरसाइकल चढेर बेनी आउँदै गरेका उनी भुरुङ-तातोपानीको भीरबाट कालीगण्डकी नदीमा खसेका थिए। बम्जनको खोजी जारी राखिए पनि अहिलेसम्म भेट्टाउन नसकेको र चप्पलमात्रै पाइएको प्रहरीको भनाइ छ।

# पत्रिकाको वार्षिक उत्सवमा सम्मान

**नेपाल समाचारपत्र**
पाँचथर

पाँचथरको फिदिमबाट प्रकाशन भइरहेको पब्लिक टाइम्स साप्ताहिकको पाँचौं वार्षिक उत्सवमा विभिन्न व्यक्तिहरुलाई सम्मान गर्दै शनिबार सम्पन्न भयो ।

जिल्लाबाट नियमित प्रकाशन भइरहेको एक मात्र जेठो पत्रिकाले पाँचथरका प्रथम पर्वतारोही सुशील शेर्मा पब्लिक टाइम्सका उत्कृष्ट संवाददाता सहरसिं तामाङ, थर्पू क्याम्पसका प्रमुख दिवा राई र पूर्वाञ्चल फेस हाउसका प्रोपाइटर देवीराम बुरुम्बाङ र तमोर भ्याली गेस्ट हाउसका प्रोपाइटर कुमारी राईलाई सम्मान गरिएको थियो। कार्यक्रममा सरकारी कार्यालयतर्फ सबभन्दा बढी विज्ञापन उपलब्ध गर्ने जिल्ला निर्वाचन कार्यालय पाँचथरलाई पनि सम्मान गरिएको थियो।

कार्यक्रममा पत्रकार महासंघ पाँचथरका सचिव तुलसी थापा, उद्योग वाणिज्य संघ पाँचथरका वरीष्ठ उपाध्यक्ष गोविन्द ढकाल, सम्मानित व्यक्ति पर्वतारोही शेर्मा थर्पू क्यम्पसका प्रमुख दिवा राई सञ्चारिका समूहका अध्यक्ष शान्ति राईलगायतका व्यक्तिहरुले शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रम प्रकाशन समूहका अध्यक्ष तथा प्रकाशक गणेश साम्पाङको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## राज्य...

परिषद्का बोर्ड उपाध्यक्ष बरालले भन्नुभयो- 'अहिलेको भाडादर समयानुकूल भएन भन्ने कुरा हो। हामी यसमा छलफल गर्दै छौं।'

सस्तोमा भाडा दरमा फन पार्कलाई जग्गा दिइएको भन्दै राष्ट्रिय सतर्कता केन्द्रमा उजुरी परेको थियो। उजुरी परेपछि केन्द्रले छानबिन गर्न नियमअनुसार आवश्यक प्रक्रिया पुऱ्याएर बोलपत्र आह्वान गरी भाडामा लिनेदिन निर्देशन दिएको केन्द्रका प्रवक्ता विष्णुराज लामिछानेले बताउनुभयो।

उहाँका अनुसार, परिषद्ले जग्गाको भाडा असमान तरिकाले दिएको भेटिएको उल्लेख छ। फनपार्क, बालउद्यान क्षेत्रभित्र व्यापारिक प्रयोजनका लिइएका जग्गामा धेरै सस्तो देखिएकाले पुनः टेन्डर आह्वान गरी भाडामा लगाउन सुझाव दिएको थियो। तर, अहिलेसम्म पुनः बोलपत्र आह्वान हुन सकेको छैन। ककपरिषद्को आम्दानीको मुख्य स्रोतका रूपमा रहेको भृकुटीमण्डपको जग्गा र घरटहरा रहेको तर व्यवस्थित नरहेकाले व्यवस्थित गरेर परिषद्को आम्दानी थप बढाउन विस्तृतरूपमा कार्ययोजना बनाएर अगाडि बढ्ने महिला बालबालिका तथा समाज कल्याण मन्त्री आशा कोइरालाले बताउनुभयो। फन पार्कलाई सस्तो दरमा भाडामा दिँदा परिषद्लाई उल्टै घाटा भएको स्वीकार्दै यस विषयमा पुनरावलोकन गर्नुपर्ने उहाँले बताउनुभयो।

## छुट्टाछुट्टै...

घाइतेमध्ये १४ जनाको पुरानो मेडिकल कलेज र १० जनाको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ। ५ जनाको अवस्था गम्भीर रहेको रहेको ट्राफिक प्रमुख पन्तले जानकारी दिए। त्यसैगरी नुवाकोटको थानाभञ्ज्याङमा भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या ७ पुगेको छ। दुर्घटनामा २८ जना घाइते भएका छन्। घाइतेहरूलाई थप उपचारका लागि काठमाडौं ल्याइएको छ। काठमाडौंनजिकै रहेको नुवाकोटको खरानीटारमा बा१ख ६३४८ नम्बरको बस शिवपुरी गाउँपालिका-७, थानाभञ्ज्याङमा दुर्घटना भएको हो। दुर्घटनामा ४ जनाको घटनास्थलमै मृत्यु भएको छ भने २ जनाको काठमाडौं ल्याउँदै गर्दा बाटैमा मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय, नुवाकोटकाअनुसार शशी बोगटी, लक्ष्मी न्यौपाने, ठूली माया तामाङ, नवराज विक, सविना तामाङ, लालबाबु तामाङ र उजेली मिजारको मृत्यु भएको छ। घाइतेमध्ये ८ जनाको ग्रान्डी अस्पतालमा उपचार भइरहेको छ। उनीहरूमध्ये नवीन श्रेष्ठ र सरस्वती गिरीको आईसीयूमा र अन्यको हाई केयर युनिटमा उपचार भइरहेको छ। अन्य घाइतेको ग्रिनसिटी अस्पतालमा उपचार भइरहेको छ। उनीहरूमध्ये ३ जनाको अवस्था गम्भीर छ।

## कर्मचारी...

सो नगरपालिकाले औपचारिक निर्णय भएपछि मात्रै कर्मचारी राख्ने उल्लेख गर्दै मन्त्रालयलाई पत्र पठाएपछि मन्त्रालयमा समस्या परेको छ।

शिक्षा मन्त्रालयका सहप्रवक्ता सरस्वती पोखरेलले तीनवटै निकायले मन्त्रालयमा पत्र पठाएर कर्मचारी व्यवस्थापन गर्न कठिन रहेको उल्लेख गरेको जानकारी दिनुभयो।

प्रवक्ता डा. लम्सालले भने जिल्ला शिक्षा कार्यालय तत्काल हस्तान्तरण हुन नसकेको अवस्थामा स्थानीय तहबाटै कर्मचारी व्यवस्थापन गर्न खटाइएको बताउनुभयो।

विवाद भए पनि सबै स्थानीय तहले प्रथम चौमासिक बजेटअनुसार सबै शिक्षकको तलब व्यवस्थापन गरिसकेको छ। उता आफूभन्दा कनिष्ठ कर्मचारी स्थानीय तहको कार्यकारी अधिकृत भएको भन्दै करिब एक दर्जन जिशिअले शिक्षा मन्त्रालयमा निवेदन दिएका छन्।

# अर्थ

पाइपलाइनबाट प्रतिघन्टा १ सय ९१ किलोलिटर पेट्रोल रक्सौलबाट अमलेखगञ्जसम्म आउने छ। पाइपलाइन निर्माण भएपछि ढुवानी खर्चमा निगमको वार्षिक ३६ करोड रुपियाँ बचत हुने बताइएको छ। अहिले रक्सौल-अमलेखगञ्ज रुटमा सञ्चालित २ सय ट्यांकरको वार्षिक ढुवानी खर्च करिब ६० करोड रुपियाँभन्दा बढी छ।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

## JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ भदौ ६ अगस्ट २२ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०१।७६ | १०२।३६ |
| युरो १ का रु. | १२२।७० | १२३।४२ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३४।३५ | १३५।१४ |
| स्विस फ्रन्क १ का रु. | १०७।४८ | १०८।१२ |
| अस्ट्रेलियन डलर १ का रु. | ८२।४६ | ८२।९५ |
| क्यानाडियन डलर १ का रु. | ८४।०५ | ८४।५५ |
| सिङ्गापुर डलर १ का रु. | ७६।१० | ७६।५५ |
| जापानी यन १० का रु. | ९।४७ | ९।५३ |
| चिनियाँ युआन १ का रु. | १५।७५ | १५।८४ |
| साउदी अरब रियाल १ का रु. | २७।१३ | २७।२९ |
| कतारी रियाल १ का रु. | २७।९४ | २८।१० |
| थाई भाट १ का रु. | ३।०७ | ३।०९ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।७० | २७।८७ |
| मलसियन रिङ्गिट १ का रु. | २४।२६ | २४।४० |
| दक्षिण कारियन वन १०० का रु. | ९।०० | ९।०६ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।८६ |
| डनिस क्रानर १ का रु. | १६।४९ |
| हङकङ डलर १ का रु. | १३।०३ |

नोटः वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# दशैंको अग्रिम टिकट बुकिङ मंगलबारबाट

रोविन पौडेल, काठमाडौं

मंगलबारदेखि दशैंको अग्रिम टिकट बुकिङ खुल्ने भएको छ। शनिबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री वीरबहादुर बलायरले व्यवसायीको माग सम्बोधन हुने आश्वासन दिएसँगै यातायात व्यवसायी अग्रिम टिकट बुकिङ खोल्न सहमत भएका हुन्।

बैठकमा यातायात व्यवस्था विभाग, सरोकारवाला तथा व्यवसायीको पनि सहभागिता रहेको थियो। शनिबार बसेको बैठकमा सरकारी पक्षले सार्वजनिक सवारीको वैज्ञानिक भाडादर समायोजनको प्रक्रिया अघि बढाउने तथा यात्रुका सामान छतमा राख्न दिने आश्वासन दिएपछि व्यवसायी बुकिङ खोल्न सहमत बनेका हुन्। सरकारी पक्षले वैज्ञानिक भाडादर कायम गरिने तथा यात्रुका झिटीगुन्टा छतमा राख्न अनुमति दिने बताएपछि व्यवसायी तयार भएको राष्ट्रिय यातायात व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष विजय स्वाँरले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'यात्रुका लगेज छतमा राख्न सरकारले अनुमति दिएको छ। व्यावसायिक प्रयोजनका सामान तथा यात्रु छतमा राखे कारबाहीमा पर्ने सहमति भएको छ।'

मंगलबारबाट नयाँ बसपार्क, गौशाला, बालाजु, कोटेश्वर, कलंकीलगायतका स्थानबाट अग्रिम बुकिङ खुला हुने यातायात विभागका प्रवक्ता डा. टोकराज पाण्डेले जानकारी दिनुभयो। उहाँले दशैंमा यात्रुलाई सुरक्षित तथा सहजरूपमा घर पुऱ्याउन सरकार प्रतिबद्ध रहेको पनि बताउनुभयो। यसमा यातायात व्यवसायीले पनि सहयोग गर्ने उहाँको विश्वास छ।

यसैबीच महासंघले टिकट काउन्टरमा हरियो ज्याकेटलगायका तथा घाँटीमा परिचयपत्र लगायतका आधिकारिक व्यक्तिबाट मात्रै टिकट काट्न आग्रह गरेको छ। महासंघले दशैंको समयमा हुनसक्ने सम्भावित ठगी तथा कालोबजारी तथा अनियमितता कम गर्न यस्तो गर्नुपरेको जनाएको छ। यद्यपि, मौसमको खराबी तथा प्राकृतिक प्रकोपका कारण हुनसक्ने ढिलाइ तथा असुविधाको जिम्मेवारी आफैं लिन पनि आग्रह गरेको छ। महासंघले त्यसो भएको खण्डमा अर्को गाडीको व्यवस्था गरेरै भए पनि यात्रुलाई गन्तव्यमा सुरक्षित पुऱ्याउने विश्वास दिलाउन महासंघका वरिष्ठ उपाध्यक्ष स्वाँरले बताउनुभयो।

बैठकमा सरकारी पक्षले राजमार्गका खाल्डाखुल्डी पुर्ने, कतै गाडी फसे गाडी तान्ने इक्युपमेन्ट तयारी अवस्थामा राख्ने लगायत आश्वासन दिएको थियो।

शनिबारको छलफलमा व्यवसायीले वैज्ञानिक भाडा समायोजन प्रक्रिया अघि नबढेसम्म टिकट बुकिङ नखोल्ने जनाएका थिए। तर, मन्त्री बलायरले व्यवसायीको मागमा विषयमा सरकार गम्भीर रहेको भन्दै दशैंमा यात्रुलाई सहज रूपमा घर जाने वातावरण बनाउन अनुरोध गर्नुभएको थियो।

यसअघि भदौ २२ गते बुकिङ खोल्ने सहमति भए पनि आफ्नो माग पूरा नभएको भन्दै यातायात व्यवसायीले टिकट बुकिङ खोलेका थिएनन्। व्यवसायीको गाडीको छत राख्न पाउनुपर्ने तथा वैज्ञानिक भाडादर कायम गर्नुपर्नेलगायत माग राखेका थिए। यसैबीच भदौ २८ गतेबाट नारायणगढ-मुग्लिन सडक रातको समयमा पनि खुल्ला हुने भएको छ। दशैं, तिहार र छठ पर्वलाई लक्षित गरेर नारायणगढ-मुग्लिन सडक रातमा पनि खुलाउन लागिएको यातायात व्यवस्था विभागले जनाएको हो।

यसविषयमा चितवनमा स्थानीय प्रशासन, प्रहरी, निर्माण कम्पनी तथा सरोकारवालाबीच बिहीबार बसेको बैठकले सो निर्णय गरेको थियो। बैठकले चाडपर्वका बेला सडकलाई यात्रुमैत्री बनाउन विभिन्न निर्णय पनि गरेको जानकारी दिइयो। नारायणगढ-मुग्लिन सडक गत असार २५ गतेदेखि रातको समयमा बन्द गर्ने गरिएको थियो। रातीको समयमा पहिरोको जोखिम बढेपछि सवारी साधन रोकिएको र मौसममा सुधार आएसँगै तथा चाडपर्वलाई मध्यनजर गर्दै रातीको समयमा पनि सडक खुल्ला गर्ने निर्णय गरिएको हो।

बैठकले सडक कालोपत्रे गर्ने कार्य तथा छोटोछोटो दूरीमा आवागमनलाई असर नपर्ने गरी गर्ने, खाल्टाखुल्टी पुर्ने, धुलो उड्ने ठाउँमा पानी छर्कने, रातको समयमा सुरक्षा प्रबन्ध व्यवस्थित गर्ने निर्णय गरेको थियो।

# पेट्रोलियम पाइपलाइनको पिलर गाड्ने काम पूरा

दीपेन्द्र थापा, काठमाडौं

रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन पूर्वाधार निर्माणका लागि अमलेखगन्जसम्म बोर्ड र पिलर गाड्ने काम पूरा भएको छ। पाइपलाइनको कामलाई तीव्रता दिन आपूर्तिमन्त्री शिवकुमार मण्डल र सरोकारवाला निकायका प्रतिनिधिमण्डलसहितको टोलीले यसैसाता स्थलगत भ्रमण गरेको थियो।

भ्रमणमा टोली पाइपलाइन विस्तारको सहजीकरणका लागि अध्ययन गर्दै सम्बन्धित मन्त्रालयसँग समन्वय गर्ने बताइएको छ। अवरोध रहेको ठाउँमा सहजीकरणको लागि पहल गर्नको लागि भ्रमण गरिएको नेपाल आयल निगमका प्रवक्ता वीरेन्द्र गोइतले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

पाइपलाइन विस्तार गरिने क्षेत्रमा घर, टहरा र एउटा अस्पतालसमेत परेको छ। चाँडै नै काम अगाडि बढाउनको लागि गृह मन्त्रालयलाई पहल गरिएको बुझिएको छ। एक महिनाभित्र घर टहरा हटाएर पाइपलाइन बिच्छ्याउनुपर्ने बाध्यकारी प्रावधान रहेको निगमका रक्सौल-अंमलेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजना संयोजक प्रदीप यादवले बताउनुभयो। समयमा काम अगाडि बढ्न् नसके परियोजना निर्माण कम्पनीले आईओसीसँग प्रतिदिन १ करोड रुपियाँ बिलम्ब शुल्क तिर्नुपर्ने नियम छ।

सडकको किनारै किनार पाइलाइन विस्तार गर्नुपर्ने भएकाले सडक विभागलाई ८ करोड रुपियाँ धरौटी बुझाएको छ। भोलिका दिनमा सडक नबिग्रियोस भनेर सो रकम सडक विभागले धरौटी राखेको निगमले जनाएको छ। पेट्रोलियम पदार्थको सहज आपूर्ति गर्नको लागि रक्सौलदेखि अमलेखगन्जसम्म ३६ दशमलव २ किलोमिटर लामो पाइपलाइन आईओसीले निर्माण गरिदिन लागेको हो।

आयोजनाका मेकानिक इन्जिनियर सरोजप्रसाद पौडेलका अनुसार सडकमा रेखांकन गर्नको लागि टर्निङ प्वाइटमा ८१ वटा रातो पिलर (जस्ले पाइपलाइन बाङगो भन्ने संकेत गर्छ ), इन्टरमिडिएट रूपमा ६१ वटा (बीच भाग संकेत गर्छ), मध्य भागमा सेतो पिलर र ४ वटा पहेलो पिलर (वेल्ट मार्ग) गर्ने काम सकिएको छ। कुल २ अर्ब ७५ करोड भारतीय रुपियाँमा परियोजनामा भारतको २ अर्ब र नेपालको ७५ करोड भारतीय रुपियाँ खर्च हुनेछ।

२५ हजारभन्दा बढी रुख कटान गर्नुपर्ने भएपछि वातावरण मन्त्रालयले समेत वातावरण प्रभाव मूल्यांकन (ईआईए) अध्ययन गर्न भनेको आपूर्ति मन्त्रालयका सिफारिस गरेको थियो।

त्यस्तै आयोजना नेपालमा ३६ किलोमिटर र भारतको करिब १ किलोमिटर भू-भागमा पर्नेछ। निर्माण सामग्री, कामदारको सुरक्षाको प्रबन्ध निगमले नै मिलाउनुपर्नेछ। नेपाल आयल निगमका उपकार्यकारी निर्देशक तथा रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजना प्रमुख सुशील भट्टराईले भन्नुभयो- 'हामीले पाइपलाइन निर्माणको लागि वातावरण तयार गर्ने छौं। त्यसपछि आईओसीले निर्माण कार्य थाल्ने छ।'

पाइपलाइनबाट प्रतिघन्टा १ सय ९१ किलोलिटर पेट्रोल रक्सौलबाट अमलेखगन्जसम्म आउने छ। पाइपलाइन निर्माण भएपछि ढुवानी खर्चमा निगमको वार्षिक ३६ करोड रुपियाँ बचत हुने बताइएको छ। अहिले रक्सौल-अमलेखगन्ज रुटमा सञ्चालित २ सय ट्यांकरको वार्षिक ढुवानी खर्च करिब ६० करोड रुपियाँभन्दा बढी छ।

सन् २०१५ को अगस्ट २४ मा नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनबीच सो परियोजना निर्माण गर्ने सहमति भएको थियो। अमलेखगन्जमा भण्डारण क्षमता बढाउने, अग्नी नियन्त्रक, ट्यांकर लोड अनलोड गृह, रिसाकिलिङ प्रयोगशाला, सुविधा सम्पन्न कार्यालय निर्माण हुने निगमले जनाएको छ। जसका लागि निगमले सरकारसँग थप ३३ दशमलब ६ हेक्टर जग्गा माग गरिरहेको निगमले जनाएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाको भदौ ७ मा भएको भारत भ्रमणका क्रममा आपूर्ति मन्त्रालयले पेट्रोलियम पाइपलाइन पूर्वाधार निर्माणललाई विस्तार गर्दै रक्सौलदेखि चितवनको भण्डारसम्मको ६१ किलोमिटर पाइपलाइन निर्माणको लागि थप प्रस्ताव राखेको थियो। सुनौलीसम्म प्राकृतिक ग्यासलाइन बनाउन भारतीय पक्ष सकरात्मक रहेको र अक्टोबरमा शिलन्यास गरिने गरी काम भइरहेका आपूर्ति मन्त्रालयले जनाएको छ।

# फुड बेभरेज एन्ड हस्पिटालिटी मेला शुरू

काठमाडौं, (नेस)

रुस्लान भोड्का फुड, बेभरेज एन्ड हस्पिटालिटी प्रदर्शनी मेला शनिबारदेखि शूरु भएको छ। सोमबारसम्म भृकुटिमण्डपमा चल्ने पाँचौ फुड, बेभरेज एन्ड हस्पिटालिटि मेलामा विभिन्न होटल, रेस्टुरेन्ट, पार्टी प्यालेस, होस्टल तथा भोजनालय आदिको सहभागिता रहेको छ।

मेलामा सेफ, बारटेन्डर होटेल तथा रेस्टुरेन्ट म्यानेजर तथा प्राकुरमेन्ट अफिसरलगायत यस क्षेत्रमा काम गरिरहेका व्यवसायीको पनि सहभागिता रहने छ। प्रदर्शनीमा सुपरमार्केट र किराना पसल व्यवसायी



समेत सहभागी रहेका छन्।

आयोजकका अनुसार प्रदर्शनीमा २ सयभन्दा बढी स्टल रहेका छन्। प्रदर्शिनमा अवलोकनकर्ताले ५ हजारभन्दा धेरै उत्पादन तथा सेवाको जानकारी लिन पाउनेछन्।

यस बाहेक मेलामा बेकरी, स्न्याक्स र तयारी खाजा उत्पादक समेत आउने आयोजकको अनुमान छ। मेलामा फूड फेष्टिबल, बारिष्टा च्याम्पियनसिप, मास्टर सेफ च्यालेन्ज, बेस्ट बेकर कन्टेस्ट, वाइन टेस्टिङ वर्कसपलगायत कार्यक्रम पनि हुने बताईएको छ।

मेला हाउस अफ राजकर्निकारको आयोजनामा हुँदै छ।

# सय दिनमा १२ करोड राजस्व संकलन

भक्तपुर, (नेस)

मध्यपुरथिमि नगरपालिकाका नयाँ जनप्रतिनिधिले सय दिनमा गरेका काम तथा प्रगति सार्वजनिक गरेको छ। पत्रकार सम्मेलन नगरप्रमुख मदनसुन्दर श्रेष्ठले जनप्रतिनिधि आएलगत्तै राजस्व वृद्धिमा उल्लेख्य प्रगति गरेको बताउनुभयो।

नगरपालिकाले आव २०७३७४ मा ६ करोड ७७ लाख २० हजार राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा १९१ दशमलव १७ प्रतिशत राजस्व वृद्धि गरी १२ करोड ९४ लाख ६० हजार रुपियाँ संकलन भएको बताउनुभयो। जबकी आव २०७२७३ मा ७ करोड ३७ लाख ११ हजार राजस्व संकलन भएको थियो। जनप्रतिनिधि आएपछि प्रत्येक वडा अध्यक्षलगायतले राजस्व संकलनमा कडाई गरेपछि ह्वात्तै राजस्व वृद्धि भएको उहाँको दाबी थियो।

त्यसैगरी नगरपालिकाले विनियोजन गरेको कुल ७३ करोड ९८ लाख ८९ हजारको बजेटमध्ये नगरका प्रत्येक वडालाई प्रतिवडा १ करोड ४० लाख रुपियाँको दरले विनियोजन गरेको बताउनुभयो।

त्यस्तै फोहोर व्यवस्थापनका लागि १ वटा फोहोर संकलनको सवारी साधन र एक वटा डोजर खरिद गरेको जानकारी दिँदै नगरको फोहोर अब ओखरपौवा लानु नपर्ने गरी थिमिमै व्यवस्थापन गरिने बताउनुभयो।

नगरलाई सफा गर्न ३६ लाख रुपियाँको बजेट विनियोजन गरी सरसफाई विशेष अभियान सञ्चालन गर्ने बताउँदै उहाँले नगरपालिको सय वटा योजना स्वीकृत गरी विकासका काम अगाडि बढाएको बताउनुभयो। नगरप्रमुख श्रेष्ठले उपभोक्ता समितिमार्फत् विकास निर्माणका काम गरिने, सार्वजनिक एवम् पर्ति जग्गाको पहिचान गरी संरक्षण गर्न १ करोड बजेट विनियोजन गरेको बताउनुभयो।

जिल्लाका विभिन्न विषयगत कार्यालयबाट आएका ६१ जना कर्मचारीलाई आ-आफ्नो कार्यकक्षको व्यवस्थासहित कार्य शुरू गराएको बताउनुभयो। नगरपालिका सञ्चालनका लागि विभिन्न निर्णय, आदेश, र अधिकारपत्रको प्रमाणिकरण, कार्यविभाजन नियमावली, कार्यसम्पादन नियमावली, कार्यपालिका बैठक सञ्चालन कार्यविधि, नगरसभा बैठक सञ्चालन कार्यविधि निर्माण गरेको बताउनुभयो।




> स्वस्थ, राम्रो र आधुनिक भुक्तानी प्रणाली बनाउनु राष्ट्र बैंकको एउटा उद्देश्य रहेकाले अन्यभन्दा एक कदम अगाडि रही यो उद्देश्य हासिल गरेकोमा धन्यवाद दिन चाहन्छु।' नयाँ भुक्तानी प्रणालीले व्यवसायम नयाँ अवसर समेत सिर्जना गरेको उहाँ दाबी छ।

# पहिलोपटक विद्युतीय भुक्तानी प्रणालीको शुरूवात

**नेपाल समाचारपत्र**
काठमाडौं

नबिल बैंकले विद्युतीय कारोबारमा सहजीकरण गर्ने विद्युतीय भुक्तानी प्रणाली शुरूवात गरेको छ। बैंकको नेपालमै पहिलोपटक थ्रिडी सुरक्षित वातावरणमा विद्युतीय कारोबारको शुभारम्भ नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जीवी नेपालले गर्नुभएको हो।

इलेक्ट्रोनिक पेमेन्ट गेटवेको शुरूआतसँगै अब नेपाली व्यवसायीले नेपाल तथा विदेशमा जारी गरिएका भिसा, मास्टरकार्ड वा युनियन पे इन्टरनेसनल ब्रान्डका कुनै पनि कार्डमार्फत भुक्तानी स्वीकार गरी वस्तु तथा सेवा सुरक्षित वातावरणमा अनलाइन बिक्री गर्न सक्ने भएका हुन्।

सेवाको उद्घाटन गर्दै गभर्नर डा. नेपालले सरकार र राष्ट्र बैंकको विद्युतीय कारोबारलाई प्रोत्साहन गर्ने उद्देश्यमा बैंकको यस सेवा देशमा डिजिटल बैंकिङ सेवालाई अर्को स्तरमा प्रवर्द्धन गर्नका लागि कोशेढुंगा सावित हुने बताउनुभयो।

नेपालका ४० प्रतिशत जनता अझै बैंकिङ च्यानलमा आउन नसकेको बताउँदै उहाँले नयाँ पद्दतिले सबैलाई समेट्ने बताउनुभयो। गभर्नर डा. नेपालले राष्ट्र बैंकले सरकारसँग मिलेर पेमेन्ट गेटवे स्ट्राटेजी बनाइसकेकाले त्यसको कार्यान्वयनमा तत्काले काम गर्न शुरू गरिने पनि बताउनुभयो।



उहाँले राष्ट्र बैंक दुई वर्षदेखि इलेक्ट्रोनिक पेमेन्ट गेटवेका लागि गरिरहेको पनि बताउनुभयो।

उहाँले भन्नुभयो-'स्वस्थ, राम्रो र आधुनिक भुक्तानी प्रणाली बनाउनु राष्ट्र बैंकको एउटा उद्देश्य रहेकाले अन्यभन्दा एक कदम अगाडि रही यो उद्देश्य हासिल गरेकोमा धन्यवाद दिन चाहन्छु।' नयाँ भुक्तानी प्रणालीले व्यवसायम नयाँ अवसर समेत सिर्जना गरेको उहाँ दाबी छ।

अन्तर्राष्ट्रिय अनलाइन भुक्तानीलाई प्रत्यक्ष सहजीकरण गर्दै यस सेवाले नेपालको निर्यात तथा पर्यटन उद्योगलाई सघन रूपमा प्रवर्द्धन गर्न सहयोग नयाँ सेवाले पुऱ्याउने नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत सशिन जोशीको दाबी छ। उहाँले नयाँ भुक्तानी प्रणालीले प्रत्यक्ष रूपमा विदेशी मुद्रा आर्जन गर्न सहयोग पुऱ्याउने पनि बताउनुभयो। 'यो सेवाले भुक्तानीको क्षेत्रमा रहेको रिक्ततालाई पूर्ण गर्नेछ र अन्तर्राष्ट्रिय भुक्तानीमा डिजिटल कारोबारको प्रवर्द्धन गर्न सहयोग मात्र नभई आन्तरिक विद्युतीय व्यापार कारोबारलाई समेत सहयोग पुऱ्याउनेछ।' जोशीको भनाइ छ।

कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. शंकर शर्माले इलेक्ट्रोनिक पेमेन्ट गेटवेले ई-कमर्सको प्रवर्द्धन गर्ने बताउनुभयो। उहाँले यो नयाँ प्रणाली नेपाल भित्रिनुले जनजीवन अझ सहज हुने बाटो खुलेको दाबी पनि गर्नुभयो। शर्माले सरकारले ई-कमर्सको स्ट्रोटेजी बनाइसकेको तर बाहिर आउन मात्र बाँकी रहेको पनि जानकारी दिनुभयो।

कार्यक्रमका अर्का वक्ता नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष दिगम्बर झाले प्राधिकरणको सन् २०१८ भित्रै १ एमबीपीएसको ब्रोडब्यान्ड इन्टरनेट सेवा पुऱ्याउने लक्ष्यले इलेक्ट्रोनिक पेमेन्ट गेटवेको विस्तामा टेवा पुऱ्याउने बताउनुभयो।

इलेक्ट्रोनिक पेमेन्ट गेटवे सेवामार्फत व्यवसायी र ग्राहकले ई-कमर्स कारोबार घर वा कार्यालयबाटै सुगमरूपमा प्राप्त गरी लाभ प्राप्त गर्न सक्ने बैंकले जनाएको छ।

नबिल बैंकले आर्थिक वर्ष २०७३/७४ मा बैंकिङ उद्योगमै ३ अर्ब ६१ करोड रुपियाँ उच्चतम् मुनाफा गर्न सफल भएको छ। बैंकले गत आर्थिक वर्षको खुद मुनाफाबाट ३० प्रतिशत बोनस शेयर र १८ प्रतिशत नगद लाभांश गरी जम्मा ४८ प्रतिशत लाभांशको घोषणा गरेको छ। बैंकको साधारण सभा यही असोज १० गते हुँदैछ।

# पल्सर स्पोर्टस अवार्डको तयारी पूरा

नेपाल खेलकुद पत्रकार मञ्चले भदौ २६ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा गर्न गइरहेको पल्सर स्पोर्टस अवार्डको सम्पूर्ण तयारी पूरा गरेको छ।

नेपाली खेलकुद क्षेत्रकै प्रतिष्ठित पुरस्कारको रूपमा रहेको स्पोर्टस अवार्ड अन्तर्गत मञ्चले बर्ष २०७३ मा खेलक्षेत्र मार्फत नेपाललाई बिश्वमै चिनाउन सफल खेलाडी तथा यस क्षेत्रमा योगदान दिदै आइरहेका व्यक्तित्वहरूलाई सम्मान गर्न गइरहेको हो।

आज एक समारोहकाबीच मञ्चले अवार्डको लागि सम्पूर्ण तयारी पूरा रहेको जानकारी दिएको थियो। समारोहमा राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशव कुमार विष्ट, पूर्व अवार्ड विजेता पारस खड्का र दीपक विष्ट तथा नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले अवार्डको महत्त्वका बारेमा प्रकाश पार्दै मञ्चलाई शुभकामना दिएका थिए। राखेप सदस्य सचिव केशव कुमार बिष्ट : बजाज पल्सर स्पोर्टस अवार्डलाई जान्नको लागि यसको नाम नै काफी छ। यो एउटा ऐतिहासिक महत्व बोक्ने दुरगामी पुरस्कार सम्मान हो। यो पुरस्कार जित्ने हरेक खेलाडीको एउटा सपना हुन्छ र मलाई लाग्छ यसको भब्य सफलताको लागि नेपाल सरकार र राखेपले जति सक्दो त्यति सहयोग गर्नु पर्छ। राष्ट्रिय खेलकुद परिषद् आउँदो वर्ष यस पुरस्कार सम्मानको लागि बजेट छुटाउनका लागि तत्पर भएर लाग्नेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठ : यो नेपाली खेलकुदकै सबैभन्दा लोकप्रिय सम्मान हो। मञ्चले सधै नयँ प्रयोग गर्दै आइरहेको छ र यसपटक पनि केहि नयाँ देख्न मिल्नेमा म विश्वस्त छु। जसरी नेपाली महान चाड दशैं र तिहारका लागि कुरिरहेका हुन्छन् त्यसरी नै खेलाडी यो समारोहका लागि कुरिरहेका हुन्छन्।




किर्तिमानी तेक्वान्दो खेलाडी दीपक विष्ट : एउटा सानो कोठाबाट शुरू भएको वर्ष खेलाडी सम्मान आज जुन स्थितिमा छ त्यो अकल्पनीय नै छ। म यसलाई राष्ट्रिय पुरस्कार भन्न रुचाउँछ। यही पुरस्कारका कारणले नै खेलाडीलाई अझ बढी मिहिनेत गर्ने प्रोत्साहन मिलेको छ।

राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्का : म सानै थिए जब म पहिलोपटक युवा खेलाडीको मनोनयनमा परेको थिए। त्यति बेला पुल्चोकमा एउटा सानो हलबाट यो पुरस्कारको शुरूवात भएको थियो र आज जसरी भब्य भएको छ यसले मञ्चले खेल र खेलाडी प्रति देखाएको लगाव र आफुले गरेको मिहिनेतलाई स्पष्ट पार्छ। बर्ष खेलाडी पुरस्कार भनेको नेपाली खेलाडीहरूको उपलब्धीको सहि सम्मान हो।

स्पोर्टस अवार्ड अन्तर्गत मञ्चले बर्ष खेलाडी पुरुष, महिला तथा युवा, बर्ष प्रशिक्षक, पिपुल्स च्वाइस अवार्ड, लाइफ टाइम अचिभमेन्ट, पारा एथ्लिट र स्पेशल अवार्ड मार्फत सम्मान गर्नेछ। बर्ष खेलाडी युवा, बर्ष प्रशिक्षक तथा पिपुल्स च्वाइसका मनोनयनहरू यसअघिका कार्यक्रमहरू मार्फत सार्वजनिक भैसकेका छन् भने अन्य बिधाका बिजेताहरू समारोहको दौरान नै घोषणा गरिनेछ।

पिपुल्स च्वाइस अवार्ड बाहेक अन्य सबै बिधाका बिजेताहरू मञ्चको खेलाडी छनोट समिति र कार्य समितिले गर्नेछ। पिपुल्स च्वाइस अवार्डको बिजेता एसएमएस भोटिङ मार्फत गरिने जानकारी मञ्चले दिएको छ। यसअघि उत्कृष्ट खेलाडी पुरुष, महिला र पिपुल्स च्वाइस अवार्डका बिजेतालाई बजाज पल्सर मोटरसाइकल दिइदै आइएको थियो भने यस बर्ष बर्ष प्रशिक्षकलाई पनि मोटरसाइकल प्रदान गरिनेछ। अन्य बिजेताहरूले नगद रु ५० हजार प्राप्त गर्नेछन्।

हंसराज हुलास चन्द एण्ड कम्पनी प्रा. लि. को मुख्य प्रायोजन रहेको पल्सर स्पोर्टस अवार्डमा इन्टरनेशनल सोसाइटी फर मेडिकल एजुकेशन, सुर्य नेपाल प्रा. लि., रुस्लान फुटबल, साहस स्पोर्टस, रोयल सिंगी होटल, डिस मिडिया नेटवर्क लिमिटेडको डिस होम एक्सन स्पोर्टस, टिएचटी लाइभ ३३१३१, राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटि, एभरेष्ट बैंक र एभिन्युज टेलिभिजन साझेदारको रूपमा रहेका छन्।







# नाडाल यूएस ओपनको फाइनलमा


२ घण्टा ३१ मिनेटमा डेल पोट्रोलाई हराएपछि खुसी हुँदै राफाल नाडाल

न्युयोर्क, (एजेन्सी)

शीर्ष वरीयताका राफाल नाडालले अर्जेन्टिनाका हुआन मार्टिन डेल पोट्रोलाई हराएर न्युयोर्कमा जारी यूएस ओपनको फाइनलमा स्थान बनाएका छन्।

स्पेनी खेलाडीले रोजर फेडेररलाई हराएका डेल पोट्रोलाई ४-६, ६-०, ६-३, ६-२ ले हराएका हुन्। ३१ वर्षीय नाडालले तेस्रो यूएस ओपन तथा १६औं ग्रान्डस्लाम उपाधिका लागि आइतबार केभिन एन्डरसनसँग खेल्नेछन्। नाडालकै उमेरका दक्षिण अफ्रिकाका खेलाडी एन्डरसनले यसअघि आर्थर एस स्टेडियममा पाब्लो कारेनो बस्टालाई हराएका थिए। उनले ४-६, ७-५, ६-३, ६-४ ले खेल जितेपछि अल स्पेनी फाइनल हुनबाट वञ्चित गरे।

विश्व वरीयतामा ३२औं स्थानमा रहेका एन्डरसन फ्लसिङ मिडोजमा १९७३ देखि रेन्किङ परिचित गरेदेखि पुरुष सिंगल्स फाइनलमा पुग्ने तल्लो वरीयता खेलाडी हुन्। नाडालसँग उनले चारै भेटमा खेल गुमाएका छन्।

# नेपाल साबा बास्केटबलमा तेस्रो

काठमाडौं, (नेस)

घरेलु टोली नेपाल साबा यु-१६ पुरुष बास्केटबल प्रतियोगितामा शनिबार तेस्रो भएको छ। दक्षिण एसियाली ५ राष्ट्र सहभागी सिंगल राउन्ड रोबिन लिगका आधारमा भएको प्रतियोगितामा ६ अंक जोड्दै नेपाल तेस्रो भएको हो। नेपालले पाँच टोली सहभागी प्रतियोगितामा २ जित र २ हार बेहोरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको प्रतियोगिताकै अन्तिम खेलमा नेपालले माल्दिभ्सलाई १०३-४१ ले पराजित गरेको थियो। नेपालको जितमा गेल्चेन शेर्पाले सर्वाधिक २५ अंक योगदान गरे। अघिल्ला तीन खेलमा सर्वाधिक स्कोर गर्दै आएका अभिषेक सिंहले नेपालको स्कोर बोर्डमा २० अंक जोडेका थिए।

नेपाल बास्केटबल संघद्वारा आयोजित प्रतियोगितामा अपेक्षा गरिएझैं भारतले उपाधि जित्यो। आफ्नो अन्तिम खेलमा प्रतियोगिताको एक मात्र अपराजित टोली भारतले भुटानलाई १३१-५० ले हरायो। विजयी टिमका लागि प्रिन्स पाल सिंहले २० स्कोर गरे। उपाधिसँगै भारतले अक्टोबरमा मलेसियामा हुने पाँचौं एसियाली यु-१६ पुरुष बास्केटबलमासमेत स्थान पक्का गरेको छ। बंगलादेश ७ अंकसाथ दोस्रो, भुटान ५ अंकसाथ चौथो र माल्दिभ्स ४ अंकसाथ पाँचौं भए।







# केसीटीसी च्याम्पियन

काठमाडौं, (नेस)

प्रथम गणेशबहादुर-प्राणमाया चित्रकार स्मृति कप यु-१९ क्रिकेट प्रतियोगिताको उपाधि काठमाडौं क्रिकेट ट्रेनिङ सेन्टर (केसीटीसी) ले जितेको छ।

शनिबार टुँडिखेलमा भएको फाइनल खेमला हिमालयन क्रिकेट एकेडेमीलाई १२ रनले हराउँदै उपाधि पक्का गरेको हो। नेक्सस क्रिकेट एकेडेमीको आयोजनामा भएको प्रतियोगिताको फाइनलमा केसीटीसीले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १ सय ८ रन बनाएको थियो। टोलीका म्यान अफ द म्याच घोषित विवेक रानाले सर्वाधिक ३० रन बनाए। त्यस्तै प्रतियोगिताका बेस्ट ब्याटस् म्यान घोषित आदिल खानले २७ रन जोडे। जवाफी ब्यटिङ मा उत्रेको हिमालयन २० ओभरमा ७ विकेटको क्षतिमा ९६ रनमा रोकिएको थियो। टोलीका पवन कार्कीले ३७ रन बनाएका थिए। उनी म्यान अफ द सिरिज घोषित भए। हिमालयनका प्रतिश जीसी बेस्ट बलर घोषित भएका थिए।

## धरहरा

### प्रहरी नै नेताभक्त भएपछि...



प्रहरी प्रमुख परिर्वतन गर्ने खेल शुरु भएको समाचारले फेरि प्राथमिकता पाएको देखेपछि धरहरालाई लाग्न थालेको छ। प्रहरी संगठन त सरकारको रखेलजस्तो पो छ त। चाहेको बेला मोजमस्ती गर्ने काम सकिएपछि लात हानेर निकाल्ने। हैन किन यो संगठन नेताहरूको रखैल बन्ने गरेको छ भनेर धरहराले यसो सोच्ने गरेको त संगठनका हाकिमहरूले नेतालाई रखेल बनाइदेउ भन्दै जाँदा रहेछन्। सरकारी मान्छे र नेताले उनीहरूलाई रखैल बनाउँदा रहेछन्।

अहिले फेरि प्रहरी महानिरीक्षक फेरेर अर्कालाई महानिरीक्षक बनाउने दाउमा सुदूरपश्चिमका एक हाकिमले सुदूरपश्चिमकै प्रधानमन्त्रीलाई दिनदिनै गएर मन्त्रणा गरेपछि प्रहरी महानिरीक्षक परिवर्तन हुने सम्भावना बढेको हो कि भन्ने महसुस धरहराले पनि गरेको छ। ती सुदूरपश्चिमका ती हाकिमले आफू प्रहरी प्रमुख बन्न लागेको फरमान जारी गर्न आफ्ना आसेपासेहरू लगाएपछि आसेपासेले पत्रिकाको कार्यालयमा गएर समाचार टिपाउन थालेको दृश्य धरहराबाट देखियो है पाठकवृन्द। हैन जसलाई जतिखेर मन लाग्यो त्यति खेर नै प्रहरी प्रमुख बन्न मन लाग्यो भन्दैमा संगठनको रीति त बिगार्न भएन नि ? कि कसो।

# एपेक्स फुटबलमा १३ टोली

काठमाडौं, (नेस)

एपेक्स लाइफ स्कुलको आयोजनामा दोस्रो एपेक्स लाइफ यु-१२ अन्तरविद्यालय फुटसल प्रतियोगिता आइतबारदेखि शुरु हुँदै छ। प्रतियोगितामा १३ ब्वाइज टिमको सहभागिता रहने एपेक्सका ईसीए इन्चार्ज प्रेमसुन्दर होनाले शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। सहभागी टिमलाई ४ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ। आयोजकका अनुसार प्रतियोगिता सञ्चालन गर्न करिब २ लाख रुपियाँ खर्च हुनेछ। पहिलो संस्करणमा विद्या संस्कारले संस्कृतिलाई फाइनलमा पराजित गर्दै उपाधि जितेको थियो।

# खेलाडीलाई स्पोर्ट्स किट्स



काठमाडौं, (नेस)

नेपाल वादोरियो कराते संघले १२औं सीजी निसी मुरु मात्सुरी अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा सहभागी हुने आफ्ना खेलाडीलाई ट्र्याकसुट र खेल सामग्री प्रदान गरेको छ।

जापानको फुकुवोकामा सेप्टेम्बर १७ तारिखमा हुने प्रतियोगितामा ४ खेलाडीसहित ७ सदस्यीय नेपाली टोली सहभागी हुँदै छन्। पुरुषको ५० केजीमा पुरुषोत्तम पोखरेल, ४५ केजीमा विकबहादुर थामी र ३५ केजीमा कुइसाङ लामाले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। महिलाको ५० केजीमा रिमला राईले नेपालको प्रतिनिधित्व गर्नेछिन्। उनीहरूलाई नेपाल कराँते महासंघका महासचिवसमेत रहेका नेपाल वादोरियो कराते संघका अध्यक्ष हरिशरण केसीले एक कार्यक्रमबीच सामग्री हस्तान्तरण गरे।

# एपीएफ र मनाङ फाइनलमा

चितवन, (नेस)

नारायणगढ क्याम्पचौरमा जारी 'प्रथम ई-प्लानेट जेसिज कप-२०७४' अन्तर्गत शनिबार भएको खेलमा विजय युथ क्लब हेटौंडालाई २-० ले हराउँदै मनाङ-मर्स्याङ्दी क्लब फाइनलमा प्रवेश गरेको छ।

उपाधिका लागि एपीएफ र मनाङ-मर्स्याङ्दी भिड्ने भएका छन्। मनाङका तर्फबाट ५५ मिनेटमा अञ्जन विष्टको कर्नर प्रहारलाई रिबाउन्डमार्फत् विमल रानाले पोस्टको दिशा दिएका थिए। त्यस्तै ७८औं मिनेटमा विमलको पासमा सुजल श्रेष्ठले गोल गरे। प्लेयर अफ दि म्याच घोषित मनाङका नवीनले नगद ५ हजार प्राप्त गरे।

यसअघि शुक्रबार भएको खेलमा सुदूरपश्चिमाञ्चल ११-३ गोलले पराजित गर्दै विभागीय टिम एपीएफ फाइनलमा प्रवेश गरेको थियो। प्रतियोगितामा पहिलो हुने टिमले नगद ३ लाख ५० हजार र ट्रफी तथा दोस्रो हुने टिमले नगद १ लाख ७५ हजार र ट्रफी पाउनेछन्।

# सिटी ह्यान्डीक्राफ्टलाई उपाधि




काठमाडौं, (नेस)

दोस्रो ताम्रकार फुटसल प्रतियोगिताको उपाधि सिटी ह्यान्डीक्राफ्टले शनिबार जितेको छ। सिटी ह्यान्डीक्राफ्टले धोबीघाटमा भएको फाइनल खेलमा द हेरिटेज नेपाललाई १-० गोलअन्तरले हराएको हो। यसअघि सेमिफाइनल खेलमा च्याम्पियनले ताम्र मेटल वर्क्सलाई ६-१ ले हराएको थियो।

प्रतियोगितामा आशिष ताम्रकार उत्कृष्ट खेलाडी घोषित भए। त्यस्तै सनिध्य चित्रकार उत्कृष्ट गोलकिपर, लिउसन राजकर्णिकार शीर्ष गोलकर्ता र श्रेयश ताम्रकार प्रेसिडेन्ट्स च्वाइसको उत्कृष्ट खेलाडी बनेका थिए।

# जिमखानाका प्रणय मिस्टर काठमाडौं

काठमाडौं, (नेस)

जिमखानाका प्रणय शाहीले दोस्रो मिस्टर काठमाडौं शारीरिक सुगठन प्रतियोगिताको उपाधि शनिबार जितेका छन्। उनले विभिन्न ५ तौलसमूहमा पहिलो भएका प्रतिद्वन्द्वीलाई पराजित गर्दै उपाधि जितेका हुन्।

जमलस्थित राष्ट्रिय नाचघरमा भएको प्रतियोगिताको ७५ केजीमाथि प्रणय पहिलो हुँदै फाइनल चरणमा प्रवेश गरेका थिए। ५५ केजीमा मसल्स मेनियाका अवाज प्याकुरेल, ६० केजीमा न्यु फ्लेक्स एन्ड फिट्नेसका रमेश कार्की, ६५ केजीमा सुरेश मुनिकार र ७० केजीमा मसल्स एन्ड फिट्नेसका अमितकुमार मण्डल पहिलो भएका थिए। अमितले बेस्ट पोजरको उपाधि पनि हात पारे।

प्रणयले मिस्टर काठमाडौंका लागि १ लाख र तौलसमूहमा पहिलो भएबापत छुट्टै नगद १० हजार पुरस्कार हात पारे। अन्य तौलसमूहमा पहिलो हुने पनि १० हजार नगद पुरस्कार हात पारे। दोस्रोले ५ र तेस्रोले ३ हजार नगद हात पारे। मिस्टर काठमाडौंमा ८१ प्रतिस्पर्धी सहभागी थिए।

दोस्रो महिला एथ्लेटिक्स फिजिक्समा नेपाल व्यायाम मन्दिरकी रजनी श्रेष्ठ पहिलो भइन्। मसल्स वर्ल्डकी शोभा मानन्धर दोस्रो र सेप्स टु फिट्नेस एन्ड जिमकी सन्ध्या श्रेष्ठ तेस्रो भए। ११ प्रतिस्पर्धी सहभागी महिलाको विजेताले २० हजार, उपविजेताले १० हजार र तेस्रोले ५ हजार नगद पुरस्कार पाए।

काठमाडौं जिल्ला शारीरिक सुगठन तथा फिट्नेस संघद्वारा आयोजित प्रतियोगिताअन्तर्गत प्रथम जुनियर मिस्टर काठमाडौंको उपाधि फिट्नेस फस्ट जिमका दामोदर श्रेष्ठले जिते। न्यु बुल्स जिमका जोन भण्डारी दोस्रो तथा फ्लेक्स जिमका सुजन गुरुङ तेस्रो भए। शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २० हजार, १० हजार र ५ हजार नगद पुरस्कार हात पारे। यु-२१ उमेरसमूहको प्रतिस्पर्धामा २१ खेलाडी सहभागी थिए।


मिस्टर काठमाडौं उपाधि विजेता प्रणय शाही मसल्स प्रदर्शन गर्दै।

# रेडबुल फुटसल लिगको फाइनल आज

काठमाडौं, (नेस)

राजधानीमा जारी रेडबुल राष्ट्रिय फुटसल लिग प्रतियोगिताअन्तर्गत फाइनल खेल आज हुँदै छ। उपाधिका लागि किकअफ फुटसल र शंखमूल फुटसलले आमनेसामने हुनेछ। सेमिफाइनल खेलमा किकअफले एरेना फुटसल बौद्धलाई ७-४ गोलअन्तरले हरायो।

त्यस्तै अर्को सेमिफाइनल खेलमा शंखमूलले प्रतियोगिताकै अपराजित टोली सामाखुसी फुटसललाई ८-२ गोलअन्तरले पन्छाएको थियो। सामाखुसी प्रतियोगितामा अपराजेय भएको टोलीसमेत हो। शंखमूलले गत वर्ष होम एन्ड अवेको रेडबुल फुटसल लिगको उपाधि जितेपछि दोस्रो उपाधिका लागि खेल्दै छ।

यो प्रतियोगिता आगामी अक्टोबर १३ देखि २२ तारिखसम्म इरानमा हुने एएफसी फुटसल च्याम्पियनसिपमा सहभागिता गराउने खेलाडी छनोटको रूपमा पनि सञ्चालन भएको छ। आज हुने विजेताले ५ लाख प्राप्त गर्नेछन्। यस्तै उपविजेताले २ लाख ५० हजार प्राप्त गर्नेछ। यस्तै उत्कृष्ट गोलरक्षक, डिफेन्स, फरवार्ड र मिडफिल्डर र प्रशिक्षकले समान २०-२० हजार प्राप्त गर्नेछन्।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ